# महालक्ष्मी राजपत्र

**खण्ड ८, संख्या ६**

**भाग २**

## महालक्ष्मी नगरपालिका, ललितपुरको
## कृषि विकास तथा पशुपन्छी सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

(नगर कार्यपालिकाबाट २०८१/०५/३१ मा स्वीकृत)

प्रकाशित मितिः २०८१/०६/०७

महालक्ष्मी नगरपालिका, नगरकार्यपालिकाको कार्यालायबाट मुद्रित

# कृषि विकास तथा पशुपन्छी सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

महालक्ष्मी नगरपालिकाले कृषि क्षेत्रलाई सम्वृद्धिको आधार मानेको छ । नगरपालिकालाई आर्थिक रुपमा समृद्धि तर्फ लैजान सहयोग पुर्याउने बिभिन्न बिषयगत क्षेत्र मध्ये एउटा प्रमुख सम्भागको रुपमा रहेको कृषि क्षेत्रलाई समय सापेक्ष कृषि र पशु क्षेत्रको व्यवसायीकरण, औद्योगिकीकरण, विविधिकरण र आधुनिकीकरणमा सहयोग पुर्याउनका लागि कृषि कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन जरुरी छ । कृषिमा आधुनिकीकरण, व्यवसायीकरण, औद्योगिकरण गरी नागरिकको आय वृद्धि गर्न तथा रोजगारी सृजना गरि आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्धनमा टेवा पुर्याउनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २, ण दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी यो कृषि विकास तथा पशुपन्छी सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ तर्जुमा गरिएको छ ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम कृषि विकास तथा पशुपन्छी सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ सम्झनु पर्दछ ।

(ख) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले महालक्ष्मी नगरपालिकाको कृषि विकास तथा पशुपन्छी सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०८१ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले महालक्ष्मी नगरपालिका ललितपुरलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले महालक्ष्मी नगरपालिका ललितपुरको नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "नगरप्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "नगर उपप्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ।

(च) "समिति" भन्नाले कृषि क्षेत्र हेर्ने गरी गठित कृषि व्यवसाय प्रवर्धन समितिलाई सम्झनु पर्दछ ।

(छ) "संयोजक" भन्नाले विषयगत समितिको संयोजक सम्झनु पर्छ ।

(ज) "वडा कार्यालय" भन्नाले महालक्ष्मी नगरपालिकाका अन्तरगका वडा कार्यालयहरुलाई सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ञ) "शाखा प्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको कृषि विकास र पशुसेवा शाखा प्रमुखलाई सम्झनु पर्छ ।

(ट) "अनुदान" भन्नाले यस कार्यविधि अन्तर्गत अनुदानग्राहीलाई दिईने नगद तथा जिन्सी अनुदान सम्झनु पर्छ।

(ठ) "कार्यक्रम" भन्नाले महालक्ष्मी नगरपालिकाबाट स्वीकृत कृषि र पशु सेवा तर्फका कार्यक्रमलाई सम्झनु पर्छ ।

(ड) "कृषक समूह" भन्नाले नगरपालिका क्षेत्र भित्रका गाउँ टोलमा कृषि तथा पशु पालनलाई व्यवसायीकरण गर्न कृषकहरु मिलि बनेको नगरपालिकामा दर्ता नविकरण गरेको समूहलाई सम्झनु पर्छ ।

(ढ) "अनुदानग्राही" भन्नाले अनुदान प्राप्त गर्न छनोट भएका कृषक कृषक समूह निजी कृषि तथा पशु पालन फर्म र कृषि सहकारीहरुलाई सम्झनु पर्छ ।

(ण) "व्यवसायिक कृषि फर्म" भन्नाले नगरपालिका क्षेत्र भित्र कृषिलाई व्यवसायीकरण गर्न कृषकले संचालन गरी नगरपालिकामा दर्ता तथा नविकरण गरेको कृषि फर्मलाई सम्झिनु पर्छ ।

(त) "लक्षित समूह" भन्नाले अनुदान प्राप्त गर्न छनोट भएको कृषक समूह, निजी कृषि तथा पशुपालन फर्म, तथा कृषकहरुलाई सम्झिनु पर्छ ।

(थ) "कृषि क्षेत्र" भन्नाले कृषि तथा पशु सेवासंग सम्वन्धित तरकारी, खाद्यान, फलफूल बालीनाली, घाँसका उन्नत बीउविजन, वेर्ना ,कृषि सामग्री, औजार उपकरण, चिस्यान तथा संकलन केन्द्र, रासायनिक र प्राङ्गारिक मल, किटनाशक जैविक तथा अन्य विषादी, साना सिंचाई, कृषि लगानी, कृषि सहकारी, कृषि हाटवजार, कृषि प्रसार, कृषक समूह, उन्नत नश्ल (साढे, राँगो, बोका, भाले, कालिज, टर्की र अन्य), खोप, औषधी, उपचार सामग्री, प्रयोगशाला मेशिन तथा सामग्री, टेष्ट किट, पुष्प, मत्स्य, मौरी तथा च्याउसंग सम्बन्धित घार गोला आदी सामग्रीहरु तथा कृषि र पशु जन्य मुल्य श्रृंखला समेतलाई सम्झनु पर्दछ ।

(द) सहकारीः सहकारी भन्नाले महालक्ष्मी नगरपालिका भित्र कार्यक्षेत्र रहेका र संस्थाको बिनियमा कृषि तथा पशुपालनका कृयाकलापहरु संचालन गर्ने उद्धेश्य रहेका सहकारी संस्थाहरुलाई सम्झनु पर्दछ ।

## ३. उद्देश्यहरुः

**(१) यस कार्यविधिका उद्देश्य देहाय वमोजिम हुनेछन ।**

(क) कृषि तथा पशु सेवाका कार्यक्रम संचालन प्रकृयालाई सरल, छिटो छरितो, प्रभावकारी मितव्ययिता एवं पारदर्शी बनाउन मद्दत गर्ने ।

(ख) स्थानीय सरकारको रुपमा यस नगरपालिकालाई कृषक मैत्री बनाउदै लैजाने ।

(ग) नगर स्तरबाट संचालन हुने कृषि तथा पशु सेवाका कार्यक्रमहरुलाई सञ्चालन तथा मार्ग दर्शन प्रदान गर्ने ।

(घ) प्रत्येक नागरिकलाई कृषि तथा पशुजन्य उपज, सन्तुलित आहार, स्वस्थ जीवन जिउन प्रेरित गर्ने ।

(ङ) नागरिकको आय वृद्धि, रोजगारी सृजना तथा खाद्य सुरक्षा, तरकारी तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउने ।

(च) नागरिकको आम्दानी, रोजगारी सँगै पर्यटन विकासमा जोड्दै कृषि उत्पादन पकेट क्षेत्रका रुपमा नगरपालिकालाई स्थापित गर्ने ।

(छ) आधुनिक कृषि प्रणाली अवलम्वन गरी उत्पादकत्व बृद्धिका साथै कृषिमा आधारित उद्योग सञ्चालनमा प्रेरित गर्दै रोजगारी सिर्जना गराउने।

(ज) कृषि व्यवसायमा थप लगानी गर्ने वातावरण सिर्जना गरी रोजगारी वृद्धि गर्ने तथा विदेशिएका युवाहरुको कृषि क्षेत्र सम्बन्धि ज्ञान सीप र अनुभवलाई समेत स्वदेशमै उपयोग गरि कृषि व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने ।

(झ) आवश्यकता अनुसार कृषि क्षेत्रमा सहयोग पुर्याउने विविध किसिमका अनुदान कार्यक्रमहरु सञ्चालन गर्ने ।

## परिच्छेद -२

## व्यवस्थापकीय पक्ष

४. **अनुदान उपलब्ध गराउन सक्नेः** नगरपालिकाको नीति तथा कार्यक्रम संग मेल खाने सबै तहले स्वीकृत तथा अनुमोदन गरेका कार्यक्रमहरु परिच्छेद ३ मा उल्लेखित उद्धेश्य, प्रमुख कृयाकलापहरु र न्यूनतम शर्त, मापदण्ड अनुसार प्रसार सेवा, क्षमता अभिबृद्धि एवं आवश्यकता अनुसारका कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धनका कार्यक्रमहरु सञ्चालन गर्न नगरपालिकाले अनुदान उपलब्ध गराउन सक्ने/ अनुदानका कार्यक्रम सञ्चालन गर्नेछ ।

५. **अनुदानको रकम र सिमा र प्रतिशतः**

(१) **यस नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरु** मध्ये

(क) **पूर्ण अनुदानमाः** चालु प्रकृतिका उत्पादन सामग्रीहरु, रैथाने तथा उन्नत जातका तरकारीका वीउहरु, तरकारी सिडकिट तथा वालीहरु, घाँसका बीउविजन तथा बेर्नाहरु, माछाका भुरा,लक्षित बर्गका लागि बितरण गरिने कुखुराका चल्ला ताथा प्रजनन् योग्य ब्याड बोका, पशुजन्य सामान्य रोगका आधारभुत औषधीहरु, पशुपंछीका खोपहरु, प्रयोगशाला परीक्षण सेवा, प्राविधिक परामर्श सेवा, रोग किरा व्यवस्थापनका लागि जैविक तथा रसायनिक विषादी एवं किटनाशक विषादी, माटो परीक्षण अभियान तथा कृषि चून वितरण, आई. पि. एम. कृषक पाठशाला, सबै प्रकारका

तालिम कार्यक्रम तथा गोष्ठीहरु, शिविरबाट प्रदान गरिने सेवाहरु, छाडा तथा सामुदायिक पशुहरुको ब्यवस्थापनमा प्रयोग हुने औषधी, दाना र पशुआहारा लागत अनुमान स्वीकृत भइ कार्यमक्रमा समावेश भएका सामग्री ढुवानी पूर्ण अनुदानमा सञ्चालन गरिनेछ ।

(ख) **५० प्रतिशत अनुदानमाः** वाली संरक्षणका अन्य कृषि औजार तथा सामग्रीहरु, फलफूल विरुवा, तरकारीको हाइब्रिड जातका विउविजन, खाद्यान्न वाली तर्फका उन्नत र हाइब्रिड जातका विउविजन, आलुको वीउ, कृषि तथा पशुपालनमा वितरण हुने मेशिनरी औजार उपकरणहरु, डिजिटलकाटा, ग्रिननेट, च्याउको वीउ, च्याउको टनेल प्लाष्टिक, थोपा सिंचाइ, प्लाष्टिक टनेल, काउ म्याट, मासु तथा दुग्ध पर्दार्थको बजारिकरणमा आवश्यक पर्ने औजार उपकरणहरु, पशुपंन्छी फर्म प्रवर्द्धन र जैबिक सुरक्षाका कार्यक्रमहरु, वितरण गरिने पशुपन्छीहरु, मौरी घारगोला तथा सामग्रीहरु, लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु, नगरकार्यापालिकाले ५० प्रतिशत अनुदान दिने भनिएका र नगर सभाबाट स्वीकृत भएका ५० प्रतिशत अनुदानका कार्यक्रमहरु

(ग) **८० प्रतिशत सम्म** पूँजीगत प्रकृतिका साना सिंचाइ, बोरिङ, पानी संकलन ट्याङ्कि, प्लाष्टिक पोखरी, स्प्रिङ्कल सिंचाई तथा प्रशोधन, संकलन एवम् बजारिकरण कार्य, च्याउको पराल बफाउने स्टिमर, भकारो सुधार, प्रजनन् योग्य बोका, रागो बितरण, कम्पोष्ट तथा भर्मिकम्पोष्ट मल वितरण, कम्पोष्ट तथा भर्मिकम्पोष्ट मल उत्पादन सामग्रीहरुमा बढिमा ८० प्रतिशत सम्म अनुदान दिन सकिने छ ।

(घ) विगतका वर्षहरुमा सोहि प्रकृतिका कार्यक्रम सञ्चालनमा कुनै पनि सरकारी निकायबाट रु एकलाख सम्म अनुदान प्राप्त गरिसकेका आवेदकहरु सोहि प्रकृतीका कार्यक्रमहरुमा १ बर्ष सम्म छनोट गर्न पाइने छैन । अनुदानग्राहीले संझौता गर्नु अघि सोहि प्रकृतिका कार्यक्रमका लागि अन्य सरकारी संस्थाबाट दोहोरो

सुविधा नलिएको स्वघोषणा/प्रतिबद्धता अनुसूची ५ अनुसार पेश गर्नुपर्नेछ ।

६. **कार्यान्वयन समितिः**

(१) कृषि तथा पशुपालन क्षेत्रका कार्यक्रमहरु सञ्चालन तथा अनुदानको प्रवाहको प्रक्रियालाई सहजीकरण, समन्वय गर्ने महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाले देहाय बमोजिम कृषि व्यवसाय प्रवर्धन कार्यान्वयन समिति गठन गर्नेछ ।

| | | |
|---|---|---|
| (क) | आर्थिक विकास समिति संयोजक | संयोजक |
| (ख) | कार्यपालिका सदस्य एक महिला सहित दुई जना | सदस्य |
| (ग) | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (घ) | कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |
| (ङ) | पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |
| (च) | आवश्यकता अनुसार आमन्त्रीत सदस्यहरु रहने छन् | |

(२) **समितिको काम कर्तव्य र अधिकार**

(क) कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित वडा कार्यालयसंग समन्वय गर्ने तथा कार्यक्रमहरुको तर्जुमा गर्ने ।

(ख) प्राप्त निवेदनहरुको आवश्यकता अनुसार छनोट तथा अन्तिम मुल्याङ्कन गर्ने र सिफारिस गर्ने ।

(ग) कार्यक्रमहरुको अनुगमन प्रमाणिकरण र समिक्षा गर्ने ।

(घ) कार्यक्रममा आइपरेका समस्याहरुको समाधान गर्ने ।

(ङ) संघ तथा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरु प्राप्त कार्यबिधी अनुसार नबाझिने गरी निर्णय र सिफारिस गर्ने ।

७. **माग संकलनः**

(१) यस कार्यविधिमा उल्लेख भएका कार्यक्रमहरुमा सहभागी हुन माग संकलन गर्न नगरपालिकाले अनुसूची १ बमोजिमको कार्यक्रमको प्रकृति अनुसार सार्वजनिक सूचना प्रकाशन गर्नेछ । सूचनालाई नगरपालिकाको वेभसाइट, किसान सूचीकरण प्रणाली, सामाजिक सञ्जाल, विषयगत शाखा तथा सबै वडा कार्यालय मार्फत सूचित

गरिनेछ र साथै सूचनाहरु १ हप्ता देखी ३० दिन सम्मका हुनेछन् । यदी समय भित्र प्रयाप्त प्रस्ताव प्राप्त नभएमा पुनह १ हप्ताको सूचना प्रकाशन गरीने छ ।

(२) कार्यविधिको परिच्छेद ३ अन्तर्गका विभिन्न कार्यक्रम शीर्षकमा तोकिएका मापदण्ड आधारभूत/प्रासङ्गिक पक्ष पुरा गर्ने गरि निवेदकले अनुसूची २ बमोजिम सम्बन्धित सम्बन्धित शाखामा निवेदन पेश गर्नुपर्नेछ ।

८. <u>लाभग्राही छनौटः</u>

(१) अनुदान प्रवाह गराउने क्रियाकलापहरुको लागि प्रस्ताव मुल्याङ्कन तथा छनौट कार्यका लागि यस नगरपालिकाको कृषि व्यवसाय प्रवद्धन समितिबाट आवश्यकता अनुसार स्थलगत अनुगमन गरि पेश हुन आएका प्रस्ताव उपर अनुसूची ६ बमोजिम छनौट गर्नेछ । तर प्रस्ताब आह्वान गरि प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनोट गर्नु नपर्ने प्रकृतिका वा कृषि तथा पशु सेवा प्रसारका नियमित कार्यक्रमहरुमा यस कार्यविधिको परिधिभित्र रहि सञ्चालन गर्न सक्नेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठकमा सहभागीहरुलाई नियमानुसार बैठक भत्ता उपलब्ध गराइनेछ ।

९. <u>अनुदान प्रवाहः</u>

(१) कृषि तथा पशुपन्छीका कार्यक्रमहरु सञ्चालन गर्दा अनुदानग्राहीहरुलाई प्रदान गरिने अनुदान सिमा दफा ५ अनुसार हुनेछ ।

(२) यस कार्यविधि अनुसार छनोट भएका अनुदानग्राहीहरुले सञ्चालन गर्ने क्रियाकलाप सो को समयसारणी एवं अनुदानग्राहीहरुले पालन गर्नुपर्ने शर्त, अनुदान रकम एवं भुक्तानी विधि उल्लेख गरि अनुदानग्राहीसंग अनुसूची ४ बमोजिमको संझौता गर्नुपर्नेछ ।

(३) संझौता बमोजिम अनुदानग्राहिहरुको तर्फबाट व्यहोर्ने वा लगानी गर्नुपर्ने रकम रु पाँच लाख भन्दा बढी भएमा सुनिश्चितताको लागि अनुसूची ३ बमोजिमको कार्ययोजना सहित संझौता गर्नु अघि

सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम बराबरको जमानत (रकम, बैंक भौचर, धरौटी वा ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धता पत्र वा बैंक ग्यारेन्टी) पेश गर्नुपर्नेछ । लगानी सुनिश्चित गर्नु नपर्ने प्रकृतिका कार्यक्रमको हकमा अनुसूची ४ अनुसार संझौता गरि कार्य सम्पन्न पश्चात स्थलगत अनुगमन गरि कार्य सम्पन्न प्रतिवेदन अनुसार लागत साझेदारीको नगरपालिकाले व्यहोर्ने रकम भुक्तानी दिइनेछ । अनुदानग्राहीहरुलाई अनुसूची ५ बमोजिमको स्वघोषणा/प्रतिबद्धता गराउनुपर्नेछ ।

१०. **कार्यक्रम सञ्चालन तथा वितरणः** नगरपालिका अन्तर्गतका स्वीकृत कार्यक्रमहरु संञ्चालन गर्न सम्बन्धित शाखा मार्फत संचालन गरिने छ । अनुदानमा वितरण गरिने कृषि तथा पशुपन्छी सामग्रीहरु छनौट भएका अनुदानग्राहीहरुलाई सम्बन्धित वडा कार्यालयहरुसंग समन्वय गरि वितरण गरिनेछ । वितरण गरिएका सामग्रीहरु र अनुदानग्राहीहरुको विवरण सम्बन्धित कृषि तथा पशुसेवा शाखाले अद्यावधिक गरि राख्नुपर्नेछ ।

११. **अनुदानको भुक्तानीः**

(१) नगद अनुदान दिइने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदानग्राहीहरुको बैंक खातामा जम्मा हुने गरि भुक्तानी दिइनेछ ।

(२) अनुदान रकमको भुक्तानी कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित प्राविधिक/अनुगमन समितिले स्थलगत निरीक्षण गरि तयार पारेको कार्यसम्पन्न प्रतिवेदन अनुसार हुनेछ ।

(३) लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरुको अनुदानग्राहीहरुले व्यहोर्ने रकम नगरपालिकाको तोकिएको खातामा वा कृषि तथा पशु सेवा शाखामा जम्मा भए पश्चात अनुदानका कृषि तथा पशुपन्छी सामग्रीहरु नगरपालिकको कृषि तथा पशु सेवा शाखाले नियम अनुसार खरिद गर्नेछ । यसरी खरिद गरिएका सामग्रीहरुको नगरपालिकाले व्यहोर्ने रकम आपूर्तीकर्तालाई भुक्तानी गर्नेछ ।

१२. **कार्यक्रमको अनुगमन मुल्याङ्कन र प्रतिवेदनः**

(१) **विवरण अभिलेखिकरण गर्नुपर्नेः** कार्यक्रम संञ्चालनको लागि छनौट भएको क्षेत्र क्लष्टर, छनोट भएको विषय, अनुदानग्राहीसंगको संझौता विवरण सम्बन्धित शाखाले नियमित अद्यावधिक गर्नुपर्नेछ ।

(२) **प्रगति विवरणः** कृषि विकास तथा पशुसेवा शाखाले कार्यक्रमको मासिक, चौमासिक र वार्षिक प्रगति तयार गरि नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(३) **अनुगमन र मुल्याङ्कनः** कृषि बिकास तथा पशु सेवाका कार्यक्रमहरुको नियमित अनुगमन र मुल्याङ्कन कृषि व्यवसाय प्रवर्द्धन समिति/ नगरपालिकाको अनुगमन समितिले गर्नेछ । अनुगमनमा खटि आउने टोलीलाई अनुदानग्राहीहरुले सहयोग गर्नुका साथै दिएका लिखित तथा मैखिक निर्देशनहरु पालना गर्नुपर्नेछ । अनुगमनमा खटिने पदाधिकारी र कर्मचारीहरुलाई नियमानुसार अनुगमन भत्ता उपलब्ध गराइनेछ ।

## परिच्छेद ३

## कार्यक्रम र प्राविधिक पक्ष

१३. **कार्यक्रमको नामः आई. पि. एम. कृषक पाठशाला कार्यक्रम**

(१) **परिचयः** "कृषक पाठशाला" भन्नाले २५ देखि ३० जना कृषकहरुको समूह हो ,जसलाई कक्षा भित्र पठन पाठन गराउनुको साटो खेतमा व्यवहारीक प्रयोगात्मक र खोजपूर्ण तरिकाहरु अपनाइ वाली अवधिभर नियमित रुपले वाली, वातावरण प्रणालीको अवलोकन, विश्लेषण र समूह छलफलको आधारमा आफु आफैले ठोस निर्णय लिएर तत्काल आएका समस्याहरुको समाधान गर्न सक्ने गरी दक्ष बनाउन स्थलगत रुपमा कार्यक्रम संञ्चालन गर्ने उद्धेश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) **उद्धेश्यः**

(क) प्रमाणित उन्नत प्रविधिहरु स्थलगत रुपमा सहभागितात्मक कृषि प्रसारको माध्यमबाट कृषि प्राविधिकहरुले र सहजकर्ताले किसानहरुमा प्रवाह गर्न।

(ख) वालीमा एकिकृत शत्रुजीव व्यवस्थापन विधिबाट खेति विधि तथा रोग किराहरुको नियन्त्रणमा कृषकलाई दक्ष बनाउन ।

(ग) सहजकर्ता वा प्राविधिकबाट कृषकहरुमा नै जानकारी तथा चेतना जगाई प्रविधि हस्तान्तरणमा कृषक स्वयंलाई सहभागि गराई कृषकहरुको क्षमता विकास मार्फत कृषि उत्पादनमा वृद्धि ल्याउन ।

(घ) प्राङगारिक तथा जैविक विषादी ,मल प्रयोग गर्ने बानीको विकास गर्न ।

**(३) कार्यक्रम सञ्चालन प्रकृया**

(क) कृषक पाठशाला कार्यक्रमको सञ्चालन कृषि शाखाले कृषक पाठशाला श्रोत व्यक्ति तथा सहजकर्ता मार्फत गर्नेछ ।

(ख) कृषि शाखाबाट प्रविधि ग्रहणको स्तर विषादी प्रयोग स्थिति, कृषकहरुको साँगठनिक अवस्था सामाजिक पूँजी (कृषि सहकारी तथा समूह) को अवस्था र चेतना स्तर आदिलाई मध्यनजर गर्दै कार्यक्रम संयोजकले कृषक पाठशाला संचालन गर्ने स्थान, कृषक समूह / कृषि सहकारीहरु छनौट गर्नेछ समूह र सहकारी छनौट गर्दा महिला, जनजाति, दलित, विपन्न पिछडिएका समुदाय र क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ बिगतका वर्षहरुमा कृषक पाठशाला सञ्चालन नभएका कृषक समुह तथा सहकारीहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

(ग) यस कार्यक्रमको संयोजक सम्बन्धित गोदावरी नगरपालिका कृषि शाखा शाखा प्रमुख वा कृषि प्राविधिक कर्मचारी हुनेछ ।

(घ) कृषक पाठशाला एकिकृत शत्रुजीव व्यवस्थापन, वाली उत्पादन सम्बन्धी नवीन प्रविधिहरु समावेश विविध विषयहरु केन्द्रीत भई संचालन गर्नुपर्ने छ ।

**(४) समूह छनौट पश्चात कार्यक्रम सञ्चालन प्रकृयाः**

(क) कृषक पाठशाला सञ्चालन गर्नु अगाडी कृषक पाठशाला सहजकर्ता (Field School Facilitator) जनप्रतिनिधि, कृषि प्राविधिक समेत स्थलमा गई पाठशाला संचालन गर्ने क्षेत्रमा रहेका कृषक महिला वा मिश्रित समूहको समेत सहभागिता हुने गरी २५ जनाको कृषक समूह छनौट गर्न २ पटक अन्तरक्रिया गोष्ठी गर्ने ।

(ख) तुलनात्मक अध्ययन तथा परीक्षणहरु संचालन गर्न आवश्यक ५०० वर्ग मि. खेत वारीको छनौट गर्ने र कृषकहरु जम्मा भई छलफल गर्ने स्थानको निर्धारण गर्ने ।

(ग) कुनै वालीको वाली अवधिभर कृषक समूहले निर्धारण गरेको हप्ताको एक दिन विहान ८ वजे देखि १२ वजे सम्म अध्ययन र तालिम संचालन गर्ने ।

**(५) आर्थिक पक्षः** कृषक सहजकर्ताबाट कृषक पाठाशाला चलाउनु पर्ने भएमा ७ दिनको सूचना मार्फत सहजकर्ता छनौट गर्नुपर्नेछ । सहजकर्ताले आइ पि एम कृषक पाठशालाको तालिमको प्रमाण पत्र तथा कम्तिमा २ वटा बालीमा वाली अवधिभर आइ पि एम कृषक पाठशाला सचालन गरेको हुनुपर्नेछ ।सहजकर्तासंग अनुसूची ४ अनुसार संझौता गर्नुपर्नेछ । सहजकर्ताले अन्तिम प्रतिवेदन पेश गरे पश्चात अन्तिम अनुगमन निरीक्षण पश्चात भुक्तानी गरिनेछ । कार्यक्रम सञ्चालन गर्न ८० प्रतिशत सम्म पेश्कि उपलब्ध गराउन सकिन्छ ।

| | गोष्ठी सञ्चालन | संख्या | दिन हप्ता | दर | अधिकृत स्तर सहजकर्ता | सहायकस्तर सहजकर्ता | कृषक सहजकर्ता |
|---|---|---|---|---|---|---|---|
| १.१ | तयारी बैठकहरु स्थलगत कृषक अन्तरक्रिया गोष्ठी २ पटक<br>गोष्ठीमा छलफल हुने विषयबस्तुहरुः आई.पि.एम. कृषक पाठशालाको महत्व, बालीपात्रो र आधारभुत तथ्यांक संकलन, समहको महत्व, लैङ्गिक विश्लेषण, समस्या पहिचान, कार्यक्रम कार्ययोजना तयारीको लागि जम्मा खर्च | | | | | | |
| १.२ | पहिलो पटक अन्तरक्रिया गोष्ठी गर्न ६० जना कृषक समावेश गोष्ठीमा खाजा खर्च रु | ६० | १ | १०० | ६००० | ६००० | ६००० |
| १.३ | दोश्रो पटक अन्तरक्रिया गोष्ठी गर्न ३० जना कृषक समावेश गोष्ठीमा खाजा खर्च रु | ३० | १ | १०० | ३००० | ३००० | ३००० |
| १.३ | भिन्नाभिन्नै मितिमा २ पटक सञ्चालन हुने गोष्ठीमा चाहिने स्टेशनरी | ७० | १ | १०० | ७००० | ७००० | ७००० |
| १.४ | गोष्ठी सञ्चालन गर्न भत्ता प्रति व्यक्ति प्रति दिन रु १६०० अधिकृतस्तर रु १२०० सहायक स्तर र रु १००० कृषक सहजकर्ताका | २ | २ | १६००<br>१२००<br>१००० | ६४०० | ४८०० | ४००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | दरले २ जना आइ पि एम सहजकर्ता श्रोत व्यक्तिलाई २ दिनको जम्मा | | | | | | |
| १.५ | सहजकर्ता तथा श्रोत व्यक्ति यातायात खर्च | २ | २ | २०० | ८०० | ८०० | ८०० |
| | **जम्मा** | | | | **२३२००** | **२१६००** | **२०८००** |
| २ | १ दिने सिजनल प्लानिङ गोष्ठी सञ्चालन गर्न | | | | | | |
| २.१ | खाजा खर्च २७ जना (२५ जना कृषक र २ जना सहजकर्ता) | २७ | १ | १०० | २७०० | २७०० | २७०० |
| २.२ | गोष्ठी सञ्चालन गर्न भत्ता प्रति व्यक्ति प्रति दिन रु १६०० अधिकृतस्तर रु १२०० सहायक स्तर र रु १००० कृषक सहजकर्ताका दरले २ जना आइ पि एमसहजकर्ता श्रोत व्यक्तिलाई २ दिनको जम्मा | २ | १ | १६००<br>१२००<br>१००० | ३२०० | २४०० | २००० |
| २.३ | गोष्ठी सञ्चालनार्थ | २५ | १ | १०० | २५०० | २५०० | २५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्टेशनरी | | | | | | |
| २.४ | २ जना सहजकर्ताको यातायात खर्च | २ | १ | २०० | ४०० | ४०० | ४०० |
| | **जम्मा** | | | | **८८००** | **८०००** | **७६००** |
| ३ | स्थलगत कृषक पाठशाला सञ्चालन खर्च | | | | | | |
| ३.१ | खाजा खर्च २७ जना (२५ जना कृषक र २ जना सहजकर्ता) | २७ | १६ | १०० | ४३२०० | ४३२०० | ४३२०<br>० |
| ३.२ | पाठशाला सञ्चालन सामग्री (बीउ, बेर्ना, कम्पोष्ट, मलखाद, सिंचाइ, वोर्ड तथा अन्यसामग्रीहरु, जाली कपडा, भायल, जैविक विषादी, शुक्ष्म खाध्यतत्व, हर्मोनहरु आदि) | | | १०००० | १०००० | १०००० | १०००<br>० |
| ३.३ | पाठशाला सञ्चालन मसलन्द सामग्री (व्यानर, चार्ट पेपर, मार्कर, कलर पेन, स्केल, कैची, फोटोकपी पेपर, मास्किङ टेप, डबल टेप, गम, डायरी, मेटा | | | ७००० | ७००० | ७००० | ७००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्ड, आदि) | | | | | | |
| ३.४ | कृषक पाठशाला सञ्चालन गर्न भत्ता प्रति व्यक्ति प्रति दिन रु १६०० अधिकृतस्तर, रु १२०० सहायक स्तररु १०००कृषक सहजकर्ताका दरले २ जना आइ पि एम सहजकर्ता श्रोत व्यक्तिलाई १६ हप्ताको जम्मा | २ | १६ | १६००<br>१२००<br>१००० | ५१२०० | ३८४०० | ३२००<br>० |
| ३.५ | २ जना सहजकर्ताको यातायात खर्च | २ | १६ | २०० | ६४०० | ६४०० | ६४०० |
| ३.६ | विशेषकक्षा श्रोत व्यक्ति कक्षा वापत | १ | ३ | १४०० | ४२०० | ४२०० | ४२०० |
| ३.७ | विशेष कक्षा श्रोत व्यक्ति यातायात खर्च | १ | ३ | २०० | ६०० | ६०० | ६०० |
| | **जम्मा** | | | | **१२५१००** | **१०८९००** | **१०२५<br>००** |
| ४.० | कृषक दिवस सञ्चालन खर्च | | | | | | |
| ४.१ | आमन्त्रित जनप्रतिनिधी, प्रदेश तथा नगर स्तरिय | ५० | १ | २०० | १०००० | १०००० | १०००<br>० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यालय प्रमुख तथा अन्य सहभागी खाजा चियापान | | | | | | |
| ४.३ | प्रथम, द्वितिय, तृतिय र सान्तावना पुरस्कार रकम क्रमशः रु १०००, रु ८०० , रु. ७०० र रु. ५०० | | | | ३००० | ३००० | ३००० |
| ४.४ | पुरस्कृत कृषकहरुलाई प्रमाण पत्र वितरण ४ जना | | | | ४०० | ४०० | ४०० |
| ४.५ | कृषक पाठशालामा सहभागि हुने कृषकहरुलाई प्रमाण पत्र खर्च रकम २५ जना लाई १०० को दरले २५ x १०० | | | | २५००।- | २५००।- | २५०० ।- |
| ४.६ | व्यवस्थापन खर्च (स्टेज निर्माण, साउण्ड सिस्टम, टेवल कुर्सी, ध्वजा पताका, निमन्त्रणाकार्ड आदि) | | | ५००० | ५००० | ५००० | ५००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.३ | सहजकर्ताको दैनिक भ्रमण भत्ता कृषक दिवसको दिन | २ | १ | १६००<br>१२००<br>१००० | ३२०० | २४०० | २००० |
| ४.४ | कृषक पाठशालाको प्राविधक प्रतिवेदन | | | १००० | १००० | १००० | १००० |
| | जम्मा | | | | २४५०० | २४५०० | २४५००० |
| | **कुल जम्मा** | | | | १८१६०० | १६३००० | १५५४०० |

विशेष बालीहरूमा कृषक पाठशाला सञ्चालनको लागि विशेष व्यवस्था विशेष बालीहरूमा कृषक पाठशाला सञ्चालन गर्दा माथि दिइएका नर्सहरूमा तपसिल अनुसार हेरफेर गर्नुपर्नेछः

(१) फलफूल, चिया, मौरी र माछ्यामा IPM FFS सञ्चालन गर्दा IPM Facilitator तथा Farmer Facilitator दुवैको हकमा Sessonal Planning Meeting एक पटक मात्र हुनेछ ।

(२) आलु, अदुवा बेसार लसुनमा IPM FFS सञ्चालन गर्दा IPM Facilitator तथा Farmer Facilitator दुवैको हकमा बीउको निम्ती छुट्टै रकम रु ३००० सम्म थप गर्न सकिनेछ ।

## आई. पि. एम. सहजकर्ताबाट पाठशाला सञ्चालनका लागि प्रस्ताब माग सम्बन्धि सूचनाको ढाँचा

मिति............

महालक्ष्मी नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार आइ पि एम कृषक पाठशाला सञ्चालन गर्नुपर्ने भएकोले योग्यता पुगेका आइ पि एम कृषक पाठशाला सहजकर्ताहरुले यो सूचना भएको मितिले ७ दिन भित्रमा प्रस्ताब पेश गर्नुहुन सूचीत गरिन्छ ।

**आवश्यक कागजातहरु**

१ आइ. पि. एम. कृषक पाठशाला तालिम लिइ पाठशाला सञ्चालन गरेको प्रमाण पत्रको प्रतिलिपि

२ नागरिकाताको प्रतिलिपि

३ प्रतिवद्धतापत्र

**१४. <u>कार्यक्रमको नामः माटो परीक्षण तथा माटो सुधार कार्यक्रमः</u>**

**(१) परिचयः** विभिन्न वालीनाली लगाउने माटोमा भएका खाद्यतत्वहरु अम्लियपन, क्षारीयपन, प्राङ्गारिक पदार्थहरुको पहिचान गरि माटोको उर्भराशक्ति व्यवस्थापन गरि विभिन्न वालीनालीहरुको आवश्यकता अनुसार खाद्यतत्व आपूर्ती गर्न स्थलगत रुपमा कृषकहरुको खेतवारीको माटो परीक्षण सेवा गराउन यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उद्देश्यः**

(क) माटोमा रहेको विभिन्न खाद्यतत्व पहिचान, सम्बद्ध समस्याहरुको समाधान, प्राङ्गारिक श्रोतको प्रवद्र्धन गरि माटोको उर्भराशक्ति व्यवस्थापन, विरुवाको बृद्धि विकासमा सुधार ल्याइ कृषि उपादकत्वमा सुधार ल्याउने

(ख) कृषकको सहभागितामा उर्भराशक्तिको जानकारी लिनुका साथै स्थलगत रुपमा माटोको विश्लेषण गर्नु,

(ग) माटोको विश्लेषण गरि माटो स्वस्थता प्रमाणपत्र र मलखाद सिफारिस पत्र तथा नतिजा अनुसार कृषि चून र शुक्ष्मतत्वहरु उपलब्ध गराउनु,

**(३) लक्षित समूहः** कृषक समूह, निजी फर्म, कृषक कृषि सहकारी ।

**(४) प्रमुख क्रियाकलापः**

(क) माटो परीक्षण शिविर सम्बन्धि तालिम, अन्तरक्रिया (नमुना लिनु भन्दा अगाडी)

(ख) माटो परीक्षण

(ग) माटो परीक्षणका सामग्रीहरु खरिद

(घ) प्रचारप्रसार

(ङ) सिफारिसमा आधारमा निःशुल्क/साझेदारीमा कृषि चून वितरण

(च) शिविरको अन्तिम दिन वा प्रतिवेदन वितरण गर्ने दिन कृषि चूनको प्रयोग विधि, माटोको संरक्षण सुधार तथा माटोको उर्वरा शक्ती बढाउने प्रविधिहरुबारे १ दिने तालिम

**(५) संञ्चालन विधिः**

(क) कार्यक्रम स्थल छनौट गरि कृषकलाई जानकारी गराइनेछ ।

(ख) कार्यक्रम स्थल छनोट गर्दा कृषि चून प्रयोग गर्न उत्साहित कृषक रहेको स्थान छनौट गरिनेछ । माटोको नमूना परीक्षण गर्ने कृषकलाई माटोको नमुना संकलन गर्न तरिका तथा माटो व्यवस्थापन तालिमसंग आबद्ध गरि सञ्चालन गरिनेछ ।

(ग) माटो परीक्षणका लागि मल तथा माटो परीक्षण प्रयोगशालासंगको समन्वयमा सञ्चालन गर्न सकिनेछ ।

(घ) माटो परीक्षण शिविर सञ्चालन देहाय अनुसार गरिनेछ ।

(१) **मोवाइल भ्यान घुम्ती शिविरः** यस तरिकामा माटो तथा मल परीक्षण प्रयोगशालासंगको समन्वयमा मोवाइल भ्यान पुग्न सक्ने सडक सञ्जाल भएको स्थानमा माटो तथा मल परीक्षण सञ्चालन गरिनेछ ।

(२) **किटबक्स माटो परीक्षणः** यस विधिमा आवश्यकता अनुसार माटो तथा मल परीक्षण प्रयोगशालाको समन्वयमा वा कृषि शाखाबाटै सडक सञ्जाल भए नभएका स्थानमा किटबक्सको माध्यमबाट माटो परीक्षण शिविर सञ्चालन गरिनेछ ।

**(६) माटो शिविर प्राविधिक मापदण्ड**

(क) माटो संकलन गरि नमुना तयार पार्न सिकाउन शिविर सञ्चालन हुने स्थानमा १ दिने स्थलगत परामर्श तालिम सञ्चालन ।

(ख) सामान्यतया शिविर ३ दिनको हुनेछ । तर नमुना संख्या अनुसार शिविरको अवधि थप हुनेछ ।

**(७) आर्थिक पक्षः**

(क) माटो शिविर सञ्चालन गर्न दुवै प्रकारका माटो शिविर तथा माटो परीक्षणमा आवश्यक पर्ने सामग्रीहरु प्रचलित बजार मुल्य अनुसार तथा माटो तथा मल परीक्षण प्रयोगशालाको माटोको नमुनाको राजश्व दर अनुसार खर्च गर्न सकिनेछ ।

(ख) माटो परीक्षण शिविरमा शिविर सञ्चालन अवधिभर प्रयोगशाला तथा शाखाबाट खटिएका प्राविधिकहरुलाई खाना खाजा तथा अन्य मसलन्द शीर्षकमा खर्च गर्न सकिनेछ ।

(ग) माटो जाँच गराउने सबै कृषकलाई परीक्षण नतिजा अनुसार पूर्ण अनुदान/साझेदारीमा कृषि चून तथा आवश्यक अन्य शुक्ष्म पोषक तत्वहरु वितरण गरिनेछ । यसका लागि पि. एच. मानको आधारमा सिफारिस मात्रा तथा क्षेत्रफललाई मध्यनजर गरि कार्यान्वयन गर्नेछ ।

## १५. कार्यक्रमको नामः मौसमी तथा बेमौषमी तरकारीको बीउ, बेर्ना वितरण

(१) **परिचयः** नगरपालिकाका कृषकलाई तरकारी खेतिमा प्रोत्साहन गर्न, करेसाबारी विस्तार गर्न, तरकारी खेतिमा आवद्ध हुन चाहने कृषकहरु र तरकारी खेती गरिरहेका कृषकलाई मौसम अनुसार आवश्यक पर्ने तरकारीका बीउविजन वितरण गरि तरकारी खेति विस्तार गर्न र ताजा तरकारीको उत्पादन र उपभोग बृद्धि गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) **उदेश्यः**

(क) कृषकको माग र संभावना अनुसारका तरकारीहरुको बीउलाई कृषक, कृषक समूह, तथा व्यवसायिक निजी कृषि फर्महरुमा समेत प्रसारण गर्ने ।

(ख) नागरिकको खाद्य सुरक्षा र पोषणमा सुधार ल्याएर तरकारीमा आत्मनिर्भर तर्फ उन्मुख गराउने ।

(ग) अनुसन्धान केन्द्रमा उपयुक्त ठहरिएका नयाँ/उन्नत जातहरू कृषकको घरबारीमा पुर्‍याई विस्तार गर्ने ।

(३) **लक्षित समूहः** कृषक, कृषक समूह, व्यवसायिक कृषि फर्म ।

(४) **कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि प्रमुख क्रियाकलापहरु**

(क) माग अनुसारका बीउविजनहरू खरिद गरी कृषकहरूलाई वितरण गरिनेछ ।

(ख) बीउको जात, लगाउने समय, मलखाद, सिँचाइ, अनुमानित उत्पादन लगायत सम्पूर्ण क्रियाकलापहरूको जानकारी कृषकहरूलाई दिइनेछ ।

(ग) ढुवानी तथा वितरण

(५) **अनुदान सिमा र प्रतिशतः** यस कार्यविधिको दफा ५ अनुसार हुनेछ ।

१६. **कार्यक्रमको नामः फलफूल विरुवा वितरण कार्यक्रम**

(१) **परिचयः** नगरपालिकालाई वातावरण अनुकुलका फलफूल उत्पादनमा बृद्धि गर्न एक घर एक फलफूल विरुवा रोपण कार्यमा प्रोत्साहन गर्न ताजा फलफूल उत्पादनमा बृद्धि गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) **उदेश्यः**

(क) एक घर एक फलफूल बिरुवा रोपण कार्यक्रम लागू गर्ने ।

(ख) माग अनुसार खाली जग्गा वा निजि जग्गामा फलफूल बगैंचा स्थापना गर्न ।

(ग) बाँझो जग्गामा फलफूल खेतिको प्रवर्धन गर्न ।

(घ) फलफूल बिरूवाको मोर्टालिटी कम गर्न ।

(३) **लक्षित समूहः** कृषक, कृषक समूह, व्यवसायिक कृषि फर्म ।

(४) **कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि प्रमुख क्रियाकलापहरु**

(क) सूचना प्रकाशनबाट माग संकलन तथा छनौट

(ख) लागत साझेदारीको रकम सुनिश्चित

(ग) फलफूलको जात, लगाउने समय, मलखाद, सिँचाइ, खाडल खन्ने तरिका लगागतका प्रविधिक पक्षहरु तथा अनुमानित उत्पादन लगायत सम्पूर्ण क्रियाकलापहरूको जानकारी कृषकहरूलाई दिनुपर्दछ ।

(घ) बाँझो जग्गामा फलफूल खेति गर्नेलाई प्राथमिकता दिइनेछ ।

(ङ) हिउँदे तथा वर्षे विरुवाहरुको माग अनुसार खरिद, ढुवानी तथा वितरण ।

## १७. कार्यक्रमको नामः मौरीपालन प्रवर्धन कार्यक्रम

(१) **परिचयः** नगरपालिकालाई मौरीपालन व्यवसायमा सेवा टेवा पुर्याउन तथा व्यवसायिक मौरीपालक कृषक, कृषक समूह, निजी फर्मलाई आधुनिक मौरीपालनमा थप प्रोत्साहन गर्न तथा कृषकको उत्पादन लागत कम गर्नमा मद्दत गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) **उद्देश्यः** मौरीपालन गर्न इच्छुक तर न्यून आयस्रोत भएका कृषकहरूलाई उन्नत उपकरणहरूमा अनुदान दिदै मौरीपालन व्यवसायको रूपमा विकास गर्दै व्यावसायिक रूपमा मौरीपालन गर्न सुरूमा केही बढी लागत लाग्ने हुँदा यस्ता सामग्रीहरू अनुदानमा दिई व्यवसाय बढाउन प्रोत्साहित गर्नु ।

(३) **कार्यक्रमको प्राविधिक पक्ष**

(क) मौरी पकेट क्षेत्र पहिचान गरी मौरीपालक कृषक, कृषक समूह, व्यवसायिक कृषि फर्म हरुलाई मौरीपालन गर्नको लागि चाहिने उपकरणहरू अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्नेछ ।

(ख) कृषकको माग अनुसार १ सेटमा मौरी गोला, घार, टोपी, हाइभ टुल, स्टैण्ड, धुवाँदानी, आधार चाका आदि भएको सेट वा घारगोला मात्र पनि छुट्टाछुट्टै वितरण गर्न सकिनेछ ।

(ग) तर महदानी, मैन, प्रेश, मेशिन जस्ता बढी मूल्य जाने सामग्रीहरू व्यावसायिक रूपमा मौरीपालन गरिरहेका कृषक वा कृषक समूहमा वितरण गर्नुपर्नेछ ।

(घ) **मौरीपालन सम्बन्धि प्राविधिक सेवाटेवाः** यस अन्तरगत मौरीपालनमा देखा परेका रोग किरा तथा अन्य समस्याहरुबारे नगरपालिकाले कृषककको माग तथा आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्नेछ ।

(ङ) **प्रविधि प्रदर्शनः** मौरीपालनका विभिन्न प्रविधिहरुलाई कृषकहरुमा प्रदर्शन गराइ कृषकहरुमा मौरीपालनबारे नविनतम प्रविधिबारे जानकारी गराइनेछ । यस अन्तरगत परागसेचन प्रदर्शन, परम्परागत घारबाट आधुनिक घारमा मौरी सार्ने प्रविधि प्रदर्शन, आधार चाका तथा मह मदानी प्रयोग प्रदर्शन जस्ता कार्यक्रम सञ्चालन हुनेछ ।

(च) वितरण गरिएका सामग्री, सञ्चालित प्रविधि, कृषकहरूको रेकर्ड व्यवस्थापन कृषि विकास शाखाले गर्नपर्नेछ ।

**(४) सञ्चालन प्रक्रिया**

(क) सूचना प्रकाशन गरि माग संकलन गर्ने ।

(ख) अनुदानग्राहीको छनोट

(ग) अनुदानग्राहीहरुले व्यहोर्ने रकमको सुनिश्चित गरि खरिद कार्य तथा अनुदानग्राहीहरुसंग संझौता वितरण तथा रेकर्ड व्यवस्थापन

**(५) आर्थिक मापदण्डः**

(क) प्रविधिक सेवा टेवा तथा प्रविधि प्रदर्शन पूर्ण अनुदानमा ।

(ख) मौरी घार, मौरी गोला र रानु वितरण लगायत मौरीपालनका लागि आवश्यक पर्ने विभिन्न उपकरणहरु जस्तैः महमदानी, घुम्टी, पञ्जा, रानुढोका, आधार चाका, क्वीन एक्सक्लुडर, धुँवादानी, फ्रेम फीडर, हाइव टुल्स, कचौरा सहित घार स्ट्याण्ड लगायतका सामग्रीहरुमा ५० प्रतिशत अनुदानमा हुनेछ ।

(ग) अन्य कुराहरु दफा ५ अनुसार हुने छ ।

## १८. कार्यक्रमको नामः पुष्प खेती प्रवर्द्धन कार्यक्रम

**(१) परिचयः** नगरपालिकामा फूल तथा फूलजन्य उत्पादनको उत्पादन तथा क्षेत्र विस्तार माग दिनानुदिन बढ्दो क्रममा रहेछ हुँदा पुष्प व्यवसायको विकास र विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) कार्यक्रमको उद्देश्य**

(क) पुष्प व्यवसायको विकास र विस्तार गरी पुष्प तथा पुष्पजन्य उत्पादनको उपलब्धता बढाउन ।

(ख) पुष्प खेतीको व्यावसायिकरण, आधुनिकिकरण र बजारिकरणमा आवश्यक सेवा टेवा पुर्याउन ।

(ग) पुष्प तथा पुष्पजन्य उपजहरूमा आत्मनिर्भर हुदै आयात प्रतिस्थापनमा टेवा पुर्याउन ।

**(३) कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया**

(क) कार्यक्रम सञ्चालन गर्न व्यावसायिक कृषक, कृषक समूह/व्यवसायिक निजि फर्म/कृषि सहकारीहरुले आवेदन दिन सक्नेछन् ।

(ख) नगरपालिकामा दर्ता भइ स्थायी लेखा नम्बर लिएको, संस्था दर्ता भएको कम्तीमा एक वर्ष भएको हुनुपर्नेछ ।

(ग) प्रस्तावित स्थान व्यावसायिक पुष्प खेती प्रवर्द्धन तथा विस्तारको सम्भावना भएको हुनु पर्नेछ ।

(घ) आफ्नै नाममा जग्गा भएको अथवा भाडामा लिई खेती गर्ने भए कम्तीमा पनि पाँच वर्षको लागि करार सम्झौता गरेको हुनुपर्नेछ ।

**(४) कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरुः**

(क) सीप विकास तालिम तथा अभिमुखिकरण

(ख) बीउ/बेर्ना

(ग) मलखाद तथा सुक्ष्मतत्व

(घ) रोग किरा नियन्त्रण

(ङ) आवश्यक औजार उपकरण खरिद

(च) भौतिक संरचना निर्माण (प्लाष्टिक टनेल/सेड हाउस/ग्रीन हाउस/ग्लास हाउस)

(छ) साना सिँचाइसँग सम्बन्धित कार्यहरू (प्लाष्टिक पोखरी/सिमेन्टेड पोखरी/सिँचाइ पाईप, थोपा सिँचाइ/स्प्रिङ्कलर आदि )

(ज) पुष्प बिक्री केन्द्र स्थापना

(झ) बजारिकरणको लागि आवश्यक सामग्रीहरू (प्याकेजिङ, लेवलिङ, कार्टून बक्स आदि)

**(५) कार्यक्रमको आर्थिक पक्षः** सीप विकास तालिम पूर्ण अनुदानमा, सिंचाइ सम्बन्धि कार्यहरुमा ८० प्रतिशत सम्म तथा अन्य कृयाकलापमा ५० प्रतिशत लागत साझेदारीमा सचालन गरिनेछ ।

## १९. कार्यक्रमको नामः वाली संरक्षण सामग्री वितरण

**(१) परिचयः** बाली विरुवामा रोग, किरा र अन्य समस्याहरुको कारणहरुले क्षति पुग्ने भएकोले क्षति न्यूनिकरण गरि वालीको संरक्षण गरि कृषकहरुको वाली क्षति हुनबाट जोगाउन यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उदेश्यः** कृषकको बालीमा रोग, किरा तथा अन्य समस्याहरुको सहि पहिचान गरी समयमै उपयुक्त प्रविधि सिफारिस गर्ने र विषादीको समुचित प्रयोग गर्दै वातावरण संरक्षणमा सहयोग पुन्याउन ।

**(३) लक्षित समूहः** कृषक समूह, निजी फर्म, कृषक, कृषि सहकारी ।

**(४) प्रमुख क्रियाकलापः**

(क) समस्याग्रस्त क्षेत्रमा द्रुत सेवा प्रदान गर्न रोग किराको पहिचान गरि सो को तत्कालै नियन्त्रण तथा व्यवस्थापन गर्न आवश्यक पर्ने विषादीहरु मध्ये जैविक विषादीहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।

(ख) जैविक विषादीले नियन्त्रण हुन नसकेमा सिफारिस गरिएको मात्रामा रसायनिक विषादी तथा सामग्रीहरु खरिद गरि लक्षित वर्गलाई वितरण गरिनेछ ।

(ग) समाधान भए नभएको शाखाले अनुगमन गरि थप कार्यक्रम सञ्चालन गर्ने सक्नेछ ।

(५) **अनुदान सिमा र प्रतिशतः** यस कार्यविधिको दफा ५ अनुसार हुनेछ ।

(६) **न्यूनतम मापदण्ड/प्रासंङगिक विषयः** समस्याग्रस्त क्षेत्रमा कृषकको माग भए अनुसार सम्बन्धित प्राविधिकले स्थलगत अनुगमन गरि प्रतिवेदन अनुसार पहिचान भएका रोग किराले क्षति गरेको क्षेत्रफल अनुसार विषादी तथा सामग्री खरिद गरि वडा कार्यालय र कृषि शाखाबाट वितरण गरिनेछ । वाली संरक्षणका सामग्रीहरु वाली उपचार शिविरमा सिफारिस भएका विषादीहरुलाई आधार मानेर पनि वितरण गर्न सकिनेछ ।

## २०. कार्यक्रमको नामः तरकारी खेति प्रवर्धन कार्यक्रम

(१) **परिचयः** नगरपालिमा तरकारी वाली अनुसार उत्पादन, प्रशोधन र बजारीकरणमा सहज पुर्याउने कृषि औजार उपकरणहरुमा कृषकहरुको पहुँच बढाउदै व्यसायिक कृषकहरुलाई समेत समेट्दै उत्पादन लागत कम गर्नका लागि अनुदानको व्यवस्था गरि तरकारी खेतिलाई आधुनिकीकरण गर्दै थप प्रवर्धन गर्न यो कार्यक्रम संचालन गरिनेछ । जसमा खुल्ला खेतवारी र संरक्षित संरचनामा खेति गरिने गोलभेडा लगायतका अन्य तरकारी बालीहरु, काउली वर्ग, कोशेवाली, लहरे वाली, हरियो सागपात, जरे वाली, आलु, लसुन, प्याज लगायतका वाली नगरपालिका भित्र उत्पादन हुने तरकारी खेतिमा समेटिनेछन् ।

(२) **उदेश्यः**

(क) तरकारी खेतिमा आधुनिकरण गरी व्यवसायिक एवम् प्रतिस्पर्धात्मक बनाउन

(ख) तरकारी खेतिमा यान्त्रीकरण गर्न

(ग) प्रति इकाई उत्पादन वृद्धि उत्पादन लागत कम गर्न

(घ) यूवा उधमीलाई कृषि पेशामा आकर्षण गर्न

(ङ) उत्पादित उपजलाई बजारीकरण गर्न

(३) **लक्षित समूहः** कृषक, कृषक समूह, निजी फर्म, सहकारी ।

(४) **प्रमुख क्रियाकलापः**

(क) स्थलगत तालिम तथा अभिमुखिकरण

(ख) बीउबिजन तथा बेर्ना

(ग) मलखाद व्यवस्थापन

(घ) कृषि यान्त्रिकरण

(ङ) प्लाष्टिक घर निर्माण तथा प्लाष्टिक घर तथा मल्चिङ प्लाष्टिक सिट

(च) तरकारी नर्सरी स्थापना तथा व्यवस्थापन

(छ) थोपा तथा साना सिंचाई

(ज) उत्पादन कृषि सामग्रीहरु तथा औजारहरु

(झ) आकस्मिक वाली उपचार तथा विषादीहरु

(ञ) संकलन प्रशोधन विविधिकरण तथा बजारीकरणका कार्यहरु

(५) **सञ्चालन विधिः**

(क) माग संकलन

(ख) अनुदानग्राहीको छनोट

(ग) अनुदानग्राहीहरुले व्यहोर्ने रकमको सुनिश्चित गरि खरिद कार्य / अनुदानग्राहीहरुसंग संझौता

(घ) अन्तिम छनोट तथा वितरण

(६) **अनुदान सिमा र प्रतिशतः** तरकारीको बीउविजन वितरणमा बढिमा ५० प्रतिशत सम्म लागत साझेदारी हुनेछ । तथा अन्य क्रियाकलापमा यस कार्यविधिको दफा ५ अनुसार हुनेछ ।

(७) **न्यूनतम मापदण्ड/प्रासंङ्गिक विषयः** साना तथा एकल कृषकको हकमा कम्तिमा १ रोपनी तथा समूहको हकमा ५ रोपनी क्षेत्रफल मा तरकारी खेति गरि उत्पादन गर्ने/ हुनुपर्ने साथै व्यवसायिक खेतिमा प्रत्येकले कम्तिमा ३ रोपनीमा खेति गरि उत्पादन लिनुपर्ने । संरक्षित संरचनामा कम्तिमा २ वटा प्लाष्टिक टनेल वा १५० ब. मि. मा खेति भएको हुनुपर्नेछ । साथै व्यवसायिक खेतिको हकमा खेति गरिएको जग्गाको लालपूर्जा फरक भएमा कम्तिमा ५ वर्षको जग्गा भाडाको

संझौतापत्र भएको हुनुपर्नेछ । उत्पादन, प्रशोधन र बजारीकरणमा सहयोग पुर्याउने प्रकारका कृषि सामग्री, बीउविजनहरु सिंचाइ तथा अन्य आवश्यक मेशिनरीहरुमा लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

## २१. कार्यक्रमको नामः प्राङ्गारिक मल तथा कृषि प्रवर्धन कार्यक्रम

(१) **परिचयः** नगरपालिका भित्र प्राङ्गारिक खेति प्रवर्धन गरि स्वस्छ उत्पादनलाई प्रोत्साहन गर्न, रसायनिक मल तथा विषादी न्यूनिकरण गर्दै प्राङ्गारिक खेति तर्फ अन्मुख गराउन यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) **लक्षित समूहः** प्राङ्गारिक कृषिको अनुशरण तथा विस्तार गर्न चाहने कृषक, कृषक समूह, निजि फर्म तथा कम्पनिहरु

(३) **प्रमुख कृयाकलापहरुः**

(क) प्राङगारिक कृषिको अनुशरण तथा विस्तार सम्बन्धि सचेतना अभिबृद्धि (अभिमुखिकरण, क्षमता विकास, तालिम तथा प्रदर्शनहरु)

(ख) प्राङगारिक कृषिको अनुशरण तथा विस्तार कार्यका लागि सहयोगि कार्यक्रमहरु (भकारो सुधार, भर्मिकम्पोष्ट, हरियो मल, जैविक मल, वानस्पतिक विषादी. झोल मल, शुक्ष्म जैविक मल उत्पादन तथा व्यवस्थापन)

(ग) प्राङ्गारिक नमुना कृषि फर्म स्थापना तथा व्यवस्थापन

(घ) रैथाने वाली उत्पादन गर्ने सहयोगि कार्यक्रमहरु

(ङ) प्राङ्गारिक कृषि उत्पादनको विविधिकरण तथा बजारिकरण सम्बन्धि कार्यहरु

(च) कम्पोष्ट मल, भर्मिकम्पोष्ट मल तथा कम्पोष्ट र भर्मि कम्पोष्ट मल उत्पादन गर्ने सामग्रीहरु वितरण

(४) **न्यूनतम मापदण्डहरु**

(क) खुल्ला जमिनमा प्राङ्गारिक उत्पादन गर्न कृषकको हकमा कम्तिमा १ रोपनी समूहको हकमा कम्तिमा १० रोपनी

(ख) प्राङ्गारिक उत्पादन गर्न बनाइएका संरक्षित संरचनामा भए पुराना संरचना सुधार तथा नयाँ निर्माणमा अनुदान सामग्री सहयोग गराइनेछ । जसको लागि कम्तिमा १ रोपनी क्षेत्रफल हुनुपर्नेछ ।

(ग) उत्पादन सामग्रीहरु जस्तै उपयुक्त जातका बीउ, जैविक विषादी तथा विषादी बनाउने सामग्रीहरुमा अनुदान ।

(घ) कृषक पहिचान चिन्हका लागि अनुदान ।

(ङ) प्राङ्गारिक उत्पादन सामग्रीहरु जस्तै प्याकेजिङ, विविधिकरण, ढुवानी तथा लेभलिङ र बजारीकरण सामग्रीहरुमा अनुदान ।

(च) भर्मिकम्पोष्ट सेड तथा जैविक मल उत्पादन सेड निर्माणमा अनुदान ।

(छ) पशुपालन गरेका कृषकलाई प्राथमिकता दिइनेछ ।

**(५) आर्थिक पक्षः**

(क) भकारो सुधार कार्यका लागि प्रति भकारो सुधारका लागि बढिमा रु १०,०००

(ख) हरियो मल, जैविक मल, वानस्पतिक विषादी. झोल मल उत्पादन तथा व्यवस्थापन पूर्ण अनुदानमा ।

(ग) शुक्ष्म जैविक मल उत्पादन तथा व्यवस्थापन, कम्पोष्ट मल, भर्मिकम्पोष्ट मल तथा कम्पोष्ट र भर्मि कम्पोष्ट मल उत्पादन गर्ने सामग्रीहरु निर्माण तथा वितरणमा बढिमा ७५ प्रतिशत

(घ) अन्य कृयाकलापहरुमा दफा ५ अनुसार हुनेछ ।

२२. **कार्यक्रमको नामः कौशी खेति प्रवर्धन कार्यक्रमः**

**(१) परिचयः** शहरी क्षेत्रका वासिन्दाहरूमा खेती गर्ने जमिनको अभाव सबै किसिमका दैनिक उपभोग्य कृषि वस्तुहरू बजारबाट किनेर खानुपर्ने बाध्यता रहेको छ । तरकारी उत्पादन हुने क्षेत्रहरूबाट तरकारी आपूर्ति गरी वा आयातीत तरकारीहरू शहरी क्षेत्रका बजारमा ठूलो परिमाणमा बिक्री हुने गरेको अवस्था छ । शहरी क्षेत्रका आम उपभोक्ता ताजा तरकारीको लागि पूर्ण रूपमा परनिर्भर रहेको

परिपेक्ष्यमा शहरी क्षेत्रमा तरकारी खेती विस्तार आवश्यक रहँदै आएको छ । ठूलो परिमाणमा कृषि उपजहरू आयात गरिने दुई छिमेकी मुलुकहरू भारत र चीनमा विश्वकै उच्च दरमा रसायन र विषादीहरू प्रयोग हुने गर्दछन् । यस सन्दर्भमा ग्रामीण क्षेत्रमा उत्पादन हुने कृषि उपजहरू विशेषत ताजा तरकारी तथा फलफूलहरूले मात्र शहरको माग धान्न नसक्ने देखिएको र बर्तमान समयमा कृषि विज्ञानले हासिल गरेको नवीन प्रविधि उपयोग गरी स्वयम् उपभोक्ताहरू घरायसी प्रयोजनका लागि उत्पादनमा संलग्न हुन सक्ने भएकोले कौशी खेती कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ ।

**(२) कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधि**

(क) कौशी खेती गर्न सम्भाव्य शहरी क्षेत्रका वडा/टोलहरू छनौट गर्नुपर्दछ ।

(ख) शहरी क्षेत्रका वडा/टोलबाट समूहमा कौशी खेती गर्न इच्छुक अनौपचारिक वा स्वघोषित समूह (१५-२५ जना) मार्फत आवेदन माग गर्नुपर्छ ।

(ग) आवेदकहरूको कृषि प्राविधिक मार्फत स्थलगत अनुगमन गर्नुपर्छ ।

(घ) स्थलगत अनुगमन प्रतिवेदनको आधारमा लाभग्राहीहरूको छनौट गर्नुपर्दछ ।

(ङ) **कार्यक्रम क्लस्टरमा गर्नु पर्नेः** कौसी खेती गर्न ईच्छुक नजिक वा छिमेकी घरधुरीहरु मिली एक वडा वा टोलमा न्यूनतम १५ घरधुरीको संयुक्त निवेदन दिनु पर्नेछ । यस्ता समूह "गृहिणी कौसी समूह" को रुपमा नगरपालिकामा दर्ता/ सूचिकृत/अध्यावधिक गर्नु पर्नेछ । कौशी खेतीलाई अभियानको रुपमा सञ्चालन गर्न र एक अर्काको सिकाई आदान प्रदान गर्न केन्द्रले "गृहिणी कौशी समूह" हरुको प्रतिनिधि रहने गरी "नगरपालिका स्तरीय गृहिणी कौशी समूह" गठन गर्न सक्नेछ ।

(च) **सूचना प्रकाशनः** कार्यक्रम सञ्चालन गर्नको लागि प्राङ्गारिक कौशी खेती गर्न ईच्छुक घरधुरीबाट इच्छापत्र आव्हान गर्न सूचना प्रकाशन गर्नु पर्नेछ र सोही अवधिमा इच्छुक आवेदकले संयुक्त आशय पत्र तथा माग गरेका कागजात कृषि शाखामा दर्ता गर्नु पर्नेछ ।

(छ) छनौट लाभग्राहीलाई स्थलगत रूपमा समूहमा कौशी खेतीका लागि अभिमुखीकरण तथा तालिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

(ज) छनौट भएका लाभग्राहीहरूसँग कार्यक्रम सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

(झ) कौशी खेती गर्नका लागि आवश्यक पूर्वाधारहरूको स्पेसिफिकेसन स्वीकृत गरी आवश्यकता अनुसार अनुदान दिन सकिनेछ ।

(ञ) सम्झौताः छनौट भएका साझेदारहरुलाई सम्झौता गर्न आउन सात दिनको समयावधि दिई जानकारी गराउनु पर्नेछ । समयभित्र आउने साझेदारसँग नगरपालिकाले सम्झौता गर्नेछ । समयसीमा भित्र सम्झौता गर्न नआउने साझेदारको स्वतः छनौट रद्द भएको मानी प्रतिक्षा सूचीमा रहेका साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

**(३) आर्थिक पक्ष अनुदान व्यवस्थाः**

(क) छनौट भएका घरपरिवारले कूल लागतको बढीमा ५० प्रतिशत अनुदान प्राप्त गर्नेछन् । क्रेटमा आधारित कौशी खेतीको लागि बढीमा रु. १०,०००।- र हाइड्रो-पोनिक्स प्रविधिको हकमा बढीमा रु. २५,०००।- अनुदान प्रदान गर्न सकिनेछ । यस्ता प्रविधि प्रदान गर्ने आपूर्तिकर्ताले छनौट भएका सेवाग्राहीलाई तालीम दिनु पर्नेछ ।

(ख) साझेदारले सूचीकृत भएका आपूर्तिकर्ताहरु मध्ये पायक पर्ने आपूर्तिकर्तासँग तोकिएको मूल्यमा उक्त प्रविधिको लागि

आवश्यक पर्ने सामाग्रीहरु खरिद गरी कौसी खेती स्थापना गर्नुपर्नेछ । सूचीकृत नभएका तर साझेदारलाई प्राविधिक दृष्टिकोणबाट उपयुक्त लागेका आपूर्तिकर्तासँग सामाग्रीहरु खरिद गरी काम गर्न बाधा पर्ने छैन । शाखाले आवश्यक प्राविधिक परामर्श प्रदान गर्नेछ ।

**कौसी खेतिका लागि आवश्यक सामग्री प्रति व्यक्ति**

| क स | विवरण | इकाइ | परिमाण |
|---|---|---|---|
| १ | मिडिया राख्न क्षेत्रफल ३० ब मि | | |
| १.१ | ग्रो व्याग प्लाष्टिक व्याग | संख्या | २० |
| १.२ | गमला | संख्या | २० |
| १.३ | माछाको स्टाइरोफोम बाकस | थान | २० |
| २ | फलामको बेन्च कम्तिमा १५ वटा ग्रो ब्याग वा गमला वा ५ वटा माछाको स्टाइरोफोम बाकस राख्न मिल्ने | संख्या | कौसीको क्षेत्रफल अनुसार |
| ३ | कोकोपिट तथा मिडिया तयारी | के जी | १० |
| ४ | नर्सरी ट्रे | थान | ५ |
| ५ | थोपा सिंचाइ ५० लि ट्याङ्की सहित | सेट | १ |
| ६ | कम्पोष्ट मल वनाउनको लागि न्यूनतम ५०० लि. क्षमताको ट्याङ्की | सङ्ख्या | १ |
| ७ | भर्मिकम्पोष्ट बनाउनको लागि काठको संरचना निर्माण | ब मि | ४ |
| ८ | जैविक विषादी वा झोलमल वनाउनको लागि ड्रमः न्यूनतम ५० लिटर क्षमताको | संख्या | १ |
| ९ | Rain shelter निर्माण (३० वर्ग मि.) | संख्या | १ |
| १० | हाते स्प्रेयर पम्प ३ लिटरको | संख्या | १ |
| ११ | इ.एम, Waste Decomposer, बीउ, बिरूवा आदि | एकमुष्ठ | १ |
| १२ | कौसी खेतीको विवरण भएको बोर्ड | संख्या | १ |

(ग) प्लाष्टिक क्रेटमा आधारित कौशी खेतिको हकमा बढिमा कौसी खेतिका लागि रु १०,००० र हाइड्रोपोनिक कौशी खेतिको खेतिको हकमा बढिमा रु २५,००० सम्म मुल्याङ्कन प्रतिवेदनका आधारमा भुक्तानी दिइनेछ ।

## २३. कार्यक्रमको नामः बाली उपचार शिबिर (प्लान्ट क्लिनिक) संञ्चालन

(१) **परिचयः** बाली विरुवामा रोग, किरा र अन्य समस्याहरुको कारणहरुले गर्दा बाली उत्पादनमा हास भएको र किसानहरुले विषादी कति

मात्रामा र कसरी प्रयोग गर्ने भन्ने ज्ञान सीपको अभाव रहेकोले कृषकहरुको लगानी खेर गैरहेको छ भने अर्कोतर्फ समयमा नै समस्या समाधान नहुनु र विषादीको प्रयोगले मानिस, जीवजन्तु र वातावरणमा समेत नकारात्मक असर परिरहेको छ । जसको समाधान गर्न बाली उपचार शिविर (Plant clinic) मार्फत कृषकहरुले आफ्नो बालीमा लागेका रोग, किरा तथा अन्य समस्याको समस्याग्रस्त बोट विरुवाका नमूनाहरु शिविरमा ल्याई बाली उपचार विशेषज्ञहरुबाट स्थलगत रुपमा समस्या पहिचान तथा समाधानका उपायहरु बारे सल्लाह सहित बाली संरक्षण सामाग्री, विषादि, हर्मन आदि निशुल्क वितरण गरिने छ।

**(२) कार्यक्रम संञ्चालन प्रकृया**

(क) समस्या देखिएका क्षेत्र तथा रासायनिक विषादीको अत्याधिक प्रयोग भइरहेको क्षेत्रलाई सम्बोधन गर्ने गरी धेरै भन्दा धेरै कृषकहरुलाई सहभागि अनाउन पायक पर्ने ठाउँमा बाली उपचार शिविर संचालन गर्नु पर्दछ ।

(ख) बाली उपचार शिविर संचालन हुने मिति स्थान र समयको बारेमा सम्बन्धित वडा कार्यालय र कृषकलाई स्थानीय स्तर मा सूचना मार्फत प्रचार प्रसार गरि जानकारी दिनु पर्नेछ ।

(ग) कृषकले ल्याएको बालीको नमूना र कृषकसँग लिइएको जानकारीका आधारमा समस्या पहिचान गरी समाधानका उपायहरु कृषकले बुझ्ने गरी लिखित रुपमा कृषकलाई उपलब्ध गराउनु पर्नेछ । उक्त दिन बाली नमूनाको समस्या पहिचान गर्ने प्रयोगशाला पठाउनु पर्ने नमुना बारे छिटो उपयुक्त निकायमा नमूना पठाई समस्याको पहिचान गराई सम्बन्धित कृषकलाई उचित व्यवस्थापनका उपायहरु सहित यथासक्य छिटो जानकारी गराउने व्यवस्था गर्नु पर्नेछ ।

(घ) वाली उपचार शिविर संचालन अवधि १ दिनको हुनेछ ।

(ङ) यस कार्यक्रममा सहभागी कृपकलाई निःशुल्क प्राविधिक सेवा उपलब्ध गराइने छ । जैविक विषादिलाई प्राथामिक दिई निःशुल्क बाली संरक्षण सामाग्री/ विषादी वितरण गर्ने र सोको अभिलेख राख्ने ।

(च) बाली उपचार शिविर प्लाण्ट क्लिनिक विशेषज्ञको प्रत्यक्ष संलग्नतामा गर्नु पर्नेछ । सम्बन्धित नगरपालिका स्तरमा वाली उपचार विशेषज्ञ (प्लाण्ट क्लिनिक विशेषज्ञ) नभएमा नजिकको कृषि बिकास कार्यालय, बाली संरक्षण प्रयोगशाला वा गैह्र सरकारी संस्थाका तालिम प्राप्त बाली उपचार विशेषज्ञ (प्लाण्ट क्लिनिक विशेषज्ञ) को सहयोग लिई संचालन गर्न सकिनेछ ।

(छ) शिविर संचालन गर्न महालक्ष्मी नगरपालिका भन्दा बाहिरको विषय विज्ञ/ प्लाण्ट डाक्टरलाई यातायात खर्च बापत प्रति व्यक्ति रु.१०००।- नियमानुसार उपलब्ध गराउने ।

(३) **बजेट तथा आर्थिक पक्ष :** शिविर सञ्चालनका लागि प्रति शिविर देहाय अनुसार खर्च गर्नुपर्ने छ ।

| क्र.सं. | विवरण | ईकाइ | परिमाण | दर रू | जम्मा रु |
|---|---|---|---|---|---|
| १ | प्रचार प्रसार | पटक | १ | ५००० | ५०००।- |
| २ | शिविर संचालन सामाग्री (एप्रोन,क्याप ,चक्कु, कैची, लेन्स, भाईल, पेपर, केमिकल्स आदि ) | पटक | १ | १०००० | १००००।- |
| ३ | व्यानर, फ्याक्ट सिट, सुझाव पर्चा छपाई आदि | पटक | १ | ५००० | ५०००।- |
| ४ | स्टेशनरी | पटक | १ | २००० | २०००।- |
| ५ | बाली शिविर व्यवस्थापन खर्च (चिया, खाजा आदि) | जना | ५० | २५० | १२५००। |
| ६ | प्रतिवेदन तयार | पटक | १ | १००० | १०००।- |
| ७ | बाली संरक्षण सामाग्री र खरिद वितरण (फेरोमेन ट्र्याप ल्युर, स्टिकि ट्र्याप, विषादी, शुक्ष्म तत्वहरु आदि) | पटक | १ | ३०००० | ३०००० |
| ८ | सहयोगी भत्ता | संख्या | १ | ५०० | १०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | बाली उपचार शिविर संञ्चालन गर्न र विज्ञ प्लाट डाक्टर र प्राविधिकहरुको पारिश्रमिक खर्च | संख्या | ४ जना | ३०००<br>२००० | ६०००<br>४००० |

**नोट :** बाली उपचार शिविरका लागि एप्रोन र क्याप हरियो रङको हुनुपर्नेछ ।

२४. **कार्यक्रमको नामः नर्सरी व्यवस्थापन/स्थापना कार्यक्रम**

(१) **परिचयः** विभिन्न प्रजातिका फलफूल घाँस, तरकारी तथा पुष्पका विरुवा उत्पादन गर्दै नगरपालिकामा सामूहिक तथा निजि स्तरमा स्थापना भएको नर्सरीलाई थप व्यवस्थित बनाउन र नर्सरी स्तरोन्नती गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) **उदेश्यः**

(क) फलफूल घाँसे वाली तथा अन्य विरुवा उत्पादन बृद्धि गर्ने ।

(ख) स्वस्थ विरुवा उत्पादन गर्न प्रोत्साहन गर्न ।

(ग) निजी नर्सरीहरुको सुदृढिकरण गर्न ।

(घ) निजीस्तरमा नर्सरी स्थापना गर्न कृषक, कृषक समूह र व्यवसायिक कृषि फर्म प्रोत्साहन गरी स्रोत केन्द्रको रूपमा विकसित गराउनु ।

(३) **लक्षित समूहः** कृषक, कृषक समूह, निजी फर्म ।

(४) **कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया**

(क) तरकारी नर्सरी स्थापना गर्न कम्तिमा एक रोपनी र फलफूल घाँसको वीउ बेर्ना नर्सरीको हकमा कम्तिमा दुई रोपनी क्षेत्रफल हुनुपर्ने ।

(ख) अनुदानग्राहीले यो कार्यक्रम कम्तीमा तीन वर्षसम्म नियमित रूपमा सञ्चालन गर्नुपर्नेछ। तीन वर्ष सम्म सञ्चालन नगरेमा अनुदान रकम कानून बमोजिम असुल उपर गरिनेछ।

(ग) नर्सरी सुदृढिकरणका लागि विगत तीन वर्ष देखि नर्सरी सञ्चालनमा आइ वार्षिक ५००० विरुवा उत्पादन गर्दै आएको हुनुपर्नेछ ।

(५) **कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरुः**

(क) बीउ, बेर्ना, मल, विषादी, सुक्ष्म खाद्यतत्व खरिद

(ख) सिडलिङ ट्रे, कोकोपिट, पोलिव्याग

(ग) सिँचाइ पूर्वाधार

(घ) स्प्रेयर

(ङ) र्‍याकहरू तखता बनाएको

(च) अन्य औजार उपकरणहरू (ग्रिन नेट, टनेल प्लाष्टिक)

(छ) संरचना बनाउँदा चाहिने अन्य आवश्यक सामग्रीहरू

(६) **आर्थिक पक्षः** नर्सरी स्थापना तथा व्यवस्थापनका लागि अधिकतम ५० प्रतिशत लागत साझेदारीमा सञ्चालन गर्न सकिनेछ ।

२५. **कार्यक्रमको नामः ५० प्रतिशत अनुदानमा कृषि मेशिनरी औजार उपकरण तथा सामग्रीहरु वितरण कार्यक्रम**

(१) **परिचयः** वाली अनुसार उत्पादन प्रशोधन र बजारीकरणमा सहज पुर्याउने कृषि औजार उपकरणहरुमा कृषकहरुको पहुँच बढाइ उत्पादन लागत कम गर्नका लागि अनुदानको व्यवस्था गरि कृषि यन्त्र तथा उपकरणहरु प्रयोगमा प्रोत्साहन गर्न आवश्यक भएकोले माग र आवश्यकता अनुसारका कृषि औजार उपकरण प्रदान गरि कृषिलाई आधुनिकीकरण गर्न यो कार्यक्रम संचालन गरिनेछ । जसमा मिनिटिलर, पावर टिलर, मकै छोडाउने मेशिन, धान, गहुँ, कोदो, कटिङ एण्ड रिपर मेशिन, तराजु, क्रेट, हार्भेष्टर तथा कम्बाइन्ड हार्भेष्टर, धान, आलु तथा मकै रोप्ने मेशिन, झार गोड्ने मेशिन, दाना मिक्चर, ग्रेण्डर मेशिन, च्याफकटर, मिल्किङ मेशिन, तातोपानी सोलार, मिल्क एनालाइजर, डिप फ्रिज, ह्चायिङ मेशिन, ब्रुडर, हिटर, एरिएटर, स्प्रे गन, फुट स्प्रे, प्याकिङ मेशिन, लेभलिङ तथा प्याकेजिङ मेशिन, पिग क्याचर, हुफ टिमर, मौरी तथा मौरी जन्य औजार उपकरण, डिपिङ्ग ट्याङ्क फलफूलका लागि सिकेचर, वाटर पम्प, प्लाष्टिक टनेल निर्माणका लागि प्लाष्टिक सिट लगायतका पर्नेछन् ।

(२) **उदेश्यः**

(क) कृषि पेशालाई आधुनिकरण गरी व्यवसायिक एवम् प्रतिस्पर्धात्मक बनाउन

(ख) कृषिमा यान्त्रीकरण गर्न

(ग) प्रति इकाई उत्पादन वृद्धि तथा उत्पादन लागत कम गर्न

(घ) यूवा, उधमीहरुलाई कृषि पेशामा आकर्षण गर्न

**(३) लक्षित समूहः** कृषक कृषक समूह, फर्म।

**(४) प्रमुख क्रियाकलापः**

(क) माग संकलन

(ख) अनुदानग्राहीको छनौट

(ग) खरिद, ढुवानी र वितरण

**(५) अनुदान सिमा र प्रतिशतः** यस कार्यविधिको दफा ५ अनुसार हुनेछ ।

**(६) न्यूनतम मापदण्ड/प्रासंङ्गिक विषयः** उत्पादन, प्रशोधन र बजारीकरणमा सहयोग पुर्याउने प्रकारका मेशिनरी औजार उपकरणहरु कम्तिमा ५ रोपनीमा खेति गर्ने पन्छीपालनको हकमा कम्तिमा १००० वटा कम्तिमा २ गाईभैसी पालन गर्दै आएका कम्तिमा १० भन्दा बढि बाख्रा/भेडा पालन गर्दै आएको बंगर पालनको हकमा ५ वटा तथा माछाको हकमा १३० ब. मि. मा माछापालन गर्दै आएको मौरी पालनको हकमा गोला सहितको १० घार हुनुपर्नेछ । विगतका बर्षमा अनुदान नपाएका लाभग्राहीहरुलाई प्राथमिकता दिइनेछ ।

## कृषि यान्त्रिकरण माग फारम

**(क) साझेदारको विवरणः**

१. संस्थाको नामः-.................................................

२. अधिकार प्राप्त पदाधिकारीको नाम र नागरीकता प्र.प.न............... जारी मिति.............

३. संस्था दर्ता नं.......... दर्ता मिति............दर्ता निकाय...........

४. स्थायी ठेगानाः- जिल्ला............नगरपालिका....................वडा नं......टोल..........

५. हालको ठेगानाः- जिल्ला................. नगरपालिका...........वडा नं.....टोल...........

६. सम्पर्कः- ..................ईमेल.............................................

७. सम्पर्क व्यक्तिको नामः-.............पदः...........मोबाईल नं. ..........

८. खाता रहेको बैंकको नामः-................ठेगाना.....................खाता नं. .................

९. साझेदारको PAN No......................................

१०.सदस्य संख्याः महिला......पुरुष.........दलित.........जनजाती..........

११.लाभान्वित कृषक संख्याः प्रत्यक्ष...........अप्रत्यक्ष..................

१२.माग गरेको यन्त्रको विवरण

| क्र.स | यन्त्रको नाम | हर्ष पावर/साईज | इन्धन | माग संख्या |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

१३ प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने.................................... क्षेत्रः

| क्र.स. | जिल्ला | नगरपालिका |
|---|---|---|
| | | |

१३.कृषि यन्त्र उपकरण लिन म/हामी छनौट भएमा कार्यालयबाट पाईने सेवा सुविधा वाहेक आफ्नो स्वलगानी गरी कार्यक्रममा संलग्न हुन सहमत छु/छौं।

माथि पेश गरेको विवरण ठिक साँचो छ, झुठा भएमा कानुनी कार्वाहि भएमा राजी छु/छौं।

निवेदकको स

सम्पर्क नः-

मितिः

संस्थाको छापः

## २६. कार्यक्रमको नामः जनचेतनामूलक प्रचार सामग्री निर्माण

(१) **परिचयः** नगर भित्र कृषि तथा पशुपन्छी व्यवसायमा निर्वाहमुखी वा व्यवसायिक रुपमा कृषि कार्य गरिरहेका कृषक निजी फर्म, कृषक समूह, कृषि सहकारी, कृषि उधमीहरुलाई कृषि तथा पशुपन्छीका नविनतम् र आधुनिक प्रविधिहरुको बारेमा जानकारी गराउन प्रविधि अनुसरण गराउन कृषकलाई व्यवसायिक बनाउन रोजगार सृजना गर्ने उदेश्यले कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) **उदेश्यः** कृषकको आवश्यकता अनुसार प्रविधि प्रसारण गर्ने तथा कृषि गतिविधिहरूबारे सरोकारवालाहरूलाई सुसूचित गराउने ।

(३) **कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रक्रिया/कार्यविधिः**

(क) नगरस्तरमा सम्भाव्य प्रविधिहरूलाई समेटेर जानकारीमूलक प्रविधि, सिजन अनुसार गरिने प्रमुख कृषि तथा पशुपन्छी पालनका कर्महरू, अनुसन्धानबाट सिफारिस भएका नयाँ प्रविधि, सफलताको कथा, समस्या समाधानमूलक जानकारी तथा मुख्य-मुख्य कृषि गतिविधि इत्यादि सलग्न गरेको हुनुपर्नेछ ।

(ख) बुलेटिन तथा अन्य प्रचार सामग्री प्रकाशन गर्दा यथासम्भव बाली, बागवानी, बाली संरक्षण, रोग महामारी विपत व्यवस्थापन, पशुपन्छीपालन तथा व्यवस्थापन, बजार, कृषि प्रसार आदि सबै क्षेत्रका जानकारी समेटिएको हुनुपर्नेछ।

(ग) चौमासिक/बार्षिक रूपमा प्रकाशन गर्न सकिनेछ ।

(घ) पोष्टर, पम्पलेट, लिफलेट, युट्यूब, रेडियो, टेलिभिजनबाट प्रशारण, तथा सम्बन्धित शाखाबाट सञ्चालन भएका कार्यक्रमहरु तथा कृषकको सफलताको कथाको डकुमेन्ट्रि तयार गरि प्रशारण गर्न सकिनेछ ।

(४) **आर्थिक पक्षः** उक्त सामग्री तयार पार्न विषय विज्ञहरुको सहयोग लिन सकिनेछ । निजलाई नियमानुसार पारिश्रमिक उपलब्ध गराइनेछ । साथै छपाई, प्रशारण शुल्क, डकुम्न्ट्री तयारी तथा सम्पादन आदिमा खर्च गर्न सकिनेछ ।

## २७. कार्यक्रमको नामः विद्यालयमा कृषि तथा पशुपालन शिक्षा कार्यक्रमः

**(१) परिचयः** विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई कृषि क्षेत्र एक सम्मानजनक पेशा व्यवसाय हो भन्ने जानकारी दिन, उत्पादन, उपभोग , महत्व तथा कृषि, पशुजन्य महामारी जुनोटिक रोगहरु बारे जानकारी प्रदान गर्न, सानै उमेरदेखि हरेक बाल-बालिकालाई कृषि तथा पशु सम्बन्धि व्यवहारिक ज्ञान प्रदान गर्न, असल नागरिक बनाउन र आधारभूत सीप सिकाउनको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उद्देश्य**

(क) विद्यार्थीहरूमा असल कृषि अभ्यासमा प्रोत्साहित गर्ने ।

(ख) विद्यार्थीहरूलाई विषादी, महामारीजन्य रोगहरु र जुनोटिक रोगको बारेमा जानकारी तथा सचेतना गराउने ।

(ग) बालबालिकाहरुलाई कृषि क्षेत्रको उत्पादनको आधारभूत तथा व्यवहारिक सीप सिकाउने ।

(घ) विद्यालयका कृषि बगैचा, खोर, फर्महरू निर्माणको प्रयोगात्मक अभ्यास, वातावरणीय तथा कृषि क्षेत्रको शैक्षिक माध्यमको रूपमा स्थापित गर्न ।

(ङ) सुरक्षित खाद्य वस्तुको उपभोगलाई बढवा दिने

(च) कृषि तथा पशुपन्छिमा आइपर्ने विपद्का बारेमा जानकारी पूर्वतयारी तथा व्यवस्थापन बारे जानकारी गराउने

(छ) विद्यार्थी मार्फत समुदायमा चेतनामुलक कार्यक्रमहरु फैलाउने ।

(ज) वातावरण संरक्षण तथा जैविक विविधता बारे जानकारी गराउने ।

**(३) कार्यक्रमको प्राविधिक पक्ष/संचालन प्रक्रियाः**

**कृषि शिक्षा कार्यक्रम सञ्चालन गर्न उपयुक्त विद्यालय छनौट गर्ने ।**

(क) सामुदायिक तथा संस्थागत विद्यालयहरुको समन्वयमा सञ्चालन गर्न सकिनेछ विद्यालयको नियमित पठनपाठनमा कुनै असर नपुग्ने गरी समय निर्धारण गरिने छ ।

(ख) यो कार्यक्रम सञ्चालन गर्दा कृषि तथा पशु सेवा प्राविधिकबाट तोकिएको हप्तामा कक्षा सञ्चालन गरिने छ ।

(ग) कति वटा कक्षा सञ्चालन गर्ने भन्ने कुरा विद्यालयले उपलब्ध गराउने समय र कार्यक्रममा भर पर्नेछ ।

(घ) प्राविधिकले कक्षा तयारी गर्दा कक्षा अनुसार स्तर निर्धारण गर्नुपर्नेछ । सामान्य रूपमा कक्षा ७ देखि १२ कक्षा सम्मका बालवालिकाहरुलाई विद्यालय कृषि तथा पशुपालन शिक्षा कार्यक्रम समावेस गरिनेछ ।

(ङ) कार्यक्रम सञ्चालन गर्दा कृषि तथा पशु सेवाका प्राविधिकले सैद्धान्तिक ज्ञान दिने र व्यवहारमा उतार्न प्रोत्साहन गर्ने । साथै असल कृषि अभ्यास, विषादीको सही प्रयोग, फलफूल तथा तरकारीहरूको रोपण र हुर्काउने तरिका, खाद्य सुरक्षा तथा पोषण जस्ता विषय वस्तु सम्बन्धी जानकारी दिने । साथै पशुजन्य रोग महामारी जुनोटिक रोग विपद व्यवस्थापन तथा आकस्मिक रोग बारे जानकारी गराउने ।

(च) छनोट गरिएका विद्यालयहरुमा श्रव्य दृश्य, प्रवचन, सामूहिक छलफल, पोष्टर, पम्प्लेट तथा ब्रोसर, अडियो भिडियो, सडक नाटक छायाँकन आदि विधि मध्ये कुनै विधिबाट प्रशिक्षण गरिनेछ । सो कार्य गर्नका लागि नगरपालिकाको कृषि तथा पशु सेवा शाखामा उपलब्ध भएका सम्बन्धित शाखाका कर्मचारीहरुबाट उपलब्ध हुन नसकेका सेवाहरु विज्ञहरु संग समन्वय गरि सञ्चालन गरिने छ ।

(छ) सहभागी विद्यार्थीहरुलाई व्यवहारिक ज्ञान प्रदान गर्नको लागि नजिकको फर्महरुमा अवलोकन भ्रमण गराइनेछ।

**(४) मुख्य कृयाकलापहरुः**

(क) कक्षा सञ्चालन तथा प्रस्तुतिकरण शैद्धान्तिक र व्यवहारिक

(ख) विद्यालय नमुना करेसाबारी निर्माण

(ग) फलफूल बगैंचा निर्माण

(घ) तरकारी खेति गर्न प्लाष्टिक घर निर्माण

(ङ) गमला तथा कौशी खेतिका प्राविधिक प्रविधिहरु

(च) खुल्ला जमिनमा एकिकृत कृषि नमुना डेमो फर्म निर्माण

(छ) बीउजविजन मलखाद विषादी ज्यामी तथा अन्य कृयाकलापहरु

(ज) पशुपन्छीको गोठ/खोर निर्माण स्याहार तथा व्यवस्थापनबारे जानकारी

(झ) पशु पंछीहरुमा देखिने महामारी तथा जुनोटिक रोगहरु

(ञ) प्रतिवेदन

(ट) विविध

**(५) आर्थिक पक्षः**

(क) प्रयोगात्मक कक्षाका लागि जग्गाको व्यवस्था गर्न सक्ने विद्यालय वा विद्यालय हातामा प्रदर्शन फर्म तथा अन्य प्रयोगात्मक कक्षाहरु सञ्चालन गरिनेछ । जग्गा भाडामा लिनु पर्ने भएमा सम्बन्धित जग्गावालासंग विद्यालयले संझौता गरि जग्गा भाडामा लिन सक्नेछ । जग्गाको भाडा भुक्तानी कार्यक्रमबाट नगरपालिकाले गर्नेछ ।

(ख) कक्षाहरु सञ्चालन गर्दा प्रशिक्षण भत्ता, खाजा, स्टेशनरी, मसलन्द, प्रयोगात्मक सामग्रीहरु जग्गा भाडा तथा अन्य व्यवस्थापन कार्य आदिमा खर्च गर्न सकिनेछ ।

## २८. <u>कार्यक्रमको नामः कृषि तथा पशुपन्छी सम्बन्धि विभिन्न दिवसहरु मनाउने</u>

**(१) परिचयः** कृषि तथा पशुपन्छीसंग सम्बन्धि नागरिकमा जनचेतना फैलाउन, कृषि क्षेत्रको बजार प्रवर्धन गर्न तथा कृषिक्षेत्रसंग सम्बन्धित संस्कृति जोगाउन पर्यटन प्रवर्धन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) मुख्य कृयाकलापहरुः**

(क) कृषि तथा पशुपंछी क्षेत्रका दिवस मनाउन निर्णय गर्ने ।

(ख) दिवससंग सम्बन्धित अन्तरक्रिया, र्याली, प्रभातफेरी, श्रव्य दृश्य प्रशारण, लोकदोहोरी, बकतृत्वकला, स्कुल शिक्षा, निवन्ध लेखन,

झाँकी प्रदर्शन, कृषि तथा पशुपालनका उपजहरुको स्वाद चखाउने तथा प्रशारण आदि जस्ता कृयाकलाप सञ्चालन गरिनेछ । दिवससंग सम्बन्धित टेवा पुर्याउने कृषकहरू सहकार्य गर्ने निकायहरू तथा माध्यमिक तहका विद्यार्थीहरूबीच बक्तृत्वकला, निवन्ध प्रतियोगिता आयोजना गरी नागरिकबीच प्रतिस्पर्धात्मक कार्यक्रम गर्ने।

(ग) खाद्य सुरक्षामा योगदान दिने कृषक समूह तथा सहकारीहरूको सहभागितामा चेतनामूलक व्यानर, प्लेकार्ड सहितको झाँकी प्रदर्शन जस्ता कार्यक्रम आयोजना गरी सम्बन्धित दिवसका बारेमा जनचेतना फैलाउने ।

**(३) आर्थिक पक्षः**

(क) दिवस कार्यक्रममा उपस्थितहरुलाई खाजा, पानी, लोकदोहोरी, बक्तृत्वकला, निवन्ध लेखन प्रतियोगितामा निर्णायक मण्डलको पारिश्रमिक, प्रतियोगीका विजेतालाई पुरस्कार, प्रमाण पत्र छपाई, खादा माला, तथा झाँकी प्रदर्शनको पारिश्रमिक, साउण्ड सिस्टम, स्टल निर्माण, कार्यक्रमसंग झल्कने टोपी, टिसर्ट, ज्याकेट तथा दिवस अनुसारका जस्तै मह च्याउ दूध वा सो बाट बनेका परिकारहरु आदिका स्वाद चखाउन तथा प्रसारण कार्य आदिमा खर्च गर्न सकिनेछ ।

(ख) धान दिवस तथा रोपाइ महात्सवको हकमा जग्गा तयारी, मल, बीउ, बीउ उखेल्ने तथा अन्य कार्यहरुमा दिवस अनुसारका कृषि पशुपालनका उपजहरु आदिमा स्थानीय दररेटका आधारमा खर्च गर्न सकिनेछ ।

(ग) **प्रतियोगिलाई देहायानुसार पुरस्कार दिइनेछ ।** निवन्ध, बक्तृत्वकला, वादविवाद प्रतियोगिलाई प्रथम, द्वितिय, तृतिय र सान्तवनालाई क्रमशः रु. ३०००, २०००, १००० र ५०० साथै लोक दोहोरी प्रतियोतिहरुलाई प्रथम, द्वितिय, तृतिय र सान्तवना लाई क्रमशः रु. ५०००, ३५००, २००० र

१००० उपलब्ध गराउन सकिनेछ । पुरस्कार राशीमा नियमानुसार कर लाग्नेछ ।

## २९. अगुवा कृषक तथा प्राविधिक अवलोकन भ्रमण

**(१) परिचयः** नगरपालिका भित्र कृषि तथा पशुपालन गर्ने अगुवा कृषकहरुलाई आन्तरिक तथा बाहिय स्थानमा रहेका व्यवसायिक उत्पादन स्थल, नविनतम् एवम् उच्च प्रविधि अपनाएका सरकारी फर्म, अनुसन्धान केन्द्र, निजी फर्म, सहकारी, उद्योग, नमुना फर्म, सामूहिक खेति, प्रजनन केन्द्रहरु, सिमेन बैंक आदिमा अवलोकन भ्रमण गराइ आफ्ना व्यवसायमा प्रेरणा लिने अवसर दिन र आफ्नो स्थानमा फर्केपछि त्यहाँ अपनाइएका प्रविधिहरुलाई अनुरशण गर्न, व्यवसायिक हुन प्ररित गर्न, बजारीकरणको सञ्जालमा जोडिन र पुनर्ताजगी गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) मुख्य कृयाकलापहरु**

(क) नगरपालिका भित्र वा बाहिरका अवलोकन स्थल बस्ने स्थान, यातायात, सञ्चार, व्यवस्थापन आदि अग्रिम रुपमा तयार गरि भ्रमण गरिने स्थल एबम् सम्बन्धित व्यक्तिहरु तय गरि प्रारम्भ गर्ने ।

(ख) भ्रमणका लागि साधारण लेखपढ गर्न सक्ने सिकाउने भावना भएका सहभागी कृषक र कृषि तथा पशुसेवाका प्राविधिक गरि बढिमा ३० जनाको हुनेगरि छनौट गरिनेछ ।

(ग) भ्रमणका बारे कार्यक्रम सुरु हुनु पूर्व परिचय र स्पष्ट रुपमा कार्यक्रम बारे जानकारी दिने ।

(घ) भ्रमणको क्रममा सबैलाई सहुलियत दिइ लाभप्रद तुल्याउनु पर्दछ । हरेक दिन भ्रमणको उपलब्धि समिक्षा गर्नुपर्नेछ र अन्त्यमा समापन समिक्षा गरि सहभागीहरुको तर्फबाट समेत आगामि दिनमा गर्नुपर्ने विषयहरुको बारेमा छलफल गर्नेपर्नेछ ।

(ङ) भ्रमण अवधि १ देखि ७ दिन सम्म हुन सक्नेछ ।

**(३) आर्थिक पक्षः** भ्रमणमा निम्नानुसार शीर्षकका खर्च गर्ने सकिनेछ ।

(क) सहभागीलाई खाजा

(ख) स्टेशनरी

(ग) मसलन्द

(घ) सहभागीहरुको दै भ्र भ

(ङ) यातायात खर्च तथा गाडी भाडा

(च) सामान्य औषधी किट

(छ) विविध

(ज) दुर्घटना बीमा

(झ) भ्रमण संयोजक तथा भ्रमण प्रतिवेदन तथा फोटो

(ञ) अवलोकन गर्ने स्थानको शुल्क/प्रशिक्षक शुल्क

(ट) अन्य भैपरि खर्च

## ३०. कार्यक्रमको नामः उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान कार्यक्रम

(१) **परिचयः** नगरपालिका भित्र राम्रो व्यवसायिक रुपमा पशुपन्छीपालन, तरकारी खेति, फलफूल खेति, नर्सरी, च्याउ खेति, पुष्प खेति, खाद्यान्न वाली, रैथाने वाली तथा पशुको संरक्षण गर्ने उत्कृष्ट कृषकहरुलाई उचित सम्मान र प्रोत्साहन गर्नाले आन्तरिक पर्यटनको विकास तथा व्यवसाय गर्न हौसला प्रदान गर्न कृषि पेशालाई मर्यादित पेशा बनाउन अन्य कृषकहरुले व्यवसायमा गरेका राम्रा पक्षहरुलाई अनुशरण गर्न र कृषकको मनोबल उच्च बनाउन कृषि तथा पशुपन्छी सम्बन्धि देहायका विभिन्न विधामा आवश्यकता तथा समय सिजन अनुसार विषयगत आन्तरिक प्रतिस्पर्धा गर्न कृषक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) **कार्यक्रम सञ्चालन प्रकृयाः**

(क) सम्बन्धित शाखाबाट अनुसूची १ अनुसार सूचना मार्फत भाग लिन जानकारी गर्ने । सबै वडामा पत्राचार गरि जानकारी गराउने ।

(ख) निर्धारित मिति भित्र प्राप्त रीत पुगेका प्राप्त आवेदनहरु उपर देहाय बमोजिमका मापदण्डहरुको आधारमा सम्बन्धित शाखाका

प्राविधिकहरु र कृषि व्यवसाय प्रवर्धन समितिबाट स्थलगत अनुगमन गरि पुरस्कारका लागि कृषक छनौट गरि निर्णय गर्ने ।

(ग) एकै व्यवसायिक कृषकले वाली तथा पशुपन्छी पालन गरि दुईबटै विधामा उत्कृट देखिएमा समितिले एउटा विधामा छनौट गर्नेछ ।

(घ) औपचारिक कार्यक्रमको आयोजना गरी पुरस्कार वितरण तथा सम्मान कार्यक्रम गर्ने ।

(ङ) कार्यक्रमका विषयगत क्षेत्रहरु तथा मापदडहरु निम्नानुसार हुनेछन् ।

| क्र स | विधाहरु | क्षेत्रफल संख्या न्युनतम | कैफियत |
|---|---|---|---|
| १ | पुष्प खेति | खुला २ रोपनी, टनेलमा भए ५ वटा | |
| २ | च्याउ खेति | टनेलमा १० वटा | |
| ३ | मौरीपालन | २५ घारगोला सहित | |
| ४ | खाद्यन्न वाली | ६ रोपनी | |
| ५ | फलफूल वाली | ३ रोपनीमा उत्पादन सुरु भएको | |
| ६ | तेलहन वाली | ५ रोपनी | |
| ७ | अन्य तरकारी वाली | ५ रोपनी | |
| ८ | गोलभेडा खेति | खुला ३ रोपनी, टनेलमा भए १० वटा | |
| ९ | रैथाने वाली | २ रोपनी | |
| १० | नर्सरी (फलफूल तरकारी अन्य) | वार्षिक १० हजार विरुवा उत्पादन | |
| ११ | बाख्रापालन | १० माउ बाख्रा | |
| १२ | गाइपालन | ५ माउ | |
| १३ | भैसीपालन | ५ माउ भैसी | |

| | | | |
|---|---|---|---|
| १४ | पन्छीपालन | २००० संख्या | |
| १५ | प्रजनन् साँडे | उमेर ३ वर्ष | |
| १६ | प्रजनन् राँगो | उमेर ३ वर्ष | |
| १७ | प्रजननको बोका | उमेर १ वर्ष | |
| १८ | घाँस खेति | बहुवर्षे ३ रोपनी अन्य घाँस खेति ३ रोपनी | |
| १९ | माछापालन | कम्तिमा ३०० ब मि | |
| २० | थोरे तथा कोरली पालन | ५ वटा | |

**(३) आर्थिक पक्षः**

(क) सहभागी संख्याको आधारमा प्रत्येक विधामा प्रथम, द्वितिय, तृतीय र प्रोत्साहनलाई क्रमश १०,०००, ७,०००, ४,००० र २,००० पुरस्कार दिइनेछ । पुरस्कार राशीमा नियमानुसार करकट्टि हुनेछ ।

(ख) स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रहि स्टेशनरी, फ्रेम सहितको प्रमाणपत्र, फूलमाला, अबिर, दोसल्ला खाजा खर्च मसलन्द तथा अन्य व्यवस्थापन कार्यमा खर्च गर्न सकिनेछ ।

**(व्यक्तिगत विवरणको ढाँचा)**

१. कार्यक्रममा सहभागी हुने कृषकको नामः-

२. जन्म स्थान र जन्म मितिः-

३. सहभागिको स्थायी ठेगानाः-

**श्रोत साधनको विवरण**

| क्र.स. | विवरण | इकाइ | परिमाण |
|---|---|---|---|
| १ | **कुल जग्गाको क्षेत्रफल (ठेक्का लिएको जग्गा समेत)** | | |
| क | कुल खेती गरिएको क्षे.फ. | | |
| ख | पशुपालनको लागि प्रयोग जग्गाको क्षे.फ. | | |

| | | | |
|---|---|---|---|
| | गरेको | | |
| ग | सिंचित जग्गाको क्षे.फ | | |
| २ | **सिंचाइको श्रोत** | | |
| क | कुलो | | |
| ख | बोरिङ | | |
| ग | इनार | | |
| घ | कृषि यन्त्र उपकरणहरुको विवरण तथा आवश्यकता | | |

## ४. खेती गरिएको बाली क्षेत्रफल पशुपन्छीपालन संख्या र उत्पादन विवरण

| **क्र.स.** | **विवरण** | **इकाई** | **परिमाण** | **उत्पादन** |
|---|---|---|---|---|
| **क** | **कृषि बाली तर्फ** | | | |
| १ | खाध्यान्न बाली | | | |
| क | धान | | | |
| क | मकै | | | |
| ख | गहूँ | | | |
| २ | तेलहन बाली | | | |
| क | तोरी | | | |
| ३ | तरकारी बाली | | | |
| क | बर्षे तरकारी | | | |
| ख | हिउदे तरकारी | | | |
| ग | बेमौसमी तरकारी | | | |
| ४ | गोलभेडा | | | |
| ५ | फलफूल बाली | | | |
| ६ | च्याउखेती | | | |
| ७ | मौरी पालन | | | |
| ८ | नर्सरी | | | |
| ९ | पुष्प खेति | | | |
| १० | रैथाने बाली | | | |

| ख | **पशुपन्छी पालन तर्फ** | | | |
|---|---|---|---|---|
| १ | बाख्रापालन | | | |
| २ | गाइपालन | | | |
| ३ | भैसीपालन | | | |
| ४ | पन्छीपालन | | | |
| ५ | प्रजनन् साँडे | | | |
| ६ | प्रजनन् राँगो | | | |
| ७ | प्रजननको बोका | | | |
| ८ | घाँस खेति | | | |
| ९ | माछापालन | | | |
| १० | थोरे तथा कोरली पालन | | | |

## ५. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरण

| क्र.स | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १ | कृषि ऋण श्रोत एवं पहुँच | | | | |
| २ | बालि तथा पशुधन बीमा कार्यक्रममा पहुँच | | | | |
| ३ | कार्यक्रम / आयोजनाबाट परियोजना प्राप्ति | | | | |
| ४ | प्राबिधिकसँगको संम्पर्क स्थिति | | | | |

## ६. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

| क्र.स | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | पशुपालन कार्यमा | | | |
| ३ | पन्छी पालन कार्यमा | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | प्रशोधन तथा बजारिकरण कार्यमा | | | |

### ७. कृषि ब्याबसायमा लगानी स्थिती

| क्र.स | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | जम्मा खेती खर्च | | |
| २ | जम्मा पशुपालन खर्च | | |
| ३ | जम्मा पन्छी पालन खर्च | | |
| ४ | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ५ | अन्य खर्च | | |
| | कुल जम्मा खर्च | | |

### ८ कृषि व्यावसायमा भएको लगानीको श्रोतः

| क्र.सं. | लगानीको श्रोत | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | कृषि विकास बैंकबाट लिएको ऋण रकम | | |
| २ | अन्य बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | | |
| ३ | समुह/ सहकारीबाट लिएको ऋण रकम | | |
| ४ | साहुबाट लिएको ऋण रकम | | |
| ५ | छिमेकीबाट लिएको ऋण रकम | | |
| ६ | आफ्नै आम्दानीबाट रकम | | |
| | जम्मा | | |

### ९. कृषि पेशाबाट बार्षिक पारिबारिक आम्दानी स्थिती

| क्र.सं. | सेवा तथा संस्थागत पहुँच | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशु पालनबाट | | |
| ३ | पन्छी पालनबाट | | |

| | | | |
|---|---|---|---|
| ४ | कृषि उपजको बजारीकरणबाट | | |
| ५ | कृषि पेशा अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट | | |
| | कुल जम्मा आम्दानी | | |

**१०. निम्न विषयमा सहभागी कृषक दक्षताः**

| क्र.सं. | दक्षताको क्षेत्र | स्थिती |
|---|---|---|
| १ | उन्नत प्रविधी उपयोग तथा अनुसरण (भएको/ नभएको) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग (गरेको/नगरेको) | |
| ३ | प्रविधी विस्तारमा योगदान (भएको/ नभएको। | |
| ४ | रोग किरा नियन्त्रण प्रविधिको उपयोग (भएको/नभएको) | |
| ५ | भकारो एबम् गोठ सुधार (गरेको/नगरेको) | |
| ६ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्याबस्थापन (गरेको/नगरेको) | |
| ७ | कुनै किसिमको पुरस्कार एबम् प्रशंसा पत्र (पाएका/ नपाएका) | |
| ८ | समूह, समिती, सहकारीका सदस्य (भएको/नभएको) | |
| ९ | स्थानीय स्तरमा आफ्नो अनुभबको आदान प्रदान (गरेको/नगरेको) | |

११ नयाँ कृषि प्रविधीको विकासः

१२ खेती प्रणालीमा अपनाइएको नयाँ प्रविधीहरुको विवरणः

१३ कृषि व्यावसाय एंबम् प्रविधीहरुको विस्तृतीकरण (कुनै भएमा)

१४ कृषि व्यावसाय प्रवर्द्धनका भावी योजना (कुनै भएमा)

१५ कृषकको सफलताको कथा (बढीमा १०० शब्दमा नबढने गरी)

१६ कार्यक्रम संचालन स्थलको सबै गतिबिधीहरु देखिने ५ प्रति रंगिन फोटो

## निवेदनको ढाँचाः

मिति............

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
महलक्ष्मी नगरपालिका ललितपुर

**विषयः उत्कृष्ट कृषक सम्मान कार्यक्रममा भाग लिने बारे ।**

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति......................को सूचना अनुसार उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान कार्यक्रममा सहभागी हुन इच्छुक भएको हुँदा उक्त कार्यक्रममा सहभागी गराइदिनुहुन अनुरोध गर्दछु ।

सहभागि हुन चाहेको विधाः................................................................

फर्मको नाम..........................................................................

फर्मको ठेगानाः-...................................................... ..................

फर्म संचालकको नामः-................................ ..........................................

फर्म संचालकको संम्पर्कनम्बरः-...........................................................

सहभागि हुने विषयको बिस्तृत विवरण

**संलग्न कागजातहरु :-**

(१) निवेदकको नागरीकताको प्रतिलिपि

(२) महालक्ष्मी नगरपालिका वा वडा कार्यालयमा फर्म दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि।

(३) पान नम्बरको प्रतिलिपि ।

(४) कर चुक्ताको प्रतिलिपि ।

(५) व्यवसाय संग सम्बन्धित बीमा, तालिम, लेखापरिक्षण, अनुभव आदि

(६) सम्बन्धित बडा कार्यालको सिफारिस

**निवेदक**

नामः...........................

ठेगानाः...........................

सम्पर्क नः.......................

## उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान कार्यक्रमको निबेदन माग सूचनाको ढाँचा

**सूचना । सूचना । सूचना ।**

**मितिः**

महालक्ष्मी नगरपालिका कृषि बिकास तथा पशु सेवा शाखाको आ.व. २०.... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार ब्यवसायिक कृषकहरुलाई उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान कार्यक्रम रहेको हुदा यस नगरपालिका अन्तरगतका वार्ड न १ देखि १० सम्मका ईच्छुक ब्यवसायिक कृषि तथा पशुपन्छी पालक कृषकहरु बाट माग निबेदन आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ....... भित्र तोकिएको बमोजिमको ढाँचा अनुसारको निबेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः आबेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

**संलग्न गर्नु पर्ने कागजातहरु**

(१) अनुसूची ३ अनुसारको माग निबेदन ।

(२) नेपाली नागरिकको आफैबाट प्रमाणित प्रतिलिपि ।

(३) सम्बन्धित वडा कार्यालयको सिफरिस पत्र ।

(४) फर्म दर्ता प्रमाणपत्रका प्रतिलिपिहरु ।

(५) अन्य आवश्यक ठानेका कागजपत्रहरु

### कृषक छनौट गर्ने सूचकहरुः

| १ पशुपन्छी तर्फको मुल्याङ्कनको आधारहरु | | | | | |
|---|---|---|---|---|---|
| **गाई भैसी बाखा थोरे कोरली** | **अंक** | **पन्छीपालनका सूचकहरु** | **अंक** | **घाँसखेतिका सूचकहरु** | **अंक** |
| स्थायी वासिन्दा | १५ | स्थानीय व्यवसायी | १५ | स्थानीय व्यवसायी | १५ |
| पशु संख्या | १५ | पन्छी संख्या | १५ | घाँसको क्षेत्रफल | १५ |
| घाँसको उपलब्धता | १० | दानापानीको व्यवस्था | १० | घाँसको उत्पादन | १५ |
| पशु स्वास्थ्य | १० | पन्छी स्वास्थ्य | १० | कागजातहरु | ५ |
| जैविक सुरक्षा गोठ<br>पशुको सरसफाई | १० | जैविक सुरक्षा<br>खोर र पन्छीको सरसफाई | १० | रेकर्ड पद्दति<br>रोजगारी | ५ |
| उत्पादन कारोबार | १० | उत्पादन र कारोबार | १० | घाँसका जातहरु | १० |
| कागजातहरु | ५ | कागजातहरु | ५ | सिँचाइको व्यवस्था | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| बीमा | ५ | बीमा | ५ | मलको प्रयोग | ५ |
| खोप, उपचार | ५ | खोप, उपचार | ५ | घाँसको भण्डारण | ५ |
| रेकर्ड पद्दति | ५ | रेकर्ड पद्दति | ५ | घाँसको बजार | ५ |
| रोजगारी | ५ | रोजगारी | ५ | घाँसको तालिम | ५ |
| तालिम (१ वा ३ वा ७ दिने) | ५ | तालिम (१ वा ३ वा ७ दिने) | ५ | **जम्मा** | १०० |
| **जम्मा** | १०० | **जम्मा** | १०० | | |
| **माछा पालनका सूचकहरु** | **अंक** | **प्रजननको बोका /राँगो र साँढे पालनका सूचकहरु** | **अंक** | **कृषि बाली तर्फ** | **अंक** |
| स्थानीय व्यवसायी | १५ | स्थानीय व्यवसायी | १५ | स्थानीय व्यवसायी | १५ |
| पोखरीको संख्या र क्षेत्रफल | १५ | बोका / राँगोको उमेर | ५ | सिंचाइ सुविधा भएको | १० |
| दानाको व्यवस्थापन | ५ | जैविक सुरक्षा गोठ र बोका / राँगाको सरसफाई | १० | उन्नत प्रविधिको प्रयोग भएको | १० |
| कागजातहरु | ५ | कागजातहरु | ५ | उत्पादन | १० |
| रेकर्ड पद्दति | ५ | बीमा | ५ | क्षेत्रफल तथा संख्या | १५ |
| रोजगारी | ५ | घाँसको उपलब्धता | ५ | खेत वारीको सरसफाइ | ५ |
| बीमा | ५ | बोका / राँगोले पुर्याएको सेवा | १० | रेकर्ड पद्दति | ५ |
| उत्पादन | १० | खोप, उपचार | ५ | रोजगारी | ५ |
| जैविक सुरक्षा र सरसफाई | १० | रेकर्ड पद्दति | ५ | तालिम | ५ |
| माछाको स्वास्थ्य | १० | बोका राँगोको स्वास्थ्य | १० | रोग किराको उचित व्यवस्थापन भएको | १० |
| पानीको श्रोत | १० | बोका / राँगोको व्यवहार अवलोकन | ५ | कागजातहरु | ५ |
| तलिम | ५ | तलिम | ५ | जैविक विधि अपनाएको | ५ |
| **जम्मा** | १०० | प्रजनन अंग तथा शारीरिक बनावट | १० | | १०० |
| | | ट्याबिज भएको | ५ | | |
| | | **जम्मा** | १०० | | |

| **मौरीपालनका सूचकहरु** | **अंक** | **च्याउ खेतिका सूचकहरु** | **अंक** | **पुष्प खेतिका सूचकहरु** | **अंक** |
|---|---|---|---|---|---|
| स्थानीय व्यवसायी | १५ | स्थानीय व्यवसायी | १५ | स्थानीय व्यवसायी | १५ |
| मौरीघार गोला संख्या | १५ | टनेल संख्या | १५ | सिंचाइ सुविधा भएको | १० |
| मह उत्पादन | १० | जैविक सुरक्षा तथा सरसफाई | १० | उन्नत प्रविधिको प्रयोग भएको | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| कागजातहरु | ५ | कागजातहरु | ५ | उत्पादन | १० |
| रेकर्ड पद्दति | ५ | बीमा | ५ | क्षेत्रफल तथा संख्या | १० |
| रोजगारी | ५ | उत्पादन | १५ | सरसफाइ | ५ |
| बीमा | ५ | बजारीकरण | १० | बजारीकरण | १० |
| चरन व्यवस्थापन | १० | तालिम | ५ | रेकर्ड पद्दति | ५ |
| जैविक सुरक्षा र सरसफाई | ५ | रेकर्ड पद्दति | ५ | रोजगारी | ५ |
| तालिम | ५ | नविनतम प्रविधि | १० | तालिम | ५ |
| नविनतम प्रविधि | १० | रोजगारी | ५ | रोग किराको व्यवस्थापन भएको | १० |
| अन्य उत्पादन | १० | **जम्मा** | १०० | कागजातहरु | ५ |
| **जम्मा** | १०० | | | **जम्मा** | १०० |

## ३१. कार्यक्रमको नामः नमुना फर्म विकास कार्यक्रम

(१) **परिचयः** नगरपालिका भित्र गाई भैंसी, भेंडाबाख्रा, हाँस, कुखुरा, टर्की, माछा, थोरे, कोरली, घाँस, कालिज तथा तरकारी फलफूल पुष्प च्याउ मौरी नर्सरी रैथाने बाली जस्ता विषयमा कार्य सञ्चालन गरी स्थानीय स्तरमा नै उत्पादन वृद्धि गरी रहेका फर्महरूको अनुशरणबाट अन्य व्यवसायीहरुलाई समेत प्रोत्साहन र उत्साह वृद्धि गर्ने गरी सञ्चालन भइरहेका फर्मलाई नगरपालिकाबाट केही सुविधा उपलब्ध गराई सञ्चालित फर्मलाई अझै बढी व्यवस्थित गर्न तथा आधुनिकीकरण गरी नमुना फर्मको रुपमा विकास गर्दा आन्तरिक तथा बाह्य पर्यटनको विकास हुने र अन्य व्यवसायीलाई समेत सिकाइको अवसर प्राप्त हुनाको साथै कम लागतमा गुणस्तरीय उत्पादनमा वृद्धि गर्दै रोजगारी सृजना गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) **कार्यक्रम संचालन प्रक्रिया**

(क) दुई वर्षभन्दा पुराना दर्तावाला फर्महरुमा कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) सूचना प्रकाशन मार्फत् प्रस्ताव आह्वान गरिनेछ ।

(ग) कार्यक्रममा सहभागी हुन स्थायी वासिन्दा भएको हुनुपर्नेछ ।

(घ) कार्ययोजना प्रस्तावकले अनुसूची ३ अनुसार पेश गर्नुपर्नेछ ।

(ङ) आवश्यक ठानेका कागजातहरु प्रस्ताव आव्हानका बखत माग गर्न सक्नेछ ।

(च) कार्य प्रारम्भ हुनु अगाडि दुई पक्षीय सम्झौता हुनेछ ।

(छ) विगत दुई वर्षभित्रमा अनुदान प्राप्त गरी सकेका फर्मलाई कार्यक्रममा समावेश गराईने छैन ।

(ज) प्राप्त प्रस्ताव उपर अनुसूची ६ अनुसार छनौट गरिनेछ ।

**(३) कार्यक्रमको आर्थिक प्रक्रिया**

(क) कुल लगानी रकममा ५० प्रतिशत भन्दा बढी अनुदान रकम हुने छैन ।

(ख) कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि प्राविधिक प्रतिवेदनका आधारमा मात्र भुक्तानी हुनेछ ।

(ग) पूर्वाधार विकास, उत्पादन सामग्री, आधुनिक मेशिनरि औजार, फर्ममा प्रयोग हुने सामग्रीहरु जस्ता विषयमा खर्च गर्न सकिनेछ ।

**३२. <u>कार्यक्रमको नामः आकस्मिक तथा मागमा आधारित कार्यक्रमः</u>**

**(१) परिचयः** नगर भित्रका कृषक, व्यवसायिक कृषक तथा कृषि उद्यमीले गरिरहेको कृषि कर्म र संभ्यावताका आधारमा अनुदान प्रवाह गरेमा कृषि तथा पशुजन्य उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अघि बढ्ने र संगठित बजारमा कृषि तथा पशुजन्य उपजहरुको उपलब्धता बढ्ने तथ्यलाई मध्यनजर गर्दै कृषि उत्पादनको व्यवसायिकरण तर्फ उत्प्रेरित गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) कार्यक्रम सञ्चालन प्रकियाः**

(क) **लक्षित वर्गः** कृषक, कृषक समूह, निजि व्यवसायिक फर्महरु

(ख) **क्रियाकलापका क्षेत्रहरुः** लक्षित समूहलाई तरकारी खेतिको लागि प्लाष्टिक टनेल निर्माण, पुष्प, फलफूल, खाद्यन्न, नर्सरी, बाख्रापालन, गाई भैसीपालन, पंन्छीपालन, मौरीपालन, च्याउ खेति आदिको प्रवर्धन तथा कृषि क्षेत्रका उत्पादन सामग्री सम्बन्धि क्रियाकलापहरु पर्नेछन् ।

(ग) सार्वजनिक सूचना मार्फत अथवा कृषकहरुले नगर प्रमुख, नगर उपप्रमुख, कृषि विकास तथा पशु सेवा शाखामा कार्यक्रम वा सामग्री माग गरि प्राप्त भएका निवेदन उपर अनुसूची ३ अनुसार कार्ययोजना पेश भएका माग उपर मुल्याङ्कन गरि छनौट गरिनेछ ।

(घ) प्रस्ताब तथा माग अनुसारका कृषि क्षेत्रका सामग्रीहरु नगरपालिकाको कृषि बिकास तथा पशु सेवा शाखाले खरिद गरि ५० प्रतिशत अनुदानमा वितरण गरिनेछ । सामग्री उपलब्ध गर्न नसकिने प्रकृतिका कार्यक्रमहरुको हकमा लागत अनुमान स्वीकृत गरि कार्ययोजना र अनुसूची ४ अनुसार संझौता गरि कार्य सम्पन्न र फिल्ड निरिक्षण पश्चात बढिमा ५० प्रतिशत रकम उपलब्ध गराइनेछ । तर साना किसान र न्यून आय भएका कृषकहरुका लागि बढिमा रु तीस हजार सम्मका कृषि/पशु सेवा क्षेत्रका सामग्रीहरु पूर्ण अनुदानमा उपलब्ध गराउन बाधा पर्ने छैन ।

(ङ) विगत २ वर्ष देखि नगरपालिका तथा अन्य निकायबाट अनुदान प्राप्त गरेका कृषकहरु यस कार्यक्रममा समावेश हुन सक्ने छैनन् ।

**(३) आर्थिक पक्ष एवम् मापदण्डहरु**

अनुदानका हकमा देहायानुसार उपलब्ध गराउन सकिनेछ ।

| क्र स | न्युनतम मापदण्ड | अनुदान रकम अधिकतम |
|---|---|---|
| १ | तरकारी, पुष्प खेति, फलफूल, नगदे वाली, मसला वाली, रैथाने बालीः कम्तिमा एक रोपनीमा खेति भएको टनेलको हकमा २ वटा | |
| २ | च्याउ खेतिः २ वटा टनेलमा उत्पादन, सिताकेको हकमा ३०० मुढा | |
| ३ | मौरीपालनः कम्तिमा ५ घारगोला सहितको | |

| | | |
|---|---|---|
| ४ | नर्सरीः कम्तिमा ३००० विरुवा उत्पादन गरेको | रु ५०,००० |
| ५ | खाद्यन्नमा र रैथाने वालीः कम्तिमा २ रोपनी | |
| ७ | बाख्रापालनः कम्तिमा १० माउ | |
| ८ | पन्छीपालनः कम्तिमा २०० | |
| ९ | गाइभैसीः कम्तिमा २ माउ | |
| १० | माछापालनः कम्तिमा २०० ब मि | |
| ११ | बंगुरः कम्तिमा ५ माउ | |
| १२ | घाँसखेतिः कम्तिमा ५ रोपनी | |

३३. कार्यक्रमको नामः कृषि तथा पशुपंन्छी उपज मुल्य श्रृंखला कार्यक्रम

(१) **परिचयः** कृषकहरुले उत्पादन गरेका कृषि तथा पशुपन्छीमा उपजहरुमा उत्पादन प्रशोधन विविधिकरण र बजारीकरण कार्यहरु गर्न र बजारीकरणको सुनिश्चित गर्दै कृषकको आय आर्जनमा टेवा पुर्याउन यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) **उदेश्यः**

(क) कृषि तथा पशुपन्छी उपजको व्यवसायिक उत्पादन कार्यमा संलग्न रहने कृषकहरु बीचको व्यवसायिक संजाललाई सुदृढ गरि उत्पादन प्रशोधन विविधिकरण र बजारीकरण कार्यहरुबीच समन्वय ल्याउने ।

(ख) कृषि उत्पादनहरुको बजार सुनिश्चित गरि कृषकको आय आर्जनमा बृद्धि गर्ने।

(ग) कृषि तथा पशुपन्छीका उपजहरुको उत्पादन प्रशोधन, विविधिकरण, व्यवसायीकरण बजारीकरण र औधिगकीकरण कार्यमा सहयोग गर्न ।

(३) **कार्यक्रम सञ्चालन विधि तथा कृयाकलापहरु**

(क) **उत्पादन सामग्रीमा सहयोगः** कृषि तथा पशुपन्छी क्षेत्रको व्यवसायिक उत्पादनमा सहयोग पुग्ने उत्पादन सामग्रीहरु जस्तै मल, बीउ,बेर्ना, बिषादी, विरुवा तथा अन्य उत्पादन सामग्रीहरु र

चल्ला बाख्रा प्रजननका बोका राँगो साढे पाडी बाछी घाँस बीउ बेर्ना र उत्पादन प्रवर्धनमा सहयोग गर्ने ।

(ख) **साना तथा आधुनिक सिंचाइमा सहयोगः** साना तथा आधुनिक सिंचाइ निर्माण तथा मर्मत सम्भारका कार्यक्रमहरु । साना सिंचाइमा कुलो, पानी संकलन ट्याङ्की, बोरिङ, पानी तान्ने मोटर तथा आधुनिक थोपा सिंचाइ, ईनार, तथा स्प्रिङकल आदि

(ग) **नर्सरी निर्माण तथा पूर्वाधार सहयोगः** गुणस्तरीय बेर्ना तथा विरुवा उत्पादन गर्ने संरचना निर्माण जस्तै प्लाष्टिक घर, एग्रीनेट, सेड हाउस र आधुनिक नर्सरी घर

(घ) **कृषि यान्त्रिकरणः** कृषि उपजहरुको उत्पादन प्रशोधन तथा बजारीकरणमा सहयोग पुर्याउने कृषि औजार उपकरण तथा मेशनरीहरु

(ङ) **उत्पादन विविधिकरण, प्रशोधन संकलन ढुवानी तथा बजारीकरणमा सहयोगः** विभिन्न वालीको संकलन तथा प्रशोधन केन्द्र स्थापना वा भण्डार केन्द्र बजार संरचना र प्रशोधन उत्पादन विविधिकरण, बजारीकरणमा सहयोग गरिनेछ । उत्पादन भएका उपजहरुको बजारीकरण कार्यका लागि नगरपालिकाको उपयुक्त स्थानमा प्रत्येक साता साप्ताहिक कृषि हाट सञ्चालन गरिनेछ । बजारीकरणका लागि संकलन तथा प्याकेजिङ गरि नगरपालिकाको लोगो सहित नगरपालिकाको स्थानीय बजार तथा नजिकको बजारमा बजारीकरणमा सहयोग गरिनेछ । जसमा खरिद बिक्रि संग सम्बन्धित औजार उपकरण मेशिन आदि अनुदान दिन सकिनेछ।

(च) **क्षमता अभिबृद्धि कार्यक्रमः** मुल्य श्रृंखलामा आधारित कार्यक्रममा संलग्न हुने कृषक तथा कृषि र पशु पेवा प्रविधिकहरुको क्षमता अभिबृद्धिका लागि तालिम, गोष्ठी र अवलोकन भ्रमण आदि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(छ) **सूचना तथा संचारसंग सम्बन्धित क्रियाकलापहरुः** सचेतना जनचेतना बृद्धि गर्न सञ्चार माध्यमबाट प्रचार प्रसार लगायतका कृयाकलापहरु

(४) **कृयाकलापहरु**

(क) सूचना मार्फत माग संकलन ।

(ख) प्रस्तावको स्थलगत अनुगमन गरि अन्तिम छनौट गरिनेछ ।

(ग) लाभग्रहीहरुको छनौट पश्चात माग र आवश्कता अनुसार कार्यक्रम निर्धारण गर्न सकिन्छ । लाभग्राहीलाई सेवा उपलब्ध गराउदा सामग्री खरिद गर्ने प्रकृतिका कार्यक्रम भएका सम्बन्धि शाखाबाट र पूर्वाधार निर्माण गर्नुपर्ने प्रकृतिमा कार्यक्रमहरुको हकमा लाभग्राहीहरुसंगको संझौता अनुसार सञ्चालन गरिनेछ ।

(५) **आर्थिक पक्षः** महालक्ष्मी नगरपालिकाको कार्य संचालन निर्देशिका २०७७ र यस कार्यबिधिको दफा ५ अनुसार हुनेछ ।

३४. **कार्यक्रमको नामः कृषि तथा पशु सेवा क्षेत्रसंग सम्बन्धित अन्तरकृया गोष्ठी कार्यक्रम**

(१) **परिचयः** कृषि तथा पशु सेवा शाखाबाट संचालित कार्यक्रम, गत वर्षको अनुभव आदान-प्रदान व्यवसायिक खेति नयाँ सीप र प्रविधि आदन प्रदान, समस्या, समाधान, योजना तर्जुमा, कार्यक्रमसँग सम्बन्धित समय सापेक्षित छलफल लगाएत तथा विषयमा सम्बन्धि अन्य संघ/संस्था, विज्ञ, प्राविधिक, कृषक ,नगरपालिका बीच छलफल र बुझाई सिकाई आदान-प्रदानका लागि अन्तरकृया/गोष्ठि संचालन गरि पृष्ठपोषणमा सहयोग पुर्याउन आवश्यक देखिन्छ कृषि विकासमा कृषकहरुलाई एकिकृत गरि कृषि क्षेत्रका विविध पक्षमा छलफल गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) **उद्देश्यः**

(क) योजना निर्माण देखि कार्यान्वयन, मूल्यांकन आदिमा नगरका कृषकहरूसंग औपचारिक एवं अनौपचारिक रुपमा छलफलहरू गर्ने अवसर प्रदान गर्नु/गराउनु ।

(ख) नयाँ ज्ञान सीप, प्रविधि, समस्या समाधान, अनुभव आदान-प्रदान र पृष्ठपोषणमा सहयोग पुर्याउन रहेको छ ।

**(३) कार्यक्रम संचालन प्रकृयाः** सहभागी कृषकहरूलाई १ दिने कार्यक्रमको मिति निर्धारण गरि अग्रीम रुपमा सूचित गरिन्छ ।सकेसम्म सहभागीहरूलाई बढी भन्दा वढी छलफलमा भाग लिने वातावरण गराई उनीहरूबाट अन्तिम निचोड निकालिनुपर्दछ । २५-४० जना कृषकहरू सहभागी गराई यस्तो गोष्ठीमा सम्बन्धि विज्ञ समेतको सहभागिता गरी कृषकहरूलाई छलफलमा अभिप्रेरित गर्दै सबैको सहभागितामा संचालन गरिने छ।

**(४) आर्थिक मापदण्डः** आर्थिक मापदन्ड महालक्ष्मी नगरपालिकाको कार्यसंचालन निर्देशिका २०७७ अनुसार हुने छ ।

**३५. <u>कार्यक्रमको नामः कृषि तथा पशु सेवा सामग्री ढुवानी तथा मर्मत</u>**

**(१) परिचयः** नगरपालिकाको स्वीकृत कार्यक्रम, महामारी तथा आकस्मिक रोग, किरा रोकथामका लागि कृषि तथा पशु सेवा क्षेत्रका कार्यक्रमहरु सञ्चालनमा सहजता प्रदान गर्न र खरिद स्थलबाट वितरण गरिने स्थलसम्म ढुवानी कार्य सहज गर्न र कृषि तथा पशु सेवा शाखाका मेशिनरी औजार उपकरण फर्निचर तथा सवारी साधान मर्मत कार्य स्वीकृत बजेटको परिधि भित्र रही यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उद्देश्यः**

(क) सामग्रीहरुको ढुवानीमा सहजता गरि कृषकको लागतमा कम गर्न ।

(ख) मर्मत तथा व्यवस्थापन ।

(ग) कृषि सामग्रीहरु सहज रुपमा उपलब्ध गराउन ।

**(३) प्रमुख क्रियापकलापहरुः**

(क) खरिद भएका सामग्रीहरुको खरिद स्थल देखि कार्यालय वा वितरण स्थल सम्म सामग्री ढुवानी

(ख) पुराना तथा बिग्रिएका सामग्रीहरुको मर्मत कार्य

(४) **आर्थिक पक्षः** कार्यसम्पन्न पश्चात ढुवानी र मर्मत दुवै बिल भरपाइ तथा संझौताका आधारमा नियामानुसार नगरपालिकाले भुक्तानी गर्नेछ ।

**३६. कार्यक्रमको नामः मेसिन, औजार, उपकरण र सामग्री खरिद**

(१) **परिचयः** नगरपालिकाको कृषि तथा पशु सेवा शाखाको कार्य क्षमतामा प्रभावकारिता बढाउन, सेवा प्रवाहमा सहजीकरण गर्न, रोग निदान गर्न, उपचार गर्न, दैनिक प्रशासनिक कार्य सम्पादनमा सहयोग पुर्याउन, रोग नियन्त्रण गर्न, प्रविधि प्रसारण गर्न, बजारीकरणमा सहयोग पुर्याउन, उत्पादनमा सहयोग पुर्याउन, जैविक वस्तुको भण्डारण गर्न लगायतका विभिन्न कार्यहरूमा आवश्यक पर्ने सामग्रीहरू मेसिन, औजार, उपकरण र सामग्री खरिद गर्नु पर्दछ।

(२) **आर्थिक पक्षः** विनियोजित बजेटको परिधी भित्र रहेर खरिद ऐन र नियमावली अनुसार खरिद गरी सञ्चालनमा ल्याउनु पर्ने छ।

**३७. कार्यक्रमको नामः संरक्षित पोखरीमा माछाको भुरा राख्ने कार्यक्रम**

(१) **परिचयः** नगरपालिका भित्र धेरै पोखरी रहेका छन् । ती मध्ये कुनै पोखरी स्थानिय बासिन्दाले प्रयोग गरिराखेको पाइएको छ भने कुनै कुनै पोखरी युवा समूह र संस्थाले रेखदेख गरिरहेको भेटिएको हुनाले पोखरीको संरक्षण कार्यमा थप उर्जा प्रदान गर्नका लागि नगरपालिका, पशु सेवा शाखाबाट खाली पोखरीको सदुपयोग गर्दै माछाको भुरा राख्ने कार्यक्रम सञ्चालन गरिने छ ।

(२) **कार्यक्रम सञ्चालन प्रक्रिया**

(क) नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका पोखरीहरूमा माछाको भुरा राख्नका लागि पशु सेवा शाखाबाट माग सङ्कलन गरिनेछ ।

(ख) पोखरीको स्थलगत अवलोकन गरी पोखरीको नाम, लम्बाई, चौडाइ, गहिराइ, पानीको उपलब्धता, आदि बारे जानकारी लिन अनुगमन गर्नु पर्छ ।

(ग) पशु सेवा शाखाबाट सरकारी मत्स्य विकास फर्महरू र निजी फर्महरूसँग समन्वय गरी आवश्यक भुराको सङ्ख्या, जात, आकार,

तौल, आदि बारे जानकारी लिई खरीद प्रक्रिया अगाडि बढाइनेछ ।

(घ) पोखरीमा माछा हाल्ने दिनको जानकारी दिनका लागि स्थानिय बासिन्दा र पोखरीको रेखदेख गर्ने सम्पर्क व्यक्ति तथा पालिका र वडाध्यक्ष, वडा सदस्य, स्थानिय क्लब, संरक्षण समितिसँग समन्वय गरि स्थान मिति र समयको तय गर्नु पर्छ ।

(ङ) पोखरीमा भुरा राख्दा गर्नुपर्ने तयारी भुरा ल्याउनु पूर्व नै गरिने छ ।

(च) माछाको भुराको रेखदेख, दाना, औषधी, माछाको बिक्री लगायत पोखरीको सरसफाई आदि कार्य संरक्षण समिति, स्थानिय क्लब वा वडाबाट गर्नुपर्ने छ ।

(छ) माछाको भुरालाई आवश्यकता अनुसार हावा पानी भरेर पाकेटमा माछा प्याक गरी ढुवानी गरिनेछ ।

(ज) माछाका भुरालाई यथाशिघ्र नगरको पोखरीमा सार्नुपर्ने भएकाले सबै पोखरीमा समयमै भुरा वितरण गर्नुपर्ने छ।

(झ) उपलव्ध बजेटको परिधिभित्र रहेर पोखरीको सङ्ख्या र आकार हेरी आवश्यक माछाका भुराको सङ्ख्या निर्धारण गरिनेछ।

**(३) आर्थिक पक्षः** पोखरीमा आवश्यक माछाको सङ्ख्याको आधारमा भुरा खरिद, पोलिब्याग खरिद, माछाका भुरा ढुवानी, चिसो कायम गर्न जुटका बोरा खरिद, पानीका जग, बाल्टिन खरिद र आवश्यकता अनुसार अन्य सामग्री खरिद गर्न सकिनेछ ।

## ३८. कार्यक्रमको नामः भ्याक्सिनेटरलाई पारिश्रमिक कार्यक्रम

**(१) परिचयः** पशु सेवा शाखाबाट पशुपन्छीपालन गर्ने क्रममा विभिन्न रोग तथा जोखिमलाई न्यूनीकरण गर्न, पशुवस्तुको स्वास्थ्य स्थिति खस्काउने धेरै थरिका रोगहरू विरुद्ध खोप लगाउन परिचालन भएका प्राबिधिक र खोप सहजकर्तालाई पारिश्रमिक उपलब्ध गराउने र कृषकहरुलाई निःशुल्क खोप कार्यमा सहभागी गराउन यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) कार्यक्रम सञ्चालन प्रक्रिया**

(क) नगरपालिका, पशु सेवा शाखाका कर्मचारीहरू, नगरभित्र कार्यरत भेटेरिनरी डाक्टर, पशु सेवा प्राविधिक (निजी पाराभेट) र ग्रा.प.स्वा.का. समेतको सहयोग लिई नगर भित्र पशुपन्छीमा लाग्न सक्ने खोरेत (FMD), लम्पी स्किन रोग (Lumpy Skin Disease), भ्यागुते (HS), चरचरे (BQ), पिपिआर (PPR), अफ्रिकन स्वाइन फिभर (ASF), स्वाईन फिवर, रानीखेत (ND), गम्बारो (IBD), मरेक्स (Mareks) आदि रोग विरुद्ध खोप कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) खोप अभियानको कृषकहरुलाई सूचना मार्फत जानकारी गराइनेछ ।

(ग) भ्याक्सिनेटरलाई महालक्ष्मी नगरपालिकाबाट आवश्यकता अनुसार नियमानुसार नियुक्ति गर्न सकिनेछ । नियुक्ति पाएका भ्याक्सिनेटरबाट पशु सेवा शाखाले तोकेको स्थानमा टोली प्रमुखको माताहतमा रहेर पशुपन्छीलाई खोप लगाउनुपर्नेछ ।

(घ) भ्याक्सिनेटरले कृषकहरूको विवरण सहितको फर्मेट तयार गरि पशु सेवा शाखामा पेश गर्नुपर्नेछ र शाखाले उपलब्ध गराएको खोप कार्ड विवरण भरि कृषकलाई उपलब्ध गराउनुपर्नेछ।

(ङ) खोप सञ्चालन गर्दा पशु सेवा शाखाले खोपको लागि टोली प्रमुख तोक्नेछ ।

(च) टोली प्रमुखले खोप कार्यलाई सहजीकरण गर्न खोपकर्ता परिचालन गर्नेछ ।

(छ) खोप लगाएको विवरण टोली प्रमुख र शाखा प्रमुखले प्रमाणित गर्नु पर्नेछ ।

**(३) आर्थिक पक्षः**

खोप कार्यको टोली प्रमुखलाई खोप कार्य अवधि भरिको नियमानुसारको भत्ता उपलब्ध गराइनेछ । प्रमाणित खोपको विवरण शाखामा प्राप्त भएपछि उल्लेखित पशुवस्तुको किसिम अनुसार भ्याक्सिनेटर (खोपकर्ता) लाई खोप लगाए वापत् देहाय अनुसार पारिश्रमिक पाउनेछन्।

(क) माउ गाई, भैंसी, थोरे, कोरली, बहर, साँढे, राँगो, गोरु प्रति पशु रू. ३०/-

(ख) पाडा-पाडी, बाच्छा-बाच्छी, बाख्रा, बंगुर प्रति पशु रू. २०/-

(ग) प्रतिपन्छी रू.१/-

**३९. कार्यक्रमको नामः पशु स्वास्थ्य/बाझोपन निवारण शिविर सञ्चालन कार्यक्रमः**

**(१) परिचयः** यस नगरपालिकाको कार्यक्षेत्र भित्र विभिन्न टोल बस्तीमा आवश्यकता अनुसार पशुपन्क्षी पालन गरी रहेका कृषकहरु, व्यावसायिक कृषकहरु, समूह सहकारीमा आबद्ध कृषकहरुलाई उनीहरुको पायक पर्ने स्थानबाट नै सेवा प्रदान गरी उत्पादनमा वृद्धि गर्न रोग महामारी नियन्त्रणमा सहयोग पुर्याउने प्राविधिक परामर्श रोग अनुसारको औषधि उपचार तथा नया प्रविधिको प्रदर्शन र प्रचार प्रसार आदि उद्देश्य राखी १ दिने निःशुल्क पशु स्वास्थ्य/बाझोपन सम्बन्धी २-३ दिनको कृषकको घर दैलोमा सेवा प्रदान गरी शिविर सञ्चालन गरिने छ ।

**(२) कार्यक्रम सञ्चालन प्रक्रिया**

(क) नगरपालिकाको कार्यक्षेत्र भित्र आवश्यकताको अनुसार स्थान छनौट गरिनेछ ।

(ख) आवश्यक समन्वय गरि पशु सेवा शाखाले स्थान मिति र समयको तय गर्नेछ ।

(ग) विभिन्न माध्यमबाट सूचना सम्प्रेषण गरिनेछ ।

(घ) आवश्यकता अनुसार सरकारी एवम् निजी क्षेत्रमा कार्यरत विशेषज्ञ टोली एवम् सरोकारवाला अन्य संघ सस्थासँग समन्वय गरी शिविर सञ्चालन गरिने छ ।

(ङ) शिविरमा ल्याइएका पशुपन्क्षी तथा अन्य सेवा लिन आएका सेवा ग्राहीहरुलाई शिविरमा उपलव्ध भएसम्मका सेवाहरु निःशुल्क उपलव्ध गराइने छ। शिविरमा उपलव्ध गराउने सेवाहरुः गोबर परीक्षण, पशु स्वास्थ्य परीक्षण, पशु बन्ध्याकरण, पशुहरुको गर्भ परीक्षण, कृत्रिम गर्भाधान परामर्श

सेवा, पशुमा बाँझोपन परीक्षण तथा निशुल्क औषधी बितरण कार्यक्रम संचालन गरिने छ ।

(च) उपलव्ध बजेटको परिधिमा रहेर सेवा उपलब्ध गराउने पशुपन्छी संख्या, सेवा उपलब्ध गराउने विज्ञ, प्रविधिकको संख्या, शिविर सञ्चालन हुने स्थान आदि निर्धारण गरि शिविर सञ्चालन गरिनेछ ।

**(३) आर्थिक पक्षः**

(क) स्वीकृत बजेटको परिधिभित्र रहि शिविरमा आवश्यक पर्ने ल्याब सम्बन्धी सामग्रीहरु, औषधी तथा उपचार सामाग्रीहरु, खोप लगायत शिविरमा आवश्यक पर्ने लजिष्टिक सामग्रीहरु खरिद गरिनेछ । शिविरमा आउने पशुपालक कृषकहरुलाई पशुहरुको उपचार गर्न औषधी, भिटामिन तथा सामग्रीहरु निःशुल्क वितरण गरिनेछ । साथै शिविरमा खटिने प्राविधिकहरुलाई खाना, खाजा, पानी र आवश्यकता अनुसार यातायातमा खर्च गर्न सकिनेछ ।

(ख) शिविर कार्यक्रममा खटिएका विशेषज्ञ प्राविधिकहरुलाई तोकिएको पारिश्रमिक सुविधा उपलव्ध गराइने छ।

| | |
|---|---|
| बिषय विशेषज्ञ बाहियलाई प्रति दिन यातायत खर्च समेत | रू ४०००।- |
| अधिकृतस्तरलाई प्रति दिनः | रू २०००।- |
| प्राविधिकलाई प्रति दिनः | रू १५००।- |
| कार्यालय सहयोगीलाईः | रू १२००।- |
| प्रतिवेदकलाईः | रु १०००।- |
| कार्यक्रम संयोजकलाईः | रु १०००।- |

(ग) शिविर सञ्चालनमा खाजा, खाना, पानी, व्यानर, बास तथा अन्य आवश्यक सामाग्रीहरु तथा शिविर व्यवस्थापन खर्च नियमानुसार गरिने छ ।

## ४०. छाडा/बेवारिसे/असक्त पशु तथा असक्त अवस्थाका सामुदायिक कुकुरहरुको मानविय व्यवस्थापन

१. **परिचयः** नगरपालिका क्षेत्र भित्र जथाभावी छाडिने बेवारिसे छाडा/अस्वस्थ्य पशु चौपाया तथा अस्वस्थ्य अवस्थाका सामुदायिक कुकुरहरुले सडक एवं सार्वजनिक स्थलमा पुर्याइरहेको अवरोध तथा फोहोरहरु नियन्त्रण गर्न, कृषि बालीको नोक्सानी तथा क्षति नियन्त्रण गर्न, यातायातका साधन तथा सर्व साधारणको आवागमनमा अवरोध पुर्याई हुन सक्ने दुर्घटनालाई न्यूनिकरण गर्न र नगरपालिकाले अंगिकार गरेको "स्वच्छ, सफा, समृद्ध, सुन्दर-महालक्ष्मी नगर" भन्ने नारालाई साकार पर्ने सन्दर्भमा यस्ता छाडा पशु चौपायाहरुबाट हुन सक्ने विभिन्न अवरोधलाई तत्कालै नियन्त्रण गरी आवश्यक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले नगरपालिकाले छाडापशु व्यवस्थापनको लागि यो छाडा पशु चौपाया नियन्त्रण तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी लागु गरिएको छ । छाडा पशु व्यवस्थापनको लागि देहाय बमोजिमका कार्यहरु संचालन गरिने छ ।

२. **कार्यक्रमको उद्धेश्य**

क) सडकका मुख्य चोक/बस्तिमा रहेका छाडा चौपाया पशुहरु, असक्त अवस्थामा रहेका सामुदायिक कुकुरहरुको मानविय व्यवस्थापन गर्ने ।

ख) अस्वस्थ्य अवस्थाका सामुदायिक कुकुरहरुले सडक एवं सार्वजनिक स्थलमा पुर्याइरहेको अवरोधलाइ न्यूनिकरण गर्ने ।

ग) यातायातका साधन तथा सर्व साधारणको आवागमनमा अवरोध पुर्याई हुन सक्ने दुर्घटनालाई न्यूनीकरण गर्ने।

घ) नगरपालिकाले अंगिकार गरेको "स्वच्छ, सफा, समृद्ध, सुन्दर-महालक्ष्मी नगर" भन्ने नारालाई साकार पार्ने ।

ङ) पशु कल्याणको लागि पशुहरुको मानविय व्यवस्थापन गर्ने ।

## ३. कार्यक्रम सञ्चालनको लागि सरेकारवाला निकायहरुको भूमिका:

उक्त कार्यक्रम सचालन गर्नको लागि सरेकारवाला निकायहरुको जिम्मेवारी तपशिल अनुसार हुनेछ ।

### अ. पशु चौपाया धनीको कर्तव्यः

क) कुनै पनि पशु चौपाया/घरपालुवा कुकुर धनीले आफ्ना पशु चौपाया/घरपालुवा कुकुरहरु व्यवस्थित तवरले पालन पोषण गर्नु पर्दछ ।

ख) पशु चौपाया धनीले आफूले पालेका भाले वा पोथी जातीका पशु चौपाया बीच कुनै भेदभाव गर्नु हुदैन ।

ग) कुनै कुनियत राखी आफूले पालेका पशु चौपायालाई अस्वस्थ बनाई मर्न दिनु हुदैन तथा वेवारिसे गराउनु हुदैन । कालगतिले मरेका चौपाया/घरपालुवा कुकुरलाई उचित स्थानमा तुरुन्तै गाडी दिनु पर्दछ ।

घ) पशु चौपाया/घरपालुका कुकुर धनीले जानी जानी वा अनजानमा समेत आफूले पालेका पशु चौपाया/घरपालुवा कुकुरहरु सार्वजानिक स्थल, सडक आदिमा छाडा छाड्नु हुदैन ।

ङ) पालिएका पशु चौपाया/घरपालुवा कुकुरहरु कुनै कारणबाट आफ्नो घर, गोठ छाडी सार्वजनिक स्थलमा गई वेवारिसे अवस्थामा घुमफिर गरेको पाइएमा त्यस्ता चौपाया/घरपालुवा कुकुरका धनीहरुले जिम्मा लिई तुरुन्त आफ्नो घरगोठमा लैजानु पर्दछ ।

च) नगरपालिकाले तोकेको ढाँचा र समयमा आफ्नो चौपायाहरुको विवरण नगरपालिकामा बुझाउनु पर्नेछ ।

छ) नगरपालिकाले सहकार्य गरेको संघ संस्थाहरुलाई तोकिएको दस्तुर तिरी अनउत्पादक पशुहरुको मानबिय ब्यवस्थापन कृषक आफैले गर्न सक्ने छ ।

**आ. नगरबासी तथा संघ संस्थाको कर्तव्यः**

क) वेवारिसे अवस्थामा सार्वजनिक स्थलमा देखिने पशु चौपाया/घरपालुवा कुकुरहरुको पहिचान गरी त्यस्ता पशु चौपाया/घरपालुवा कुकुरका धनीलाई तुरुन्त आफ्नो घरगोठमा लैजान खबर गर्नु सर्वसाधारण, नगरवासी तथा स्थानीय संघ संस्थाको कर्तव्य हुनेछ ।

ख) छाडा पशु चौपायहरुबाट सार्वजानिक स्थलमा हुने असुविधा, फोहोरमैला, सडक दुर्घटना तथा वातावरण एवं हरियालीमा पर्ने नकारात्मक असर बारे जन चेतना जगाई चौपायाहरु वेवारिसे अवस्थामा छाडा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु स्थानीय संघ संस्थाको कर्तब्य हुनेछ ।

ग) छाडा पशु चौपाया नियन्त्रणका लागि नगरपालिकाले संचालन गरेको अभियानमा आवश्यक सहयोग, सल्लाह र सूचनाहरु उपलव्ध गराउनु प्रत्येक नगरवासी र स्थानीय संघ संस्थाको कर्तव्य हुनेछ ।

**इ. नगरपालिकाको काम कर्तव्य र अधिकारः**

क) नगरपालिकाले यथा सम्भव आफ्नो नगर क्षेत्रभित्र पालिएका पशु चौपायाहरुको वडागत/वस्तुगत लगत तयार गरी यस्तो लगतमा जन्म तथा मृत्यु हुने पशु चौपायाहरुको विवरण अद्यावधिक गर्न चौपाया धनी, पशु सेवा शाखा र वडा समितिलाई निर्देश गर्न सक्नेछ।

ख) छाडा पशु चौपायाबाट पर्न सक्ने नकारात्मक असरहरुको सम्वन्धमा स्थानीय संघ/संस्थाहरु संगको समन्वयमा जनचेतनामूलक कार्यक्रम संचालन गरी नगरवासीलाई सुसूचित गराउने र जनदवाव श्रृजना गर्ने कार्यमा नगरपालिकाले विशेष ध्यान दिनेछ ।

ग) नगर क्षेत्रमा वेवारिसे अवस्थामा रहेका छाडा पशु चौपाया नियन्त्रणको लागि नगरपालिकाले कान्जी हाउस वा अन्य कुनै

व्यवस्था गरी त्यस्ता पशु चौपायाहरुको नियन्त्रण/व्यवस्थापन गर्न सक्ने छ ।

घ) नगरपालिकाले छाडा पशु चौपाया नियन्त्रणका लागि छाडा पशुचौपायाबाट प्रभावित अन्य छिमेकी नगरपालिका/गाउँ पालिका संग साझेदारी एवं सहकार्य गरी संयुक्त व्यवस्थापन गर्न सक्नेछ ।

ङ) नगरपालिकाले यस्ता छाडा पशु चौपाया नियन्त्रण गर्न निजी क्षेत्र, पशुपालक फर्म वा कुनै संघ संस्था संग साझेदारी, सहकार्य गरी संयुक्त व्यवस्थापन गर्न वा त्यस्तो व्यवस्थापनको जिम्मा दिन सक्नेछ।

च) नगरपालिकाले छाडा/बेवारिसे/असक्त पशु तथा असक्त अवस्थाका सामुदायिक कुकुरहरुको व्यवस्थापन गर्न सोही प्रकृतिका काम गर्ने उद्धेश्यले सञ्चालनमा रहेका संघ/संस्थाहरु संग सहकार्यमा गर्नु परेमा संघ/संस्थाहरुलाई दिइने अनुदान स्वीकृत कार्यक्रम अनुसार वा दफा ५ अनुसार हुने छ ।

**ई. वडा कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) आफ्नो वडा क्षेत्रमा छाडा चौपाया नियन्त्रण गर्न हरसंभव उपायहरु अवलम्बन गर्ने । यस विषयमा आवश्यकतानुसार छिमेकी वडाहरुसँग समन्वय गर्ने ।

ख) छाडा चौपाया नियन्त्रणका लागि नगरपालिकाले सञ्चालन गरेको अभियानमा सक्रियतापूर्वक सहभागी हुने । संघ/संस्थाहरुसँग समन्वय गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

ग) आफ्नो वडा भित्र छाडा चौपाया नियन्त्रण र व्यवस्थापन गर्न नगरकार्यपालिकाले निर्देश गरे बमोजिम यस कार्यविधिको बुदा नं. (५) मा व्यवस्था गरिएको दण्ड, जरिवान एवं लिलाम सम्बन्धी कार्य गरी प्राप्त हुन आउने रकम नगरपालिकाको कोषमा जम्मा गर्ने र सोको अभिलेख दुरुस्त राख्ने ।

## ४. दण्ड, जरिवाना र लिलाम विक्री सम्बन्धी व्यवस्था:

**क. पशु चौपाया छाडा छाड्ने कार्य दण्डनीय हुनेः** घर गोठमा पालिएका पशु चौपायाहरु/घरपालुवा कुकुर विरालोहरु सार्वजनिक स्थलमा वेवारिसे अवस्थामा छाड्न हुदैन । कुनै पशु धनीले आफूले पालेका चौपायाहरु/घरपालुवा कुकुरहरु नियतबस वा जानी जानी घर/गोठबाट हटाउने उद्देश्यले सार्वजनिक स्थलमा छाड्ने अथवा हेल चक्रयाई गरी त्यस्ता वस्तु जथाभावी छाडिदिने कार्य दण्डनीय हुनेछ ।

## ५. दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः

१) कसैले आफूले पालेका पशु चौपाया/घरपालुवा कुकुर, विरालोहरु वा अन्य पशुपंछीहरु नियतबस वा जानी जानी घरबाट हटाउने उद्देश्यले सार्वजनिक स्थलमा वेवारिसे गराई छाडिदिने अथवा हेलचेक्रयाई गरी त्यस्ता वस्तु जथाभावी छाडिदिने कार्य गरेमा नगरपालिकाले त्यस्ता पशु चौपाया धनी खुल्न आएमा वा पहिचान गरी देहाय बमोजिम जरिवाना गर्नेछ र नियन्त्रणमा लिईएका त्यस्ता छाडा पशु चौपाया निजको जिम्मा लगाउने छ ।

| | |
|---|---|
| क) घरपालुवा कुकुर/बिरालो | ५,०००/- |
| ख) गाई/गोरु/बाछा/बाछीः | ५,०००/- |
| ग) राँगा/भैंसी-पाडा/पाडीः | ३,०००/- |
| घ) बाखा, खसी, बोका, भेंडाः | ५,००/- |
| ङ) सुंगुर/वंगुरः | ५,००/- |

२) बुदा नं. (१) बमोजिम एक पटक जरिवाना बुझाई सकेका चौपाया/घरपालुवा कुकुर धनीले नियतबस सोही कसुर पुनः दोहर्याएमा निजलाई पहिलो पल्ट गरेको जरिवानामा ५०% थप गरि असुल उपर गरिनेछ र त्यस्ता छाडा चौपाया निजको जिम्मा लगाइनेछ ।

३) बेवारिसे अवस्थामा पशु छोडने पशु धनीको पहिचान भएमा बुदा नं. (१) र (२) बमोजिम जरिवाना गर्दा त्यस्ता वेवारिसे छाडा चौपाया नियन्त्रणमा लिदा र नियन्त्रण पश्चात नगरपालिकाले घाँस पानीमा

गरेको खर्च समेत उक्त जरिवानामा जोडी असुल उपर गर्न सक्ने छ ।

४) कोही कसैको नियतबस/लापरवाहिले पालिएका पशु चौपायाहरु घर/गोठबाट भागी/हराई नगरपालिकाले सार्वजनिक स्थलबाट नियन्त्रणमा लिई आफैले राखेको अवस्थामा पछि सम्वन्धित चौपाया धनी स्वयंले सोध खोज गरी वास्तविकता पहिचान भै निजले त्यस्ता पशु चौपाया फिर्ता लिन माग दावी गर्दा देहायको रकम नगरपालिकालाई बुझाई त्यस्ता चौपाया फिर्ता लैजानु पर्नेछ ।

क) राँगा/भैंसी प्रतिदिन- ७,००/-
ख) गाई/गोरु प्रतिदिन- ५,००/-
ग) बाख्रा, खसी, बोका, भेडाको प्रतिदिन- ३,००/-
घ) सुंगुर, बंगुरको प्रतिदिन- ३,००/-

**६. <u>लिलाम बिक्री गर्ने:</u>**

१) सडकमा छाडा पशु चौपाया धनी पत्ता नलागेमा वा कसैको माग दावी पर्न नआएमा त्यस्ता छाडा वा वेवारिसे पशु चौपायालाई नगरपालिकाले आफूले नियन्त्रणमा लिएको ३ दिन पछि लिलाम बढाबढको संक्षिप्त प्रक्रिया अपनाई विक्री वितरणको व्यवस्था गर्न सक्नेछ ।

२) यसरी लिलामबाट प्राप्त हुने रकम नगरपालिकाको कोषमा जम्मा गरिनेछ ।

३) छाडा तथा वेवारिसे पशु चौपायाको लिलाम पछि कसैको माग दावी रहने छैन ।

४) लिलाम बढाबढ प्रक्रियाबाट व्यवस्थापन गर्न नसकिएका वेवारिसे छाडा पशु चौपायाको चौपाया धनी जुनसुकै बखत पत्ता लागेमा पनि निजलाई बुदा नं. ५ को (१), (२) र (३) बमोजिमको जरिवाना गरी त्यसता चौपाया फिर्ता दिइनेछ ।

**७. <u>नगर प्रहरी कर्मचारी परिचालित हुने:</u>**

१) नगरपालिका क्षेत्र भित्र वेवारिसे अवस्थामा छाडिएका छाडा पशु चौपायाहरुको आवश्यक निग्रानी र नियन्त्रणका लागि नगर

कार्यपालिकाले नगर प्रहरी कर्मचारीलाई कार्यादेश दिई परिचालन गर्नेछ ।

२) नगर प्रहरी कर्मचारी अप्रयाप्त रहेको अवस्थामा अन्य कर्मचारी समेतलाई नगर कार्यपालिकाले बुदा नं. (१) को कार्यमा परिचालन गर्न सक्नेछ ।

३) बुदा नं. (१) र (२) बमोजिम छाडा पशु चौपाया नियन्त्रणमा खटिने नगर प्रहरी कर्मचारी र अन्य कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले आवश्यक सहजीकरण र निर्देशन गर्ने छ।

८. <u>पुरस्कारको व्यवस्थाः</u>

घर/गोठबाट पशु चौपाया/घरपालुवा कुकुरहरु हटाउने मनसायले त्यस्ता पशु चौपाया/घरपालुवा कुकुरहरु सार्वजनिक स्थलमा वेवारिसे अवस्थामा छाड्ने, छाड्न लगाउने कार्यमा संलग्न धनीको सूचना दिने व्यक्ति, संघ/संस्थाहरुलाई त्यस्तो चौपाया धनीबाट असुल गरिएको जरिवानाको ५०% रकम पुरस्कार स्वरुप उपलव्ध गराइनेछ ।

## ४१. कार्यक्रमको नामः पशु जन्य पदार्थको बजारिकरण (मासु तथा डेरी पसल सुधार) कार्यक्रमः

**१. परिचयः** पशु तथा पशुजन्य पदार्थहरु मानव श्वास्थ्य को लागि आवश्य पोषक तत्व हो । यसको उचित भन्डारण तथा बिक्री बितरण समयमै गर्न सकिएन भने बिग्रने र कतिपय अबश्थामा मानव श्वास्थ्यमा समेत प्रतिकूल असर पर्ने हुन सक्छ । अस्वथ्य तरिकाले बिक्री बितरण गरिएका पशुजन्य पदार्थबाट जनस्वास्थ्यमा महामारी जन्य संक्रामक रोग समेत फैलन सक्ने भएकोले ब्यवस्थित तरिकाबाट यस्ता पदार्थहरुको बिक्री बितरण गर्न जरुरी छ ।उचित सरसफाई र ब्यवस्थित तरिकाले पशुजन्य पदार्थको बिक्री बितरणको लागि साना मासु पसल र डेरी पसल सुधार गरी सफा र स्वास्थ्य पशुजन्य उत्पादन उपभोक्ता समक्ष पुर्याउन नगरपालिकाले यो कार्यक्रम संचालन गर्ने छ ।

**२. उद्धेश्यः**

(क) सफा र स्वच्छ पशुजन्य उत्पादनहरुको बिक्री बितरण गरी उपभोक्ताको जन स्वास्थ्यको संरक्षण गर्ने।

(ख) साना ब्यवसायीहरुलाई बिषयगत रोजगारी सृजना गर्ने ।

(ग) अब्यस्थित रुपमा संचालनमा रहेका मासु तथा डेरी पसलहरुलाई ब्यवस्थित गर्ने ।

**३. कार्यक्रम संचालन कृयाकलापहरु**

(क) मासु तथा डेरी पसलहरु दर्ता भएको हुनु पर्ने ।

(ख) डेरी पसलको हकमा दैनिक कम्तीमा १०० लिटर दुधको बिक्री बितरण र मासु पसलको हकमा दैनिक कम्तीमा २० के.जी. मासुको बिक्री बितरण गरेको हुनु पर्ने ।

(ग) बिक्री स्थल आफ्नो स्वमित्वमा नभएका कम्तीमा ५ बर्षको भाडा सम्झौतापत्र भएको हुनु पर्ने।

१. **डेरी पसल सुधारको लागि तपशिल अनुसारका कार्यहरु गर्न सकिने छ ।**

- बिक्री कक्ष निर्माण, टाईल मार्वल फिटिङ्ग, क्यान, कन्टेनर, फ्रिज, डिफ्रिज, सोकेस फ्रिज, भेन्डिङ्ग मेशिन खरिद तथा डेरी पसलको सजावट र फोहोर ब्यवस्थापन सम्बन्धी कार्यहरु ।

२. **मासु पसल सुधारको लागि तपशिल अनुसारका कार्यहरु गर्न सकिने छ ।**

- बिक्री कक्ष निर्माण, टाईल मार्वल फिटिङ्ग, फ्रिज, डिफ्रिज, सोकेस फ्रिज, मासु काट्नको लागि प्रयोग हुने टेवल, औजार, तराजु, अचनो आदी खरिद पसलको सजावट र पशु बध स्थलको सुधार र निस्कने फोहोर ब्यवस्थापन सम्बन्धी कार्यहरु ।

**सुधारिएको डेरी पसलमा निम्न अनुसारको मापदण्ड पुरा भएको हुनु पर्नेछ ।**

१. ठूलो पसलको क्षेत्रफल सामान्यतया १२ फिट चौडाई र २० फिट लम्बाई भएको र सानो पसलको हकमा लम्बाई १२ फिट र चौडाई १० फिट हुनु पर्नेछ ।

२. पसलको उचाई १० फिट तथा भित्ता पक्का खालको र भित्ताको भित्री भागमा ६ फिट उचाई सम्म सेतो रंगको टायल लगाएको र त्यस भन्दा माथी सेतो रंग लगाएको हुनु पर्ने छ ।

३. विकि कक्षको भुई नचिप्लने, पानी नजम्ने, नसोस्ने किसिमले ढलान गरिएको वा टाएल/मार्वल लगाई सजिलै सफागर्न सकिने किसिमको तथा सिलिंग धुलो मैलो नखस्ने र पानी नतप्किने गरी बनाईएको हुनु पर्नेछ ।

४. डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हुनु पर्ने छ ।

५. पसलमा प्रयोग गरिने औजार उपकरण खिया नलागेको तथा गुणस्तरिय स्टेनलेस स्टीलले बनेको हुनु पर्नेछ।

६. डेरी पसलमा काम गर्ने कर्मचारीले एप्रोन, गमबुट, क्याप र ग्लोब लगाउनु पर्नेछ ।

७. पसलमा झिंगा वा अवान्छित जिवजन्तु पस्न नसक्ने किसिमले जाली/ढोकाको व्यवस्था हुनु पर्नेछ ।

८. डेरी पसलमा कम्तिमा पनि एउटा डिपफ्रिज वा चिलर हुनु पर्नेछ ।

**<u>सुधारिएको मासु पसलमा निम्न अनुसारको मापदण्ड पुरा भएको हुनु पर्नेछ</u>** ।

१. ठुलो मासु पसलको क्षेत्रफल सामान्यतया १२ फिट चौडाई र २० फिट लम्बाई भएको तथा सानो पसलको हकमा लम्बाई १२ फिट र चौडाई १० फिट हुनु पर्नेछ ।

२. पसलको उचाई १० फिट र भित्ताको भित्री भागमा ६ फिट उचाई सम्म सेतो रंगको टाएल लगाएको र त्यस भन्दा माथी सेतो रंग लगाएको हनु पर्नेछ ।

३. भुईमा नचिप्लने र पानी नजम्ने किसिमले ढलान गरिएको वा टाएल/मार्बल लगाई सजिलै सफागर्न सकिने किसिमको हुनु पर्नेछ ।

४. मासु पसलमा सफा पानीको प्रयोग भएको हनु पर्नेछ ।

५. मासु पसल हावादार र विजुलीको सुविधा भएमा सेतो ट्युवलाईटको प्रयोग भएको हुनु पर्नेछ ।

६. औजार/उपकरण मासु काट्ने औजार/ उपकरण खिया नलागेको तथा गुणस्तरिय स्टेनलेस स्टीलले वनेको हुनु पर्नेछ ।

७. मासु राख्ने कोठामा सुर्यको प्रकाश सिधै पर्नु हुदैन ।

८. मासु टुकाउने अचानो सफा र प्रयोग नगरिएका बखत छोपेर राखिएको हुनु पर्नेछ ।

९. मासु पसलमा काम गर्ने कर्मचारीले एप्रोन, गमबुट, क्याप र ग्लोव लगाउनु पर्नेछ ।

१०. पसलमा झिंगा वा अवान्छित जिवजन्तु पस्न नसक्ने किसिमले जाली वा ढोका लगाएको हुनु पर्नेछ

**आर्थिक पक्षः** नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार वा कार्यबिधीको दफा ५ अनुसार हुने छ ।

## ४२. कार्यक्रमको नामः सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रमः

**(१) परिचयः** सामुदायिक कुकुरहरुको कारण प्राणघातक रोग रेबिजको साथै अन्य संक्रामक महामारी रोगहरुको जोखिम वृद्धि हुनुको साथै सडक दुर्घटनामा समेत वृद्धि हुने भएकोले मानव स्वास्थ्य रक्षा तथा जीवन रक्षाको निमित्त यस नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक कुकुरहरुको बन्ध्याकरण मार्फत् उनीहरुको संख्या नियन्त्रण एवम् व्यवस्थापन गर्नको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उद्देश्य**

(क) स्वच्छ, सफा, समृद्ध, सुन्दर नगरको लक्ष्य प्राप्त गर्न ।

(ख) सामुदायिक कुकुरहरुको संख्यामा नियन्त्रण तथा व्यवस्थापन गर्न।

(ग) रेविज लगाएत अन्य संक्रामक प्राणघातक रोगहरुको साथै सडक दुर्घटनाको न्यूनिकरण गर्न।

(घ) विश्व पशु स्वास्थ्य संगठनले अवलम्वन गरेको एवं नेपाल सरकारले हस्ताक्षर गरेको सन् २०३० सम्ममा कुकुरको टोकाईबाट हुने मृत्यु शुन्यमा पुराउने लक्ष्य प्राप्तिमा सहयोग पुर्याउन ।

**(३) सञ्चालन प्रक्रिया**

(क) नगरपालिकाको आवश्यक क्षेत्रमा बन्ध्याकरण शिविर सञ्चालन गर्न सकिनेछ ।

(ख) नगरपालिकाको बजेट र लक्ष्यको परिधि भित्र रहि सम्भव भए सम्म अधिकतम संख्यामा सामुदायीक कुकुरहरुको वन्ध्याकरण गरिनेछ।

(ग) कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार बिशेषज्ञ समूह वा अन्य संघ सस्थासँग सहकार्य सम्झौता गरि कार्यक्रम संचालन गर्ने छ ।

(घ) कुनै पनि संघ सस्थासँग सहकार्यमा कार्य सञ्चालन गर्न आवश्यक परेमा सार्वजनिक सूचना मार्फत आह्वान गरिनेछ ।

(ङ) सहकार्य गर्दा आर्थिक र प्राविधिक प्रस्तावको आधारमा बिशेषज्ञ समूहलाई छनौट गरिनेछ।

(च) नगरपालिकाको क्षेत्रमा कार्यरत तथा अन्य सरकारी गैह्र सरकारी सस्थासँग साझेदारी तथा समन्वमा पनि कार्य सञ्चालन गर्न सकिनेछ।

(छ) बध्याकरण कार्यक्रमलाई सहज र गुणस्तरिय बनाउन पशु सेवा शाखा र सम्वन्धित पक्षहरुसँग विविध विषयमा छलफल गरि कार्य सञ्चालनको लागि सम्झौता गर्न सकिने छ।

(ज) सामुदायिक कुकुर बन्ध्याकरण कार्यमा, बन्ध्याकरण गर्नु पूर्व सर्वेक्षण, कुकुर संकलन, शिविर स्थल सम्म ढुवानी, बन्ध्याकरण, बन्ध्याकरण गरिएको कुकुरलाई पहिचान गर्न एयर नोचिङ्ग, बन्ध्याकरण पोष्ट अप केयर, कुकुरहरुलाई खाना, रेविज विरुद्धको खोप, अन्य संक्रमक रोगको उपचार, समाइएको स्थान सम्म कुकरलाई छोड्ने कार्य तथा थप संक्रमण भएमा उपचार कार्यहरु समेत पर्नेछन् ।

(झ) कार्यक्रम अनुगमन तथा मुल्याङ्कन पशुसेवा शाखा तथा नगरपालिकाको अनुगमन समितिले गर्नेछ।

**(४) आर्थिक प्रक्रिया**

(क) सामुदायिक कुकुरहरुको बन्ध्याकरण गर्न सार्वजनिक खरिद ऐन अनुसार दररेट माग गरि प्रविधिक दृष्टिकोणले उपर्युक्त ठहरिएको कम मुल्यमा गुणस्तरीय कार्य गर्ने संस्थासंग संझौता गरिनेछ ।

(ख) संझौता अनुसार कार्यक्रम सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन प्राप्त भए पछि मात्र सम्बन्धित पक्षलाई भुक्तानी गरिने छ ।

४३. **कार्यक्रमको नामः लक्षित समूदायमा अनुदानमा बाख्रा बोका वितरण कार्यक्रमः**

**(१) परिचयः** कमजोर आर्थिक अवस्था भएका लक्षित बर्गका कृषकहरूलाई जीविकोपार्जन गराउने तथा सानो तिनो रोजगारी घरमा नै सृजना गर्न र घरमा खेरगएका अन्न, तरकारी, फलफूल, वरिपरिका घाँसपातलाई प्रयोग ल्याउने उद्देश्यले स्थानिय जातका बाख्रा वा क्रस जातका बाख्रा पूर्ण अनुदानमा वितरण गर्न बाख्रा/ब्याड बोका वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

**(२) सञ्चालन प्रक्रिया**

(क) कार्यक्रममा सहभागी हुन ईच्छुक कृषकहरूलाई सूचना मार्फत् माग सङ्कलन गरिने छ।

(ख) बाख्रा पाउने कृषकहरूले बाख्रा राख्रे खोर, बाख्राको स्याहार सम्भार, दानापानी, औषधी आदिको प्रबन्ध स्वयम् कृषक आफैलेनै गर्नुपर्ने छ।

(ग) बाख्राको सङ्ख्या र आवश्यकताको आधारमा प्रजननको बोका पनि वितरण गर्न सकिनेछ।

(घ) बाख्राको छनौट गर्दा हाडनाता नपरेका बाबु आमाको बीचमा प्रजनन भई जन्मेका, स्वस्थ, लायकदार, पाल्न योग्य ६ महिना उमेर पूरा गरेका १ वर्ष ननाघेका र कम्तीमा जिउँदो शारीरिक तौल २० के.जी पुगेका बाख्राहरुको छनौट गर्नु पर्दछ।

(ङ) ब्याडको बोका छनौट गर्दा यस्तै ८ महिना उमेर पुगेका १ वर्ष ननाघेका ३० के.जी जिउँदो शारीरिक तौल पुगेका स्थानिय जात, वा क्रस जातका वा उन्नत नश्लका बोका आवश्यकता अनुसार छनौट गर्नुपर्दछ।

(च) बाख्रा वा बोकाको तोकिएको उमेर, तौल, जात, निरोगीता, प्रजनन योग्य भए नभएको आदि प्राविधिक जाँच पशु सेवा शाखाले प्रमाणित गरेको हुनुपर्दछ।

(छ) बाख्रा वितरण कार्यक्रम वडाबाट सञ्चालन भएको कार्यक्रम भएमा वडा भित्र मात्र र नगरपालिकाबाट सञ्चालित कार्यक्रम भएमा तोकिएको स्थान वा नगरपालिका भित्र सञ्चालन गर्न सकिने छ।

(ज) बाख्रापालन गर्ने किसानको छनौट गर्दा निम्न कुरालाई प्राथमिकतामा राखेर छनौट गर्नुपर्दछः

१. आर्थिक अवस्था कमजोर भएका, सरकारी निकाय वा नियमित तलब प्राप्त नगर्ने परिवार, बाख्रा राख्ने खोर भएका, बाख्राको स्याहार गर्न सक्ने यस भन्दा अगाडि र यस्ता प्रकारका कार्यक्रममा सहभागी नभएका हुनुपर्नेछ ।

२. बाख्रा वा बोका पाउने कृषक स्वंमले अनिवार्य बीमा गर्नुपर्नेछ।

३. कार्यक्रम र बजेट अनुसार प्रति कृषकलाई १ देखि ५ वटा सम्म बाख्रा वितरण गर्न सकिनेछ।

**(३) आर्थिक पक्षः** संस्थागत आबद्धता नभएका छुट्टाछुट्टै कृषकहरूलाई वितरण गरिने बाख्रा बोकाको खरिद सम्बन्धित नगरपालिकाको पशु सेवा शाखाबाट गरिनेछ। तर संस्थागत रूपमा समूह बनाएर सम्झौता समेत गरिएको अवस्थामा बाख्रा बोकाको खरिद सम्बन्धित समूहबाट पनि गर्न सकिनेछ । बाख्रा बिक्रि गर्ने संस्था, समूहले उपलब्ध गराउने

फर्महरूको तुलनात्मक मूल्य र प्राविधिक पक्षलाई समेत ध्यानमा राखेर खरिद गर्नु पर्नेछ।

## ४४. कार्यक्रमको नामः पशुपंछी रोग अन्वेषण प्रयोगशाला व्यवस्थापन कार्यक्रम

**(१) परिचयः** पशुवस्तुको गोबर, छाला, रगत, दुध आदिको सामान्य परीक्षण साथै पन्छीको पोस्टमार्टमबाट तिनमा देखा परेका समस्याबारे जानकारी लिन र समयमै रोगको नियन्त्रण तथा उपचार गर्न महालक्ष्मी नगरपालिका भित्र पशुपन्छी पालन गर्ने कृषकको आवश्यकता र मागलाई मध्यनजर गर्दै पशुपन्छीको रोग निदानका लागि नगरमै पशुपंछी रोग परिक्षण प्रयोगशाला स्थापना गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) कार्यक्रम सञ्चालन प्रक्रिया**

(क) गोबर, रगत, पिसाब, छाला, दुध, आदिको सूक्ष्म अध्ययन गरिनेछ।

(ख) कृषकहरुले समस्या देखिएका पशुपंछीहरूको नमुना जस्तै, गोबर/ दुध/मृत पशुपंछी तथा अन्य नमुना जाँचका लागि पशु सेवा शाखामा ल्याउनु पर्नेछ।

**(३) आर्थिक पक्षः** बजेटको परिधि भित्र रहेर प्रयोगशाला स्थापना (टायल, मार्बल, परिक्षण, कोठा, धारा, बिजुली आदि), आवश्यक औजार, उपकरण, केमिकल्स, मेशिन, र सुरक्षासंग सम्बन्धित सामग्रीहरु माक्स, पञ्जा, एप्रोन तथा अन्य आवश्यक सामग्रीहरु खरिद गरी व्यवस्थापन तथा संचालन गर्नु पर्नेछ।

## ४५. कार्यक्रमको नामः घरपालुवा कुकुरको रजिस्ट्रेसन व्यवस्थापन

**(१) परिचयः** आजभोली आधुनिकता सँगै मानिसहरूको घरमा कुकुर पालन गर्ने शौखमा वृद्धि भएको छ। वास्तवमा कुकुर एउटा इमान्दार पशु पनि हो। यो मानिससँग निकै घुलमिल भएर बस्ने आज्ञाकारी पशु भएकाले यिनीहरूले पनि आफ्नो न्यूनतम् जीवनयापन गर्न पाउने अधिकार छ।कुकुर घरको राम्ररी सुरक्षा गर्ने इमान्दार सिपाही पनि हो। यिनीहरूलाई राम्ररी संरक्षण तथा रोगको उपचार तथा समयमै

खोपको व्यवस्था गर्न सकिएन भने यिनीहरूबाट मानिसलाई महामारी रोग फैलिएर परिवार र समाजमा नै खतरा निम्त्याउन सक्छ। व्यवस्थित रूपमा पालम गर्नुपर्ने कुकुरलाई अनियन्त्रित र अव्यवस्थित तरिकाले पालनगर्दा छिमेकी र वातावरणमा समेत प्रदुषण हुने कुराहरूबाट जोगिन घरपालुवा कुकुरको रजिस्ट्रेसन र व्यवस्थापनको कार्यक्रम सञ्चालन गरिनेछ।

**(२) कार्यक्रम सञ्चालन प्रक्रिया**

(क) घरपालुवा कुकुरको रजिस्ट्रेसन गर्न नगरपालिकाबाट सूचना मार्फत् नगरबासीलाई जानकारी गराइनेछ।

(ख) घरधनी र कुकुरको विवरण प्रष्ट हुने गरी रजिष्टरको व्यवस्था गरिनेछ।

(ग) आफ्नो कुकुर नगरपालिकामा दर्ता गराउन कुकुरको फोटो सहित विवरण खुल्ने गरी निवेदन पशु सेवा शाखामा पेश गर्नु पर्नेछ।

(घ) २ महिनाको उमेर पुगेका कुकुरलाई दर्ता गराउन सकिनेछ।

(ङ) दर्ता गरिएको कुकुरको पहिचान गर्न कुकुरमा ट्याग वा माइक्रोचिप्स राख्ने व्यवस्था नगरपालिकाबाट गरिनेछ।

(च) दर्ता गरिने कुकुरलाई नगरपालिकाबाट निःशुल्क रेबिज विरुद्ध खोप उपलब्ध गराइने छ । खोप लगाउनको लागि पशु सेवा केन्द्रमा कुकुर धनीले ल्याउनु पर्ने छ ।

(छ) दर्ता गरिएको कुकुरको प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने छ। साथै दर्ता गरिएका कुकुर पालिएको घरमा घरधनीले पहिचान बोर्ड अनिवार्य राख्नुपर्नेछ ।

(ज) नवीकरण ढिला गरेमा विलम्ब शुल्क लाग्ने छ।

(झ) कुकुर दर्ता गर्न नमानेमा कुकुर धनीलाई कारवाही गर्न सक्नेछ।

(ञ) तोकेको स्थान, मितिमा घरपालुवा कुकुरको रजिस्ट्रेसन गर्नुपर्ने छ।

(ट) वडा वा टोलहरूमा शिविर सञ्चालन गरेर पनि कुकुरको रजिस्ट्रेसन कार्य सञ्चालन गर्न सकिनेछ।

(ठ) आफूले पालेको कुकुरबाट कुनै व्यक्ति, परिवार वा समाजलाई कुनै पनि प्रकारको हानी नोक्सानी पुर्याएमा त्यसको जवाफदेहिता र क्षति कुकुर पालक धनीलेनै व्यहोर्नु पर्नेछ।

(ड) कुकुर रजिस्ट्रेसन गर्दा रू. १०००।- नवीकरण गर्दा रू. ५००।- र विलम्ब शुल्क प्रति महिना रू. २५।- सेवा शुल्क लाग्ने छ।

(ढ) रजिस्ट्रेसन गरेको कुकुर कुनै कारण हराएमा पशु शाखा/नगर प्रहरीमा तुरुन्त खबर गर्नु पर्नेछ।

(ण) रजिस्ट्रेसन गरेको कुकुर त्यत्तिकै संरक्षण र पालनपोषण नगर्ने नियतले छाडा छोडेको पत्ता लागेमा नगरपालिकाबाट रु ५,०००/- देखी १०,०००/- सम्म नगद जरिवाना गरिनेछ

**(३) आर्थिक पक्षः**

(क) दर्ता सम्बन्धी रजिष्टर, दर्ता कार्ड, ट्याग, माइक्रोचिप्स, प्रयोग गर्ने मेसिन, रेबिज खोप, सिरिन्ज, ग्लोभ, मास्क, एप्रोन, मजल लगायत रजिस्ट्रेसनमा प्रयोग हुने सामग्री र शिविर वा टोल बस्तीमा गएर रजिस्ट्रेसन गर्नु पर्ने भएमा खटिने कर्मचारीको खाना, खाजा, पानी आदिमा खर्च गर्न सकिनेछ।

(ख) रजिस्ट्रेसन सम्बन्धी कार्य कुकुर सम्बन्धी काम गर्ने कुनै संस्थासँग सम्झौता गरेर पनि गर्न सकिने छ। यसरी काम गर्दा उठेको राजश्व नगरपालिकामा दाखिला गर्नुपर्ने छ भने प्रति कुकुर दर्ता गरेवापत रू. २००/- र नवीकरण गरेवापत रू. १००/- पारिश्रमिक करकट्टि गरी भुक्तानी गरिनेछ।

(ग) कुनै संस्थासँग सम्झौता गरी काम गर्दा नगरपालिकाले तोकेको समयमा तोकेको स्थानमा रजिस्ट्रेसन र नवीकरणको कार्य सम्पन्न नगरेमा जति भएको कामको तोकिएको शुल्कमा १०% रकम कम गरेर भुक्तानी गरिनेछ।

## ४६. कार्यक्रमको नामः घाँसको बीउ तथा बेर्ना वितरण

**(१) परिचयः** पशुपालक कृषकहरूलाई घाँसमा आधारित पशुपालन तर्फ उन्मुख गराउन र कम लागतमा बढी उत्पादन गराउन विभिन्न किसिमका भुईं घाँस तथा डाले घाँसको बीउ बेर्ना पूर्ण अनुदानमा कृषकहरूलाई वितरण गरिनेछ।

**(२) सञ्चालन प्रक्रिया**

(क) पशु सेवा शाखाबाट कृषकहरूको माग, चाहना र सम्भावनाको आधारमा कुन जातको घाँसको बिउ, बेर्ना वितरण गर्ने भनी तय गर्नु पर्नेछ।

(ख) व्यवसायिक फर्म, निजी फर्म, सरकारी फर्म, घाँसको बीउ बेर्ना बिक्री गर्ने बिक्रेता, आदि सँग खरिद ऐन नियमावली अनुसार घाँसको बिउ बेर्ना खरिद गरिनेछ।

(ग) सूचना मार्फत कृषकहरूलाई घाँसको बिउ, बेर्ना वितरणको जानकारी गरिनेछ।

(घ) घाँसको बीउ, बेर्ना प्राप्त गर्ने कृषकहरूको अभिलेख राख्नु पर्नेछ।

**(३) आर्थिक पक्ष**

(क) विनियोजित बजेटको परिधी भित्र रहेर तोकिएको घाँसको बिउ बेर्ना खरिद, ढुवानी, प्याकिङ्ग कार्यमा खर्च गरिनेछ। अन्य कुराहरु दफा ५ अनुसार हुनेछ ।

## ४७. कार्यक्रमको नामः ग्रामीण कुखुराको चल्ला वितरण कार्यक्रम

**(१) परिचयः** कमजोर आर्थिक अवस्था भएका लक्षित बर्गका कृषकहरूलाई जीविकोपार्जन गराउन, पोषणको अभाव भएका वर्गहरूलाई पोषण पुर्याउन, सानोतिनो रोजगारी सृजना गर्न, घरमा खेर गएका अन्नहरूलाई सदुपयोग गर्न, वृद्धहरू, एकल महिला, एकल पुरुष, दलित र कमजोर आर्थिक भएका कृषकहरूलाई समेट्ने गरी यो कर्यक्रम सञ्चालन गरिनेछ।

**(२) सञ्चालन प्रक्रिया**

(क) कार्यक्रममा सहभागी हुन चाहने कृषकहरूलाई सूचना मार्फत् जानकारी गराइनेछ।

(ख) चल्ला प्राप्त गर्ने कृषकले चल्ला हुर्काउने खोर, दानापानी र औषधी आदिको व्यवस्था स्वयं आफैले गर्नुपर्नेछ ।

(ग) वितरण गरिने चल्ला डुवल पर्पोज, लेयर्स वा लोकल मध्ये एक थरी, वितरण गरिने लक्षित समूहको लागि उपयुक्त हुने गरी कम्तीमा ४ हप्ते चल्लाहरू वितरण गरिनेछ।

(घ) चल्ला वितरण कार्यक्रम वडा कार्यालयको कार्यक्रम भएमा वडा कार्यालय भित्र र नगरपालिकाको पशुसेवा शाखाको कार्यक्रम भएमा तोकिएको स्थान वा नगरपालिका भित्र वितरण गरिनेछ।

(ङ) चल्ला तोकिएको उमेर, तौल, जात, निरोगीता आदि प्राविधिक जाँच पशु सेवा शाखाबाट प्रमाणित गरेको हुनुपर्नेछ।

**चल्ला वितरण गर्दा तोकिएको लक्षित वर्गमा पनि निम्न कुरालाई प्राथमिकतामा राखेर छनौट गर्नुपर्नेछः**

(क) कमजोर आर्थिक अवस्था भएका

(ख) घरपरिवारभित्रका सदस्यहरूको पनि रोजगारी नभएका

(ग) चल्ला हुर्काउने खोर भएका

(घ) चल्ला स्याहार गर्न सक्ने परिवार

(ङ) यस भन्दा अगाडि यस्ता प्रकारका कार्यक्रममा सहभागी नभएका परिवार

(च) कार्यक्रमको बजेट अनुसार कम्तीमा ४ हप्ता पूरा गरेका चल्ला प्रति कृषकलाई १० देखि २५ वटा सम्म पूर्ण अनुदानमा वितरण गर्न सकिनेछ।

**(३) आर्थिक पक्षः**

(क) संस्थागत आबद्धता नभएका छुट्टाछुट्टै कृषकहरूलाई वितरण गरिने चल्ला खरिद सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको पशुसेवा शाखाबाट गरिनेछ।

(ख) संस्थागत रूपमा समूह बनाएर सम्झौता समेत गरिएको अवस्थामा चल्लाको खरिद सम्बन्धित समूहबाट पनि गर्न सकिनेछ।

(ग) चल्ला खरिद गर्ने संस्थाले तुलनात्मक मूल्य र प्राविधिक पक्षलाई समेत ध्यानमा राखेर खरिद गर्नुपर्नेछ।

## ४८. कार्यक्रमको नामः लागत साझेदारीमा घरपालुवा कुकुर बन्ध्याकरण

(१) **परिचयः** घरमा पालेका कुकुरहरू पनि सामुदायिक कुकुरसँग प्रजनन भई संख्या वृद्धि हुने, घरपालुवा कुकुरले सन्तान जन्माएपछि सडकमा छाडिदिने, सडक दुर्घटनाको कारक पनि बन्न सक्ने, र कुकुरको संख्या बढ्नाले जुनोटिक रोगको महामारी समेत फैलन सक्ने भएकोले लागत साझेदारीमा रजिष्ट्रेशन गरिएका घरपालुवा कुकुरको बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ।

(२) **प्राविधिक पक्ष एवम् सञ्चालन प्रक्रिया**

(क) लागत साझेदारीमा घरपालुवा कुकुरको बन्ध्याकरण गराउन इच्छुक व्यक्तिबाट सूचना मार्फत माग सङ्कलन गरिनेछ।

(ख) बन्ध्याकरण कार्यको लागि गुणस्तरीय र आर्थिक पक्षलाई समेत ध्यानमा राखेर बन्ध्याकरण गराउन सूचना मार्फत दर्ता वाला संस्थासँग प्रस्ताव आह्वान गरिनेछ।

(ग) छनौटमा परेको संस्थासँग सम्झौता गरी बन्ध्याकरण कार्य सञ्चालन गरिनेछ।

(घ) नगरपालिकाले तोकेको मिति र स्थानमा शिविर सञ्चालन गरी बन्ध्याकरण कार्य गरिनेछ।

(ङ) शिविर सम्म कुकुर ल्याउने र लैजाने कार्य घरधनी स्वयमले गर्नु पर्ने छ।

(च) प्रतिस्पर्धात्मक विधिबाट नगरपालिकाले छनौट गरी बन्ध्याकरणको लागि तोकिएको मूल्यको ५०% रकम स्वयम् कुकुर धनीले नगरपालिकाले तोकेको बैंकको खातामा जम्मा गर्नुपर्दछ।

(छ) भाले कुकुर र पोथी कुकुरको बन्ध्याकरणको रकम नगरपालिकाले निर्धारण गर्नेछ।

(ज) बन्ध्याकरण कार्यक्रममा खटिने प्राविधिक जनशक्ति, औषधी, ओपरेसनसङ्ग सम्बन्धित सामग्री, एन्टिबायोटिक, औजार, उपकरण, लगायतका आवश्यक कुराहरू बन्ध्याकरणको पूर्ण प्पाकेज भनी मूल्य निर्धारण गरिनेछ।

(झ) कुकुरको बन्ध्याकरण पछि यदि इन्फेक्सन लगायतको समस्याहरूमा थप उपचार गर्नुपर्ने अवस्थामा आएमा त्यसमा प्रयोग हुने एन्टिवायोटिक औषधी उपकरण र उपचार सामग्री घर धनीले आफैले गर्नु पर्नेछ भने । प्राविधिक पक्ष तोकिएको संस्थाले निःशुल्क उपलब्ध गराउनु पर्नेछ।

(ञ) कुकुरको बन्ध्याकरण गरिएको विवरणहरू पशु सेवा शाखाले आध्यावधिक गरी राख्नु पर्नेछ।

**(३) आर्थिक पक्ष**

(क) बन्ध्याकरण गर्ने संस्था र नगरपालिका बिच भएको सम्झौता बमोजिम बन्ध्याकरण भएका भाले कुकुर र पोथी कुकुरको जम्मा संख्याको आधारमा हुने रकम बजेटको परिधिभित्र रहेर नगरपालिकाले भुक्तानी गर्ने छ।

(ख) भुक्तानी लिनका लागि बन्ध्याकरण गर्ने संस्थाले बन्ध्याकरणको विवरण सहितको प्रतिवेदन र पशु सेवा शाखाले तयार पारेको अनुगमन प्रतिवेदनका आधारमा भुक्तानी गरिनेछ।

**४९. कार्यक्रमको नामः संक्रामक रोग विरुद्ध खोप तथा खोप सामग्री खरिद**

**(१) परिचयः** कृषकहरूले पालेका पशुपन्छीहरूमा समय-समयमा महामारीजन्य र संक्रामक रोगहरूले पशुपन्छीको स्वास्थ्य बिगार्ने, बिरामी हुने, मृत्यु हुने तथा कतिपय रोगहरू मानिसमा पनि सरेर मानिसको स्वास्थ्यमा समेत प्रतिकूल असर पार्ने हुँदा यस्ता प्रकारका रोगबाट पशुपन्छीलाई जोगाउन रोग लाग्नु पूर्व नै कृषकले पालेका पशुहरूमा निःशुल्क खोप लगाएर सङ्क्रामक रोगहरूबाट बचाउन यो कार्यक्रम सञ्चालन गरिनेछ।

**(२) सञ्चालन प्रक्रिया**

(क) पशुपन्छीमा कुन खोप लगाउने भनी पशु सेवा शाखाले तय गर्नुपर्दछ।

(ख) खोप लगाउनु पूर्व खोपको योजना तयार गर्नुपर्दछ।

(ग) आवश्यक खोपको उपलब्धताको बारेमा जानकारी लिनु पर्दछ।

(घ) प्राविधिक दृष्टिकोणबाट उपयुक्त र गुणस्तरिय रहेको खोप खरिद गर्नुपर्दछ।

(ङ) खोप खरिद भएपछि भण्डारण र खोप लगाउने स्थानसम्म चिस्यानको प्रबन्ध मिलाउनु पर्दछ।

(च) खोप लगाउन, क्षेत्र अनुसार टोली प्रमुख, भ्याक्सिनेटरहरू प्रयोग गरी खोप लगाउनु पर्नेछ।

(छ) खोपमा खटिने टोली प्रमुख र खोपकर्ताहरूलाई नियम अनुसारको सेवा सुविधा उपलब्ध गराउनु पर्दछ।

(ज) खोप सञ्चालनको जानकारी सूचना मार्फत गरिनेछ।

(झ) पशुपन्छीका सङ्क्रामक रोगहरू लम्पी स्किन रोग, भ्यागुते, चरचरे, पड्के, खोरेत, अफ्रिकन स्वउन फिबर, स्वाइन फिबर, रेबिज, पि.पि.आर., गम्बरो, मरेक्स, रानीखेत, लिची रोग र अन्य कुनै रोग देखिने शंका भएमा यस्ता रोग विरुद्ध खोप लगाउन खोपको साथमा प्रयोग हुने सामग्रीहरूको व्यवस्थापन गर्नु पर्दछ।

**(३) आर्थिक पक्ष**

(क) आवश्यक परेको खोप गुणस्तर र प्राविधिक पक्षलाई ध्यानमा राखी खोप खरिद गर्नु पर्दछ।

(ख) खोपको साथमा प्रयोग हुने कुलबक्स, माक्स, पन्जा, गमबुट, कटन, स्प्रिट, सेनिटाइजर, सिरिन्ज, अटो सिरिन्ज, खोप कार्ड, सामग्री बोक्ने ब्याग, आदि सामग्री खरिद गर्न सकिनेछ।

## ५०. कार्यक्रमको नामः महामारीजन्य रोग नियन्त्रण तथा सर्भिलेन्स कार्यक्रम

**(१) परिचयः** कृषकले पालेका पशुपन्छीहरूमा समय-समयमा लम्पी स्किन रोग, भ्यागुते, चरचरे, पड्के, खोरेत, अफ्रिकन स्वाइन फिबर, स्वाइन

फिबर, रेबिज, पि.पि.आर., गम्बरो, बर्ड फ्लु, मरेक्स, रानीखेत, लिची रोग लगायतका विभिन्न रोगहरू महामारीका रूपमा फैलिने गर्दछ। यस्ता रोगहरूलाई नियन्त्रण गर्न खोप कार्य, उपचार, जनचेतनाको लागि प्रचार प्रसार, नमूना सङ्कलन र सम्प्रेषण, सेरो टेस्टिङ, डिस्पोजको व्यवस्था, जैविक सुरक्षाका लागि डिसइन्फेक्टेन्ट छर्ने, आदि कार्य गरी महामारीजन्य रोगहरूको नियन्त्रण गरिनेछ।

**(२) सञ्चालन तथा प्राविधिक पक्ष**

(क) रोग महामारी फैलिएको सूचना संङ्कलन गरी रोग फैलिएको ठाँउबाट नमूना सङ्कलन गरिने छ ।

(ख) नमूना जाँच गराउनु पर्नेछ।

(ग) रोगबारे जानकारी दिन र नियन्त्रणका उपायबारे सचेत गराउन प्रचार प्रसारको कार्य गरिनेछ।

(घ) महामारीको रूपमा फैलिएको र डिस्पोज गरी हाल्नुपर्ने रोगको नियन्त्रण गर्न विशेषज्ञहरूको समेत सहयोग लिएर तुरुन्त डिस्पोजको व्यवस्था मिलाउनु पर्नेछ।

(ङ) रोग फैलिएको क्षेत्रमा डिसइन्फेक्टेन्ट औषधीहरू छर्नु पर्नेछ।

(च) रोगलाई नियन्त्रणमा लिन रिङ भ्याक्सिनेसन र खोपको कार्य सञ्चालन गरिनेछ।

(छ) बिरामी पशुपन्छीलाई उपचारको व्यवस्था गरिनेछ।

(ज) खोपको प्रयोग गर्नु पूर्व वा खोप लगाई सकेपछि नमूना सङ्कलन गरी सेरोटेस्ट मार्फत प्रतिरोधात्मक क्षमताको अध्ययन गर्न सकिनेछ।

(झ) रोग र महामारीको प्रकृति अनुसार समय-समयमा प्रतिवेदन पेश गर्नु पर्दछ।

**(३) आर्थिक पक्ष**

(क) महामारीजन्य रोग नियन्त्रण गर्न खोप तथा खोप सामग्रीहरू, डिसइन्फेक्ट गर्ने औषधीहरू, नमूना सङ्कलन र सम्प्रेषणका सामानहरू, रोगको उपचारसँग सम्बन्धित औषधीहरू,

(ख) महामारी नियन्त्रणमा खटिने प्राविधिकले प्रयोग गर्नुपर्ने सुरक्षा सम्बन्धी सामग्रीहरू,

(ग) जनचेतना अभिवृद्धिका लागि प्रचार प्रसारका सामग्रीहरू,

(घ) डिस्पोज गर्नुपर्ने भएमा डिस्पोज गर्न आवश्यक क्रियाकलाप र सामग्रीहरू

(ङ) रोग नियन्त्रणमा खटिने प्राविधिकको यातायात, खाना, खाजा, पानी, भत्ता, आवश्यक ढुवानी,

(च) विशेषज्ञ प्रयोग गर्नुपर्ने भएमा नियमानुसारको भत्ता लगायतको विषयमा खर्च गरी रोग महामारी नियन्त्रण गर्नुपर्दछ।

## परिच्छेद ४

## विविध

५१. **दोहोरोपन हुन नदिनेः** कार्यक्रमलाई प्रभावकारी बनाउन अन्य सरकारी निकायहरु (संघ, प्रदेश र अन्य गैरसरकारी संस्थाहरु) बाट कार्यान्वयन हुने कार्यक्रममा दोहोरोपन हुन नदिने गरि कार्यक्रम संचालन गरिनेछ ।

५२. **संशोधन र खारेजीः** यस कार्यविधिलाई नगरकार्यपालिकाले आवश्यकता अनुसार संशोधन र खारेजी गर्न सक्नेछ ।

५३. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिमा कुनै अस्पष्ट एवं द्विविधा उत्पन्न भएमा आवश्यकता अनुसार नगरकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ र अन्य कुराहरु प्रचलित नियम कानुन अनुसार हुने छ ।

**अनुसूची १**

**दफा ७ (१) संग सम्बन्धित**

**प्रस्ताव माग सम्बन्धि सूचनाको ढाँचा**

महालक्ष्मी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ललितपुर

**प्रथम पटक प्रकाशित मिति ....................**

यस महालक्ष्मी नगरपालिका ........................शाखाबाट सञ्चालन हुने आ व .................. को स्वीकृत कार्यक्रम अनुसार ........................कार्यक्रममा सहभागि हुन ........................ यस नगरपालिकाको भित्र **..........................................................**कार्य गरिरहेका इच्छुक कृषक, कृषक समूह, व्यवसायिक कृषि फर्मलाई सूचना प्रकाशित भएको मितिबाट ......... दिन भित्रमा तपशिलको कागजात संलग्न गरि .............................. शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघि आएका र रीत नपुगि पेश भएका आवेदन उपर कुनै कार्यबाही हुने छैन ।

**आवश्यक कागजातहरू**

(१) कृषक समूह र कृषि फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि

(२) कृषक समूहको हकमा कार्यक्रम माग गरेको सम्बन्धि बैठक निर्णयको प्रतिलिपि

(३) कृषक समूह, कृषि फर्म र कृषि सहकारीको हकमा प्यान नं, कर चुक्ता, अडिट प्रमाण पत्रको प्रतिलिपी

(४) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

(५) अनुसूची २ अनुसारको आवेदन फारम

(६) अनुसूची ३ अनुसारको कार्ययोजना

(७) अन्य आवश्यक कागजपत्रहरु

**अनुसूची २**

**दफा ७ (२) संग सम्बन्धित**

**..................... आवेदन पत्र**

मिति ................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
महालक्ष्मी नगरपालिका ललितपुर ।

**विषयः कार्यक्रम सहभागि हुन पाँउ भन्ने बारे ।**

यस नगरपालिकाबाट मिति ............................ गते प्रकाशित सूचना अनुसार .................................... कार्यक्रममा सहभागि हुन पाँऊ भनि तपशिल बमोजिमको कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु । छौं ।

**तपशिल**

**१. कृषक/उद्यमी**

(क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि ।

(ग) किसान परिचयपत्र /उद्यमी दर्ता प्रमाण पत्र प्रतिलिपि ।

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

**२ कृषक समूह /कृषि फर्म/सहकारी**

(क) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी, नविकरण प्रमाण पत्र, प्यान, करचुक्ता तथा कार्यक्रममा सहभागी हुने संस्थाको निर्णय प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि ।

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।)

कृषक/कृषक समूह/फर्म/ /सचिब /प्रोपाइटर

नामः

पदः

ठेगानाः

हस्ताक्षरः

मितिः

संस्थाको छाप

## अनुसूची ३

## दफा ९ (३) संग सम्बन्धित

## कार्यक्रमको संक्षिप्त कार्ययोजना

कृषक, समूह, फर्म, सहकारीको नामः .........................................

सम्पर्क व्यक्तिः..................................सम्पर्क नम्वरः

ठेगानाः महलक्ष्मी नगरपालिका वडा नं. ........... टोलः ....................

कार्यक्रम गरिने स्थानः

कार्य विवरणः

| क स | सञ्चालन गर्ने क्रियाकलापहरु | अपेक्षित अनुदान रु | निजी लगानी रु | जम्मा लगानी रु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

कृषक, समूह, फर्म, सहकारीले न्युनतम अनुदान रकम बरावरको रकम प्रस्तावित योजनामा समावेश गर्नुपर्नेछ ।

१. व्यवसाय, समूह विगत कति वर्षदेखि निरन्तर गरिरहेको हो वर्ष ............ महिना.............

२. वाली लगाएको क्षेत्रफलः

३ लाभन्वित घरधुरीः

४. श्रमको व्यवस्थानः

  क. पारिवारिकः महिला संख्याः ................., पुरुष संख्याः..........

  ख. वाहिरवाटःमहिला संख्याः ................., पुरुष संख्याः ....................

५. उत्पादित वस्तुको वजारः

६. अपेक्षित वार्षिक प्रतिफलः

कृषक/कृषक समूह/फर्म/कृषि सहकारीको तर्फबाट सहि गर्नेको

सही

नामः

मिति

सम्पर्क नं

संस्थाको छाप

## अनुसूची ४

## दफा ९ (२) र (३) संग सम्बन्धित

## ..................... कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

महालक्ष्मी नगरपालिका .................... शाखा मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत .................................... कार्यक्रम संचालन गर्न गोदावरी नगरपालिका, (यस पछि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएको श्री.................................... (यस पछि दोश्रो पक्ष भनिने) बीच कार्यक्रम संचालनका लागि द्विपक्षिय संझौता गरी बुझिलियौं/दियौं ।

### तपशिल

१. दोश्रो पक्षले संझौता भएको मितिले बढिमा .............. भित्र कार्यक्रम सम्पन्न गरि सक्नुपर्नेछ ।

२. पहिलो पक्षले दोश्रो पक्षलाई कार्यविधी अनुसार अनुदानका सामग्री ............................../ लागत साझेदारीको भए रु ..........................मा नबढ्ने गरि नेपाल सरकारको प्रचलित कर कट्टि गरि कार्य सम्पन्न प्रतिवेदन पेश गरिसकेपछि मात्र भुक्तानी हुनेछ ।

३. अनुदान दिईने रकम ..............को ...................बैङ्कको खाता न...............मा भुक्तानी गरिने छ ।

४. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी मापदण्ड बमोजिम आफूले आवेदन गरे अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

५. पहिलो पक्षले कार्य नियमित रुपमा कार्यक्रम सञ्चालन गरे नरेको अनुगमन गर्नेछ । अनुगमनमा आउने टोलीलाई दोश्रो पक्षले अनुगमनमा कुनै बाधा पुर्याउन पाइने छैन । साथै अनुगमनमा दिएका मौखिक लिखित निर्देशन दोश्रो पक्षले पालना गर्नुपर्नेछ ।

६. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

७. संझौतामा उल्लेख भए भन्दा बढी रकम/सामग्री दोश्रो पक्षले दावी गर्न पाउने छैन ।

८. यस संझौतामा उल्लेख भए बाहेकको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

९. कामको प्रकृतिका आधारमा संझौताका बुदाहरु थप गर्न सकिनेछ ।

| **प्रथम पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| महालक्ष्मी नगरपालिकाको तर्फबाट | कृषक वा संस्थाको तर्फवाट |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| सम्पर्क फोन नः | सम्पर्क फोन नः |
| कार्यालयको छापः | संस्थाको छापः |
| रोहवरः | |

**अनुसूची ५**

**दफा ९ (३) संग सम्बन्धित**

**स्वघोषणा/प्रतिबद्धता पत्र**

यस नगरपालिकाको मिति ................. को सूचना अनुसार ....................................... कार्यक्रममा सहभागिताको लागि इच्छुक भइ सो को कार्ययोजना सहितको आवेदा पेश गरेको छु/छौं । उक्त कार्यक्रम छनौट भएमा कार्ययोजनामा भए बमोजिम कार्य गर्नछु र ..... बर्ष सम्म निरन्तरता दिनेछु/छौ । कार्य योजना अनुसारको कार्य नगरेमा वा ..... वर्ष अगावै सो कार्यहरु बन्द गरेमा नगरपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला ।
साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने समेत प्रतिबद्धता व्यक्त गर्दछौं ।

**स्वघोषणाः** मैले/यस समूह/फर्म/कृषि सहकारीले ................................ शीर्षकमा संघीय, प्रदेश सरकार, गोदावरी नगरपालिका वा अन्य कुनै संघसंस्थाबाट अनुदान लिएको छैन ।

कृषक/कृषक समूह/फर्म/कृषि सहकारीको तर्फबाट सहि गर्नेको

सही

नामः

मिति

सम्पर्क नं

संस्थाको छाप

## अनुसूचीः६

## दफा ८(१) संग सम्बन्धित

## मुल्याङ्कनको आधार

| क्र स | फर्म/समूहको नाम | वडा नं | सम्पर्क व्यक्ति मोवाइल नं | मुल्याङ्कनका आधारहरु | | | | | | | | | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | टनेल संख्या/क्षेत्रफल/ पशुपन्छी संख्या | लैंगिक सहभागिता | रोजगारीको सृजना | भौगोलिक एवं प्राविधिक उपलब्धता | कागजातहरु | अनुदान पहुँच भए नभएको | योगदानको प्रतिबद्धता | सृजनात्मकता एवं नविनता | स्थानीय बासिन्दा | उत्पादन तथा बजारीकरणको अवस्था | कार्यअनुभव | |
| | | | | २० | ५ | ५ | १५ | ५ | ५ | ५ | १० | १५ | १० | ५ | १०० |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

**प्रमाणीकरण मितिः २०८१/०६/०६**

**आज्ञाले,**
**प्रदिप पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

**महालक्ष्मी नगरपालिका, ललितपुर**

**मूल्यः रु २५/-** **मुद्रण प्रतिः २००**